


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

बुधबार, असोज २५, २०७४ | Wednesday, October 11, 2017 | www.newsofnepal.com | नेसं ११३७ कौला गा: ६ | वर्ष २३, अंक २६८ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ { तन्नेरीको आकर्षक थलो बन्दै लम्ली हिल
५ { राष्ट्रिय अभिलेखालयको भवन नसार्न हारगुहार
९ { सरकारबाट मन्त्री हटाउन नमिल्ने निष्कर्ष
१० { गौचन हत्याविरुद्ध निर्माण व्यवसायी आन्दोलित

# पैसाको लेनदेन नै मुख्य कारण रहेको आशंका

## १० निर्माण व्यवसायीलाई दिइयो निजी सुरक्षा

दीपक रिजाल, काठमाडौं

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचन हत्याको कारण पैसाको लेनदेन रहेको निष्कर्षमा प्रहरी पुगेको छ। 'गएको असोज ९ गते खोलिएको हुलाकी राजमार्गको १२ अर्बको ठेक्काको रकम वितरणमा देखिएको मनमुटावका कारण हत्या भएको जस्तो देखिन्छ।' -घटनाको अनुसन्धानमा संलग्न एक अधिकृतले *नेपाल समाचारपत्र*लाई बताए।

प्रहरीले उक्त ठेक्का ककसको नाममा परेको र ठेक्काका लागि अध्यक्ष गौचनसँग मोलमोलाइ गर्ने समूहको खोजी गरिरहेको पनि प्रहरीले जानकारी दिएको छ। उक्त हत्याकाण्डपछि प्रहरीले १० वटा टोली बनाएर अनुसन्धान शुरू गरेको छ।

'नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले गौचनको हत्यामा प्रयोग भएको मोटरसाइकल नम्बर पत्ता लगाएको छ। उक्त मोटरसाइकल कसको नाममा रहेको र घटनाका क्रममा कसले प्रयोग गरेको हामी खोजी गरिरहेका छौं।' -घटनाको अनुसन्धान गरिरहेका एक अधिकारीले *नेपाल समाचारपत्र*लाई जानकारी दिए।

प्रहरीले घटना बढी रहस्यमय बन्दै गएपछि प्रहरी प्रधान कार्यालयका प्रहरी नायब महानिरीक्षक गणेश केसीको संयोजकत्वमा गठित अनुसन्धान समितिमा नेपाल प्रहरीको विशेष ब्युरो, केन्द्रीय अनुसन्धान

### गौचन हत्याप्रकरण

ब्युरो, महानगरीय अपराध महाशाखा, महानगरीय प्रहरी परिसर काठमाडौं र प्रहरी प्रधान कार्यालयका अपराध अनुसन्धान विज्ञसहितको टोली रहेका छन्।

प्रहरी प्रधान कार्यालयले सोमबार केन्द्रीय अनुसन्धान ब्युरोका एसएसपी शेरबहादुर बस्नेतको संयोजकत्वमा गठित छानविन समिति बनाएको भोलिपल्टै डीआईजीको नेतृत्वमा अर्को समिति गठन गरेको हो। प्रहरीले राजधानीलगायत देशका मुख्य शहरमा गौचनको हत्यामा संलग्नको खोजीलाई तीव्र बनाएको छ। प्रहरीले सोमबार र मंगलबार गरी १ सय २० भन्दा बढी शंकास्पद व्यक्तिलाई पक्राउ गरेको छ। पक्राउ परेकाहरूको विगतको पृष्ठभूमिको खोजी गरिरहेको छ।

प्रहरीले सोमबारको गोलीकाण्डपछि हत्याको जिम्मा लिने समूहमा संलग्न रहेकाको खोजीलाई तीव्र बनाएको छ। प्रहरीले समेश बाहुन समूह, समिरजंग बस्नेत, मनोज पुन र लोप्साङ लामा समूहको खोजीलाई तीव्र बनाएको प्रहरीले जानकारी दिएको छ। निर्माण व्यवसायी समितिका अध्यक्ष गौचनको हत्यापछि निर्माण व्यवसायीहरूले आफूहरू असुरक्षित भएको भन्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका छन्।

सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालय काठमाडौंमा ८ जन, ललितपुर र भक्तपुरमा १/१ जनाले निवेदन दिएको र उनीहरूलाई सुरक्षाकर्मी उपलब्ध गराइसकेको प्रहरीले जानकारी दिएको छ।

सुरक्षाकर्मी उपलब्ध गराइएका निर्माण व्यवसायीहरू पूर्वअध्यक्षहरू जीप छिरिङ लामा, शकुन्तला हिराचन छन्।

(क्रमशः पृष्ठ ९ मा)

# निर्वाचन सार्ने कसरत !

◆ अप्रिय निर्णय नगर्न आयोगको आग्रह ◆ देशभरका मुख्य निर्वाचन अधिकृत धुलिखेलमा

नेपाल समाचारपत्र
काठमाडौं

राजनीतिक ध्रुवीकरण बढ्दै गएपछि आगामी मंसिर १० र २१ गतेका तय गरिएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सर्न सक्ने चर्चा जोडतोडले चलेको छ। सरकार र राजनीतिक दलका नेताको अभिव्यक्ति सुन्दा यो चर्चा निराधार भनेर बेवास्ता गर्न सक्ने अवस्था नरहेको विश्लेषकहरू बताउँछन्।

निर्वाचन आयोगलेसमेत यस विषयमा मुख खोलेपछि कतै निर्वाचन सार्ने कसरत भइरहेको हो कि भन्ने भान जनमानसमा परेको छ। चुनाव सार्ने हल्लाप्रति आयोगको ध्यानाकर्षण भएको भन्दै प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले आगामी मंसिरमा हुने निर्वाचनलाई अप्रिय हुने कुनै निर्णय नगर्न सरकारसँग आग्रह गर्नुभएको छ।

विगतमा स्थानीय तहको निर्वाचन पनि पटक-पटक सारेको भन्दै उहाँले अस्थिर राजनीतिको सिकार सर्वसाधारण मतदाता हुन नहुने धारणा राख्नुभयो। धुलिखेलमा आयोजित प्रमुख निर्वाचन अधिकृतको तालिमको उद्घाटन गर्दै उहाँले सो आग्रह गर्नुभएको हो।

'निर्वाचनको मिति जति नजिकिँदै आइरहेको छ, राजनीतिले हामीलाई त्यति नै अप्ठेरो महसुस गराइरहेको छ। के हुन्छ भन्ने अन्योलता उत्पन्न भएको छ। निर्वाचनको मुखमा आएर अप्रिय किसिमको निर्णय भएमा आयोगको काम कारबाहीमा अप्ठ्यारो हुन्छ।' -उहाँले भन्नुभयो।

प्रमुख निर्वाचन आयुक्त डा. यादवले कानुन, नियम र निर्देशिकालाई अन्तिम रूप दिइसकिएकाले कहीं कतैबाट पनि निर्वाचनमा कुनै किसिमको व्यवधान आउन नहुने बताउनुभयो।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकै पटक दुई चरणमा गर्ने काम निकै कठिन र चुनौतीपूर्ण रहे पनि त्यसलाई स्वीकारेर आयोग अघि बढिरहेको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## चुनाव मिति दायाँबायाँ नगर्न एमालेको चेतावनी

काठमाडौं, (नेस)

प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले आगामी मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मिति कुनै पनि हालतमा नसार्न चेतावनी दिएको छ।

एमालेले देशभर निर्वाचनका लागि उम्मेदवार सिफारिसको क्रम बढेर कार्यतालिकासमेत सार्वजनिक भएको अवस्थामा निर्वाचनको मिति परिवर्तन गर्ने खेल नखेल्ने चेतावनी दिएको हो।

(क्रमशः पृष्ठ ९ मा)




## धरहरा पुनर्निर्माण गर्न अघि सऱ्यो प्राधिकरण

जयकुमार महर्जन, काठमाडौं

विनाशकारी भूकम्पमा परी ध्वस्त भएको धरहराको पुनर्निर्माण राष्ट्रिय पुनर्निर्माण प्राधिकरण आफैले गर्न पहल शुरू गरेको छ।

भूकम्पले विनाश गरेको दुई वर्षपछि प्राधिकरण आफैले पुनर्निर्माण गर्न अघि सरेको हो। धरहरा पुनर्निर्माणका मुख्य साझेदारका रूपमा रहेको नेपाल टेलिकम उक्त योजनाबाट बाहिरिएपछि प्राधिकरण आफै पुनर्निर्माण गर्नका लागि अगाडि बढेको हो।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. गोविन्दराज जोशीले नेपाल टेलिकमले धरहरा पुनर्निर्माण योजनाबाट हात झिकेपछि केकसरी धरहरा बनाउने भन्ने प्रस्ताव तयारी पारी छलफलका लागि मन्त्रिपरिषद्मा पठाएको *नेपाल समाचारपत्र*लाई बताउनुभयो। उहाँले मन्त्रिपरिषद्ले निर्णय गरेपछि प्राधिकरण आफैले वा सरकारले तोकेको कुनै निकायसँग समन्वय गरी धरहरा पुनर्निर्माणको कामलाई अगाडि बढाउने बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# अनुगमन देखावटी मात्रै

प्रशान्त वली, काठमाडौं

सरकारका तर्फबाट चाडपर्व लक्षित बजार अनुगमन हुने गरे पनि अनुगमन केबल देखावटी हुने गरेको छ। अघिपछि बजार अनुगमन हप्तामा एक पटक हुने र चाडपर्व नजिकिँदै गर्दा दैनिक टोली नै खटाएर सरकारी निकायबाट अनुगमनलाई औपचारिकता दिँदा अनुगमन उपलब्धिमूलक हुन नसकेकको उपभोक्तावादी संस्थाले गुनासो गर्न थालेका छन्।

चाडपर्वको समयमा दैनिक चारवटा टोली बनाएर अनुगमनलाई तीव्र पारिएको आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले बताएको छ।

विभागका अनुसार दैनिक चारवटा टोलीले ५० वटा पसलको अनुगमन गरिरहेको छ। सरकारले बजार अनुगमनलाई प्रभावकारी बनाए पनि गुणात्मक भने हुन सकेको छैन। दैनिकजसो बजार अनुगमन हुने गरे पनि कारबाही हुन नसक्दा अनुगमन औपचारिकतामा सीमित भएको उपभोक्तावादी संस्थाहरूले आरोप लगाउने गरेका छन्।

असोज तेस्रो सातादेखि कात्तिक ३ गतेसम्म विशेष अनुगमन हुने विभागले जानकारी दिएको छ। आउँदै गरेको तिहारलाई लक्षित गर्दै खाद्यान्न, मिठाई, तेल र लत्ताकपडामा विभागले अनुगमन शुरू गरेको हो।

अनुगमनमा विभिन्न क्षेत्रका लागि चारवटा टोली खटाइएको विभागका अनुगमन शाखा अधिकृत ढुण्डीराज पोख्रेलले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। चाडपर्वको अवसरमा अखाद्य वस्तु विक्री हुने, अधिकतम मूल्यभन्दा बढी मूल्य लिनेजस्ता क्रियाकलापबाट उपभोक्ता मारमा पर्ने गरेको भन्दै अनुगमन शुरू गरिएको बताइएको छ। हरेक वर्ष चाडपर्वलाई लक्षित गर्दै विभागले बजार अनुगमनलाई तीव्रता दिए पनि कारबाही भने फितलो हुने गरेको छ।

अनुगमनका क्रममा व्यापारीले सामान विक्री र खरिदका नाममा भ्याट छली गर्ने गरेको खुलासा भएको छ।

विशेष अनुगमनका क्रममा व्यापारीले सामान किनबेचमा बिलमा धेरै अन्तर पर्ने गरेको छ। बानेश्वरस्थित एक फेन्सी पसलमा एक भेस्टको १ हजार ३ सय ४० रुपियाँ ट्याग राखिएको र सो भेस्टलाई विक्री बिलमा भने १ सय ४० रुपियाँ चढाइएको पाइएको छ।

फेन्सी कपडा पसल दर्ता नगरेको, ट्याग नलगाएको सामग्री विक्री गर्ने गरेको, कपडाको विक्री र खरिद मूल्यको अन्तर धेरै भएको अनुगमनका क्रममा भेटिएको थियो।

अनुगमनको नेतृत्व गर्नुभएका विभागका योजना अधिकृत पोख्रेलले भन्नुभयो- 'केही व्यापारीले भ्याट बिलमा गडबडी गरेको पाइयो। जसकारण भ्याट छली भइरहेको छ। हामीले व्यापारीलाई मापदण्डमा रहेर व्यवसाय सञ्चालन गर्न आग्रह गरेका छौं। दर्ता नभएका पसललाई ७ दिनमा व्यवसाय दर्ता गरी विभागमा आउन निर्देशन दिएका छौं।'

विभागले बजार अनुगमलाई तीव्र बनाए पनि व्यापारीले उपभोक्तालाई सहज तरिकाले सेवा प्रवाह नगर्ने गरेको उपभोक्ताको गुनासो छ। विभागका निर्देशक लक्ष्मण श्रेष्ठले भन्नुभयो- 'सहज तरीकाले उपभोक्ताले सामान खरिद गर्न पाऊन् भनेर अनुगमन जारी राखेका हौं। गुणस्तरीय सामान किन्न पाउनु उपभोक्ताको दायित्व हो।'

विशेषतः मूल्य सूची, साइनबोर्ड, व्यवसाय दर्ता, नवीकरण नापतौलको प्रमाण, म्यादलगायतका विषयमा केन्द्रित रहेर अनुगमन गरिएको विभागले जनाएको छ।

# महानगर

बेनीदेखि आधा घण्टाको दूरीमा रहेको लभ्ली हिलबाट बेनीबजार, गलेश्वर, पौलस्त्य आश्रम, पुलाचौर, भकिम्लीको स्वर्गाश्रम, पर्वत बेनी र मल्लाजलगायतका क्षेत्रहरू देख्न सकिन्छ भने संसारको सातौं अग्लो चुचुरो धौलागिरी, अन्नपूर्ण हिमाल तथा सूर्योदय र सूर्यास्तसमेत अवलोकन गर्न पाइन्छ।



## तन्नेरीको आकर्षक थलो बन्दै 'लभ्ली हिल'









प्रताप बानियाँ, म्याग्दी

'मायालु डाँडा' अर्थात् लभ्लीहिलका नामले चर्चित पर्यटकीयस्थल लभ्ली हिलमा हिजोआज तन्नेरीको भीड लाग्न थालेको छ। म्याग्दीको बेनी नगरपालिका-२ खबरास्थित रहेको लभ्ली हिलमा पछिल्लो समय युवायुवती आकर्षण बढ्दै गएको हो। साविकको ज्यामरुककोट गाविसमा पर्ने खबरा गाउँनजिकै रहेको पुरानो नाम 'खाराको डाँडो' अहिले 'लभ्ली हिल' बन्न पुगेको छ।

म्याग्दी सदरमुकाम बेनीबजारदेखि नजिकमा रहेको पर्यटकीय गन्तव्यको सम्भावना बोकेको लभ्ली हिलमा अहिले दिनहुँजसो सयौंको संख्यामा आन्तरिक पर्यटकको चहलपहल बढेको छ। स-साना बालबालिकादेखि पाका उमेरका मानिस लभ्ली हिलमा पुग्ने गरेका छन्। 'लभ्ली हिल' को डिलबाट सुन्दर र आकर्षक देखिने बेनीबजारलाई पिठ्युँमा पारेर फोटो खिच्न खास गरी तन्नेरीहरु पुग्छन्। 'लभ्ली हिल' बाट बेनीबजार, कालीगण्डकी र म्याग्दीखोला, सदरमुकाम आसपासका अन्य क्षेत्र निकै आकर्षक र मनमोहक देखिन्छन्।

लभ्ली हिलबाट चारैतिरको दृश्य अवलोकन गर्न सकिने र गर्मीयाममा शितलको खोजीमा मानिस आउने गरेको स्थानीयको भनाइ छ। विगतका समयमा केही सीमित मानिस पुग्ने ठाउँ पछिल्लोपटक लभ्ली हिल बनेपछि समूह-समूह बनाएर दैनिकरूपमा युवा पुस्ता पुग्ने गरेका छन्। सामान्य समयमा समेत लभ्ली हिलमा मानिसको उपस्थिति देखिन्छ भने बिदाको समय र शनिबारको दिनमा त झन् भीडै लाग्ने गरेको छ। प्राय: कलेज उमेरका युवायुवती लभ्ली हिलमा देखिन्छन्।

लभ्ली हिलबाट वरपरको दृश्य राम्रो देखिने भएको हुँदा लभ्ली हिलको डिलमा मानिसको सुरक्षाका लागि तारजाली लगाउनुपर्ने आवश्यकता रहेको लभ्ली हिल घुम्न पुगेका म्याग्दी बहुमुखी क्याम्पसका प्राध्यापक गोविन्द शर्माले बताउनुभयो। पूर्वाधार निर्माणसँगै पछिल्लो समय पर्यटकीय तथा रमणीयस्थल लभ्ली हिल पर्यटक आकर्षणको केन्द्र बनेको छ। खबरामा रहेको 'लभ्ली हिल' आन्तरिक र बाह्य पर्यटकका लागि मुख्य आकर्षणको केन्द्र बन्दै जान थालेको हो।

खास गरी युवायुवतीका लागि 'डेटिङ स्पोट' का रूपमा परिचित लभ्ली हिल अहिले विभिन्न जिल्लाबाट म्याग्दीको बेनीबजारमा आउने आन्तरिक पर्यटकका लागि पनि आकर्षक गन्तव्यस्थल बनेको छ। लभ्ली हिलको विकासका लागि उपयुक्त पदमार्गको निर्माण गर्नुपर्ने बेनीका युवा रमेश गिरी बताउनुहुन्छ।

बेनीदेखि आधा घण्टाको दूरीमा रहेको लभ्ली हिलबाट बेनीबजार, गलेश्वर, पौलस्त्य आश्रम, पुलाचौर, भकिम्लीको स्वर्गाश्रम, पर्वत बेनी र मल्लाजलगायतका क्षेत्रहरु देख्न सकिन्छ। यसै गरी म्याग्दी जिल्लाको अधिकांश भू-भागका साथै उत्तरी पर्वतको जलजला गाउँपालिकासहित संसारको सातौं अग्लो चुचुरो धौलागिरी, अन्नपूर्ण हिमाल तथा सूर्योदय र सूर्यास्तको समेत अवलोकन गर्न पाइन्छ। बेनीबजार आसपासका क्षेत्रबाट बग्ने म्याग्दी र कालीगण्डकी नदीको बहावलगायत आकर्षक दृश्यको अवलोकन गर्न सकिन्छ।

केही वर्षयता दैनिकजसो समूह बनाएर घुम्न जाने स्थानमा परेको लभ्ली हिललाई आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरी पर्यटकीय गन्तव्य बनाउनुपर्ने जिल्लाका पर्यटन व्यवसायीहरुले माग गरेका छन्। लभ्ली हिल पुग्नका लागि पदमार्ग, रेस्टुरेन्ट, भ्यु टावर, स्विमिङ पुललगायत बालबालिकादेखि वृद्धवृद्धासम्मलाई रमाउनेस्थलका रूपमा स्थापित गर्न सकेको खण्डमा पर्यटन व्यवसायसमेत फस्टाउने सम्भावना रहेको छ।

लभ्ली हिलमा गत आर्थिक वर्ष २०७३/०७४ मा पर्यटन कार्यालय पोखरा, बेनी नगरपालिकाको आर्थिक सहयोग र स्थानीयबासीको श्रमदानमा भौतिक पूर्वाधारको विस्तार गरिएको 'लभ हिल' पर्यटन पूर्वाधार विकास उपभोक्ता समितिले जनाएको छ। कुल १२ लाखको लागतमा लभ्ली हिलमा गोलघर (भ्यु प्वाइन्ट), रेलिङ र बस्नका लागि आरामदायी बेन्चलगायतका पूर्वाधारहरुको निर्माण गरेसँगै त्यहाँ पुग्ने पर्यटकको संख्यामा वृद्धि भएको छ।

## नेपाल पत्रकार महासंघमा ११ सय ९५ दिन

चिरञ्जीवी मास्के

**०७१ वैशाख २२,**

पत्रकारिता शुरु गरेको झण्डै २५ वर्षपछि नेपाल पत्रकार महासंघको केन्द्रीय सदस्यमा निर्वाचित भएको थिएँ। उत्साह, खुसी, जोश र योजनाका साथ पहिलो बैठकमा सहभागी भएँ। दोस्रो, तेस्रो, चौथो, पाँचौं... बैठकहरु बढ्दै गए तर मेरो उत्साह, खुसी, जोश र योजना बढ्न सकेन।

**०७४ भदौ १ गते,**

चौधौं बैठकबाट महासंघको केन्द्रीय सदस्यको रूपमा बिदा हुँदा न उत्साह, न खुसी, न जोश न योजना नै थियो, थियो त केवल शिथिलता मात्र। काम गर्न नसकेको शिथिलता। त्यसो त डा. महेन्द्र विष्ट नेतृत्वमा नेपाल पत्रकार महासंघले व्यवसायिक तथा श्रमजीवी पत्रकारको पक्षमा केही महत्त्वपूर्ण काम गरेको छ र केही महत्त्वपूर्ण उपलब्धि पनि हासिल गरेको छ। तर, त्यसमा केन्द्रीय सदस्यको रूपमा मेरो भूमिका कति थियो भन्ने कुरामा म आफैं स्पष्ट छैन। किनभने महासंघको अहिलेको संरचनामा केही केन्द्रीय सदस्यलाई संयोजक र सहसंयोजकको रूपमा वर्गीकरण त गरिएको छ तर काम छैन। आफैंले काम गर्न खोजियो भने पनि विभिन्न कारणले अवरोध मात्र हुन्छ।

### डा. विष्ट नेतृत्वको महासंघले गरेको काम

डा. महेन्द्र विष्ट नेतृत्वको नेपाल पत्रकार महासंघले शिव गाउँलेको पालोमा निर्माण भएको भव्य भवनलाई करिब करिब पूर्णता दिने काम गर्‍यो, सरकारसँग मिलेर पत्रकारको दुर्घटना बीमा शुरु गर्‍यो, श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्ने क्रममा पत्रकारको न्यूनतम पारिश्रमिक तोक्ने र सोअनुसारको पारिश्रमिक उपलब्ध गराउन विभिन्न मिडिया हाउससँग समन्वय गर्ने काम गर्‍यो, निश्चित अवधि काम गरेका जेष्ठ पत्रकारहरुलाई सम्मानस्वरूप मासिक १ हजार भत्ता दिने निर्णय गर्‍यो। उल्लेखित कामहरु महासंघले गरेको अहिलेसम्मकै सबैभन्दा महत्त्वपूर्ण काम हो भन्न पाउँदा त्यतिबेलाको केन्द्रीय सदस्य भएको नाताले भूमिका विहीन नै भए पनि निक्कै खुसी लाग्दछ।

तर, महासंघ संस्थागत हिसाबले अगाडि बढ्न सकेको भए र केन्द्रीय पदाधिकारी तथा सदस्यहरुले योग्यता, क्षमता र आवश्यकताअनुसार जिम्मेवारी र अवसर प्राप्त गर्न सकेको भए महासंघले गरेको कामको पारो अझ उकालो लाग्न सक्थ्यो भन्ने लागेको छ।

### केन्द्रीय सदस्यलाई जिम्मेवारी नै छैन

नेपाल पत्रकार महासंघमा केन्द्रीय सदस्यको संख्या जम्बो छ। क्षेत्र (अहिले प्रदेश), एसोसिएट, प्रतिष्ठान, उपत्यका, खुला, जनजाति, महिला, दलित, मधेसी, अल्पसंख्यक गरी झण्डै तीन दर्जन केन्द्रीय सदस्य हुन्छन्। तर, जिम्मेवारी भने केही हुँदैन। प्रदेश सदस्यहरुले आफ्नो प्रदेशभित्रका महासंघ जिल्ला शाखाहरुलाई सञ्चालन गर्नसमेत खासै स्वतन्त्र ढंगले काम गर्न सक्दैनन्। एउटा दु:खद अनुभव छ। केन्द्रीय सदस्य शीतल महतो र मैले नेपाल पत्रकार महासंघ मध्यमाञ्चलको तर्फबाट एउटा स्मारिका प्रकाशन गर्ने योजना बनाएका थियौं। मध्यमाञ्चलमा पर्ने १६ जिल्लाका शाखा अध्यक्षहरु पनि त्यसमा सहमत थिए। तर, आर्थिक संकलनका लागि खाता सञ्चालन कसरी र कसको नाममा गर्ने भन्ने अन्योलकै बीच हाम्रो कार्यकाल समाप्त भयो। यो प्रसंग मैले किन उल्लेख गरेको हुँ भने नेपाल पत्रकार महासंघमा केन्द्रीय सदस्य यति निरीह छन् कि उनीहरुको न कुनै अधिकार छ, न कुनै हैसियत नै।



### तै पनि केही काम भए

केन्द्रीय सदस्यको भूमिका र अधिकार नभए पनि मध्यमाञ्चल संयोजक शीतल महतो र मैले केही सकारात्मक कामको शुरुआत गरेका छौं। जसको निरन्तरता र अनुशरणले महासंघको संस्थागत विकासमा महत्त्वपूर्ण टेवा पुग्न सक्छ जस्तो लाग्छ। मध्यमाञ्चलमा कहिल्यै बैठक तथा कार्यक्रमहरु नभएको अवस्थामा हामीले चार वटा बैठक सञ्चालन गर्‍यौं। बाराको गढीमाई, चितवनको सौराहा, सर्लाहीको लालबन्दी र धादिङको धादिङबेंसीमा। महासंघको जिल्ला शाखाको आयोजनामा भएको ती बैठकहरुले निक्कै महत्त्वपूर्ण निर्णय गरेका छन्। मध्यमाञ्चलबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सभापतिहरुको सम्मान, मध्यमाञ्चलका अग्रज पत्रकार, लेखकको सम्मान, विभिन्न महत्त्वपूर्ण प्रस्तावहरु पारित जस्ता काम भएका छन्। मध्यमाञ्चल संयोजक शीतल महतो अहिले मधेसी कोटाबाट महासंघको केन्द्रीय सचिव बनेका छन्। अपेक्षा गरौं उनले महासंघको संस्थागत विकासका लागि केन्द्रीय सदस्यहरुलाई पनि जिम्मेवारी दिने परिपाटीको शुरुआत गर्न आवाज उठाउने छन्।

### नयाँ संरचना, सकारात्मक अपेक्षा

मुलुक संघीय संरचनामा गएपछि नेपाल पत्रकार महासंघले पनि आफ्नो सांगठानिक संरचनालाई संघीय बनाएको छ। विगतमा क्षेत्रको हिसाबले ५ क्षेत्रबाट केन्द्रीय सदस्य निर्वाचित हुने गरेकोमा अहिले प्रदेशको हिसाबले ७ प्रदेशबाट केन्द्रीय सदस्य निर्वाचित हुन्छन्। प्रदेशमा छुट्टै महासंघको संरचना रहन्छ। जुन जिल्ला शाखाभन्दा माथि हुन्छ।

तर, अहिले पनि केन्द्रीय सदस्यको भूमिका भने स्पष्ट पारिएको छैन। प्रदेशबाट निर्वाचित केन्द्रीय सदस्यको वैधानिक भूमिका के हुने, महासंघको प्रदेश समितिलाई केन्द्रीय सदस्यले के-के कुरामा निर्देशन गर्न सक्नेजस्ता कुरा स्पष्ट हुनुपर्छ। त्योसँगै अन्य ढंगले प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यहरुको भूमिका र अधिकारको बारेमा पनि विधानत स्पष्ट हुनु जरुरी छ।

### मिडिया र मिडियाकर्मी

महासंघको केन्द्रीय सदस्य भएर १४ वटा बैठकमा सहभागी हुँदा म स्पष्ट नभएको र मैले स्पष्ट बनाउन नसकेको कुरा भनेको मिडियाकर्मीको रोजगारीको सुरक्षाका लागि मिडियाको विकास आवश्यक हुन्छ कि हुँदैन भन्ने विषय हो।

श्रमजीवी पत्रकारको मुद्दा उठ्दा मैले जहिले पनि के भनें भने मिडियाको विकासका लागि पनि पत्रकार महासंघले आवाज उठाउनुपर्छ। तर, यो कुरा धेरैलाई उपयुक्त लागेन। मेरो अनुभवमा अध्यक्ष डा. महेन्द्र विष्ट पनि श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनका लागि मिडियोको विकास गर्ने विषय पनि उठाउनुपर्छ भन्ने पक्षमा थिए। तर, उनलाई केही साथीले अप्रत्यक्षरूपमा मालिकको पक्षपोषण गरेको आरोपसमेत लगाए।

मोफसलको पत्रकारितालाई हेर्ने हो भने जो श्रमजीवी पत्रकार छन् उनैले पत्रिका या रेडियो चलाएका छन्। र, मोफसलमा मिडियालाई अहिले पनि उद्योगको रूपमा विकास गर्न सकिएको छैन। यस्तो अवस्थामा नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारको कुरामात्र गरेर मिडियोको विकासमा ध्यान नदिने हो भने कुनै पनि मिडिया हाउसले श्रमजीवी पत्रकार ऐनमा उल्लेख भएअनुसार पारिश्रमिक दिन सक्ने अवस्था रहँदैन। त्यसैले नेपाल पत्रकार महासंघले मिडियोको विकासका लागि विद्युत्मा छुट दिने विषय, मिडियालाई आवश्यक हुने प्रविधि खरिदमा छुट दिने विषय, समानुपातिक ढंगले लोक कल्याणकारी विज्ञापन वितरण गर्ने विषय, मोफसलका कार्यालयहरुले दिने विज्ञापन मोफसलकै पत्रिकामा दिने विषयलाई पनि श्रमजीवी पत्रकारको मुद्दालाई जसरी नै उठाउनु जरुरी हुन्छ। मिडियाको विकास हुन सक्यो भने श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि यति धेरै संघर्ष गरिरहनुपर्छ भन्ने लाग्दैन।

बरु नेपाल पत्रकार महासंघले सरकारी मिडियाहरुले श्रमजीवी पत्रकार ऐनअनुसार पत्रकारलाई सेवा सुविधा दिएका छन् कि छैनन् भनेर अनुगमन गर्नु जरुरी छ। किनभने राजधानीमा निजी लगानिको मिडियाले मात्र हैन सरकारी स्वामित्वमा रहेका मिडियाले समेत श्रमजीवी पत्रकार ऐनअनुसार सेवा सुविधा दिएको छ जस्तो लाग्दैन।

### र अन्तमा, केही रमाइलो प्रसंग

नेपाल पत्रकार महासंघको १४ वटा बैठकमा सहभागी हुँदा केही स्मरणीय प्रसंग र पात्रसमेत भेटिए। अध्यक्ष डा. महेन्द्र विष्टको मन्तव्यसँगै महासंघको बैठक आरम्भ भएर महासचिव उजिर मगरले एजेन्डा तथा प्रतिवेदन प्रस्तुत गरेपछि केही पात्र संयमित तथा आक्रोशित ढंगले आफ्नो प्रतिक्रिया दिन तम्सिहाल्थे। प्रतिक्रियाको हद यतिसम्म हुन्थ्यो कि कुनै बेला त बोल्न आवश्यक नभएको र प्रसंगै नउठेको कुरामा समेत प्रतिक्रिया दिएर अरू साथीलाई समेत दिक्क लगाइदिन्थे।

राजु लामा, दीपेन्द्र कुँवर, रुद्र भट्ट, रामहरि सिलवाल, गणेश लम्सालगायतका केन्द्रीय सदस्य बैठकमा धेरै बोल्नेमा पर्छन्। डा. महेन्द्र विष्टको शालिन प्रस्तुति, उपाध्यक्ष खिलबहादुर भण्डारी र अनिता बिन्दुको भद्रता, महासचिव उजिर मगरको आक्रोश र अडान, सचिव धमेन्द्र कर्णको अंग्रेजी, प्रभात चलाउनीको जुल्फी, ध्रुव लम्सालको चस्मा पनि चर्चाको विषय भएकै हुन्। सचिव संगीता खड्का र कोषाध्यक्ष सूर्यमणि गौतमले पनि कम बोलेरै चर्चा कमाए। लेखा समिति सदस्य दीपक पाण्डेले पनि शुरु-शुरुको बैठकमा अख्तियार बन्ने प्रयत्न नगरेका हैनन् तर उनको दाल गल्ने छाँट नदेखिएपछि पछिल्ला बैठकहरुमा बोल्नै छोडे।

जे होस् विभिन्न विचार समूहबाट प्रतिनिधित्व गरेका पत्रकारहरुले महासंघमा आस्थाकै आधारमा कुनै घनिभूत रडाको मच्चाउने काम गरेनन्। थोरै छलफल र धेरै गफ भएरै पनि अधिकांश निर्णय सर्वसम्मतरूपमै पारित भए। पछिल्लो समय केन्द्रीय सदस्य दीपेन्द्र कुँवरले पदबाट राजीनामा दिएका थिए तर त्यो राजीनामा महासंघले स्वीकृत नगरेपछि उनले २५औं महाधिवेशनमा सचिवमा उम्मेदवारी दिएर राजीनामाको औचित्य समाप्त गरिदिए। उनको ताल मधेसी दलले संविधान अस्वीकार गरेर पनि त्यही संविधान मातहत बनेको संसद्मा प्रतिनिधित्व गरेजस्तै भयो।

# चिनियाँ टेलिभिजनमा गुञ्जियो नेपाली स्वर



रश्मी थापा

प्रतिभावान नेपालीले अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न माध्यमबाट बेला-बेलामा नेपालको कीर्तिमान राखिरहेका छन्। गायन र नृत्यको माध्मबाट गायक प्रशान्त तामाङ र तेरिया मगरले नेपाललाई चिनाइसकेका छन् भने अहिले गायनमार्फत विदेशी भूमिबाट नेपाल चिनाउने पंक्तिमा अर्का एक नेपाली अगाडि आएका छन्।

केही दिनअघि एक नेपाली युवकले चिनियाँ राष्ट्रिय प्रसारणमा नेपाली दौरा सुरुवाल र ढाका टोपीमा ठाँटिएर चिनियाँ गीत गाइरहेका देखियो। सो लोभलाग्दो भिडियो सामाजिक सञ्जालमा तत्कालै भाइरलसमेत हुन पुगेको छ।

भिडियोमा चिनियाँ भाषामा कुरा गर्दै चिनियाँ गीत गाइरहेका उक्त युवक केही बेरमै नेपालीमाझ छाए। चीनको राष्ट्रिय दिवसको अवसरमा त्यहाँको राष्ट्रिय टेलिभिजन दोङफाङ बीसीबाट प्रसारित रियालिटी शोमा गीत गाउने ती युवा खलनायकका रूपमा चर्चित अभिनेता विजयसिंह देउजाका छोरा सन्देशसिंह देउजा हुन्। उक्त दिन चिनियाँ संस्कृति तथा भाषा अध्ययन गर्न गएका विभिन्न देशका विद्यार्थीले चिनियाँ भाषा र संस्कृति झल्कने कुनै पनि प्रस्तुति दिनुपर्ने थियो। यसै क्रममा उसले चिनियाँ भाषामा गीत गाएर सुनाएका हुन्। विजयसिंह देउजाका अनुसार कुल ५ सय विद्यार्थीबाट ५० जना विद्यार्थी छानिएका थिए। त्यसमध्येबाट पनि २५ जनाले गाएको गीत भने टेलिभिजनमार्फत प्रसारण गरिएको हो। सन्देशले तीनै २५ मध्येबाट नेपालको प्रतिनिधित्व गर्दै चिनियाँ भाषामा गीत गाएर सबैलाई मोहित तुल्याएका हुन्।

'योभन्दा अघि उसले चीनमा हुने विभिन्न स्टेज कार्यक्रममा पनि गीत गाउँथ्यो' -उनका अभिनेता पिता विजयसिंह देउजाले *नेपाल समाचारपत्र*सँग कुरा गर्दै जानकारी गराए।

भक्तपुर नलिङ्चोक निवासी सन्देशले आईबीएम कलेजबाट बीबीए गरेका हुन्। नेपालको पर्यटन क्षेत्रमा रुचि राख्ने उनी छत्रवृत्ति पाएर चीनमा पढ्न गएका हुन्। उनी ४ वर्षदेखि चीनको संघाईमा चिनियाँ संस्कृति र भाषा विषयमा मास्टर गरिरहेका छन् र उनको पढाइ ३ वर्षपछि पूरा हुनेछ। पढाइ सकिएपछि नेपाल फर्केर नेपालको पर्यटन क्षेत्र र गायनमा सक्रिय हुने उनको योजना छ। 'अहिले पनि ऊ नेपालको हिस्टोरिकल तथा कल्चरल फुटेजहरु लगेर त्यहाँको टेलिभिजनबाट प्रसारण गराएर नेपालको पर्यटन प्रवर्द्धनमा लागिरहेको छ। नेपाल आएपछि चिनियाँलाई नेपालप्रति आकर्षित गराउने तथा चिनियाँ पर्यटकका लागि उपयुक्त प्याकेजहरु सञ्चालन गर्ने योजना सुनाएको छ', विजयले भने- 'नेपालमा रहँदा पनि उसले केही स्टेज कार्यक्रममा गीत गाउने तथा जिङ्गलहरु बनाउने गर्थ्यो। उसले नेपाल आएपछि गीत-संगीतमा लागेर एल्बमहरु निकाल्ने योजना पनि बताएको छ।' विद्यालयमा अध्ययनरत रहँदा छोराले कलाकरितामा रुचि राख्ने गरेको र विभिन्न नाटकमा भाग लिएर ट्रफी जितेको अभिनेता देउजाले बताए।




# बाल कलाकार नेपालीको सम्झनामा रक्तदान

बाल कलाकार काजल नेपालीको सम्झनामा राजधानीको भृकुटीमण्डपमा रक्तदान गरिएको छ। गत बिहीबार अन्तर्राष्ट्रिय मैत्री बाल अस्पतालमा फ्यान्कोनी एनिमिया रोगका कारण निधन भएको उनको सम्झनामा रामजी नेपाली फाउन्डेसनले रक्तदान कार्यक्रम गरेको हो।

बाल कलाकार नेपालीको आत्माको शान्तिका लागि कामना गर्दै अस्पतालमा रगत नपाएर छट्पटाइरहेका बिरामीलाई रगत अभाव हुन नदिने उद्देश्यले शोकलाई शक्तिमा बदल्ने कोशिस स्वरुप यो कार्यक्रमको आयोजना गरेको फाउन्डेसनका अध्यक्ष रामजी नेपालीले बताए। कार्यक्रममा प्रमुख अतिथि चलचित्र विकास बोर्डका सदस्य उत्तम केसीले छोरी गुमाउनुको पीडासँगै सामाजिक कार्यको सराहना गरेका थिए। त्यस्तै नेपाल रेडक्रस सोसाइटीकी गमला क्षत्रीले घरमा पीडाको बेलामा पनि यस्तो कार्यक्रम गरिएको सायद पहिलो भएको चर्चा गरिन्। कार्यक्रममा उज्वल नक्षत्र समाजका कोषाध्यक्ष दृष्टिविहीन सुशील अधिकारी, चलचित्र पत्रकार संघकी उपाध्यक्ष गीता अधिकारी, नायिका सारिका घिमिरे, काजलकी माता तथा लोकगायिका कृष्णा परियार, साहित्यकार महेश प्रसाईं, मिलापका कृष्ण भुसाल, सानुकाजी श्रेष्ठ, निर्देशक देव नेपाल, नृत्य निर्देशक याम गुरुङ, सहनिर्देशक किशोर खतिवडा, गीतकार कृष्णराज पाण्डेय, समाजसेवी सञ्जय श्रेष्ठ, लेखक दीपक शर्मा, कलाकार होमलाल पुन, किरण थापा, विमल बर्देवालगायतले आ-आफ्ना भनाइ राखेका थिए। कार्यक्रममा एक दर्जनले रक्तदान गरेका थिए।








# विचार

> शब्दहरुसँग खेल्दा आनन्द आउँछ, जसबाट कामको थकावट टाढा जान्छ।
> – अलेक्सेई तोलस्तोय

> लेखकहरु हो दृ आफ्नो शक्तिअनुरुप विषयको छनोट गर, तिम्रो काँधले बोक्न सक्ने र नसक्ने विचारहरुमाथि गम्भीरतापूर्वक विचार गर।
> – होटेस

## सम्पादकीय

नेपाल समाचारपत्र

# एक-अर्काबीच आलोचना नगरियोस्

आउँदो मंसिर १० र २१ गते हुन लागेको प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनको लागि राजनीतिक दलहरु उम्मेदवार छनोटको अन्तिम गृहकार्यमा लागेका छन्। उम्मेदवारको मनोनयन दर्ता नभए पनि चिया पसल तथा चोक-चोकमा चारजना मानिस जम्मा हुनेबित्तिकै हालै सम्पन्न स्थानीय निकायको मत परिणामलाई आधार मान्दै आगामी निर्वाचनको हारजितको अड्कलबाजी गर्ने गरेका छन्। राष्ट्रिय राजनीतिमा दिनानुदिन पैदा भैरहेको तरङ्गले कतै निर्वाचन नै त धकेलिने हैन भन्ने आशंका उब्जिरहेको भए पनि आममतदाता भने तोकिएको समयमा निर्वाचन सम्पन्न हुनेमा ढुक्क देखिन्छन्।

राजनीतिक दलहरु स्वयंले पार्टीको आन्तरिक छलफलमा यसलाई अझ गहिरो रुपमा अड्कल गरिरहेका छन्। नेकपा एमाले तथा माओवादी केन्द्रलगायतको चुनावी तालमेल गर्ने सहमति होस् वा नेपाली कांग्रेस, राप्रपा, राजपालगायतका दलहरुको जारी सहकार्य प्रयास होस्, चुनावमा बढीभन्दा बढी सिटमा विजय हासिल गर्ने उद्देश्यले प्रेरित देखिन्छ। साथै उम्मेदवारी चयनको अन्तिम कसरत भएसँगै राजनीतिक दलहरु एक-अर्काप्रति घोचपेचका साथै एकले अर्कोलाई खुइल्याउने र त्यो पार्टी नराम्रो हाम्रो पार्टी राम्रो भन्न थालेका छन्। आफ्नो पार्टीको राम्रो सिद्धान्तलाई भन्दा अर्को पार्टी नराम्रो भनेर आममतदातालाई प्रभावित बनाइँदै छ। यसअघिका निर्वाचनमा पनि दलहरुले निर्वाचनको चुनावी प्रचारप्रसारमा आफ्नो घोषणापत्रभन्दा पनि विपक्षीको आलोचनामा नै बढी समय खर्चेका थिए।

उम्मेदवार चयन प्रक्रियासँगै दलहरु आ-आफ्नो घोषणापत्र पनि तयारीमा जुटेका छन्। निर्वाचनको लागि करिब डेढ महिनाको समय बाँकी छ। निर्वाचनमा स्वच्छ प्रतिस्पर्धा गर्नको लागि एकले अर्कोलाई आलोचना गर्नेभन्दा पनि आफूले गरेको राम्रो र नराम्रो कामको मूल्याक्तन गर्दै आफ्नो दलको आगामी कार्यदिशाबारे आममतदातालाई प्रस्ट पार्नु सबै राजनीतिक दलको कर्तव्य हो। जसको लागि एक दल र नेताले अर्को दल र नेताको आलोचना नगरी छिटोभन्दा छिटो आफ्नै घोषणपत्र लिएर मतदाताको घरदैलोमा जानुपर्छ। एकले अर्कोलाई आलोचना गरेर गरिएको प्रचारप्रसारले मुठभेड निम्त्याउन सक्छ। स्वच्छ, निष्पक्ष निर्वाचन गर्नको लागि दलहरु स्वयं जिम्मेवार हुनुपर्ने भएकोले सबै दलका नेता तथा कार्यकर्ताले एकले अर्कोलाई आलोचना नगरी आफ्नै दलको नीति तथा सिद्धान्त लिएर जनतामाझ जानुपर्छ। अनि मात्र स्वच्छ र निष्पक्ष निर्वाचन सम्पन्न गर्न सहयोग पुग्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# नेपाल दुई ध्रुवमा विभाजित



किरण गिरी

> “दुवै गठबन्धनमा अतिवादी चिन्तनहरु व्याप्त देखिन्छन्। वाम गठबन्धनभित्र पनि कम्युनिस्ट साम्यवाद नै लागू गर्नुपर्छ भन्ने चिन्तन देखिन्छ भने लोकतान्त्रिक गठबन्धनमा पनि राष्ट्रियताको नाउँमा राजसंस्था पुन: स्थापना गर्ने झीनो स्वर अझै पनि विद्यमान देखिन्छ। जबकि दुवै चिन्तन र स्वरहरुको सम्भावना र भविष्य अबको नेपालमा देखिँदैन।”

नेपालीहरुको महान् चाड विजयादशमीको लगत्तै नेकपा एमाले, माओवादी केन्द्र र नयाँ शक्ति नेपालबीच वाम गठबन्धनको घोषणाले नेपाली राजनीतिको तरंग एकाएक तरंगित हुन पुग्यो। संसद्‌मा प्रतिनिधित्व गर्ने सबै कम्युनिस्ट पार्टीहरुको साझा मोर्चा बनाएर आगामी आमचुनावमा जानका लागि केही मधेसी दलका नेताहरु पनि सहमति भइसकेको अवस्थामा भएको यो वाम गठबन्धनले यति बेला नेपाली राजनीतिमा अनेक प्रश्नहरु जन्माएको छ। के यो गठबन्धन निर्वाचन जित्ने रणनीति मात्र हो या सत्तामा जाने अर्को नयाँ भऱ्याङ हो ? के यो गठबन्धन नेपालमा कम्युनिस्ट साम्यवाद स्थापना गर्नका लागि गरिएको त हैन ? यी र यस्तै प्रश्नहरुले अर्को पक्ष नेपाली कांग्रेसलगायत लोकतन्त्रमा विश्वास गर्ने सबै राजनीतिक दलहरुलाई एउटा नराम्रो झड्का लागेको छ। यो सँगै अब नेपालको राजनीति दुई ध्रुवमा विभाजित हुने निश्चित प्राय: देखिएको छ।

वाम गठबन्धनको घोषणालगत्तै नेपाली कांग्रेसको नेतृत्वमा गैरकम्युनिस्टहरुको लोकतान्त्रिक गठबन्धन निर्माण गरेर आगामी निर्वाचनमा जाने धारण सार्वजनिक भइसकेको छ। यसबाट कम्युनिस्टबाहेकका राजनीतिक दलहरु लोकतान्त्रिक गठबन्धनमा आबद्ध भएर अगाडि बढ्ने प्राय: निश्चित देखिएको छ। यस्तो गठबन्धन निर्माणको पृष्ठभूमि, आधार र तयारीहरु के-के हुन् त ? यसबारेको प्रश्न अहिले गम्भीर र पेचिलोरुपमा नेपाली राजनीतिमा देखा परेको छ। वाम गठबन्धनको पृष्ठभूमिमा बेइजिङको संलग्नता अनुमान गर्ने राजनीतिक विश्लेषकहरु प्रशस्तै भेटिन थालेका छन्। गत स्थानीय निर्वाचनको परिणामलाई हल्का विश्लेषण गर्ने हो भने, नेकपा एमाले प्रदेश नम्बर २ बाहेक अन्य प्रदेशहरुमा पहिलो राजनीतिक शक्तिको रुपमा स्थापित भएको छ। तर, देशभरि नै झीनो मतले नेपाली कांग्रेस पहिलो लोकप्रिय मत प्राप्त गर्ने राजनीतिक दलको रुपमा स्थापित भएको छ। नेकपा एमालेले स्थानीय तहको निर्वाचनमा स्थानीय तह प्रमुखमा केही बढी संख्या हात लगाएको त छ तर नेपाली कांग्रेसले अधिकांश स्थानमा विजय हासिल गरी लोकप्रिय मत आफ्नो पक्षमा बढी पार्न सफल भएको छ। सरसर्ती हेर्दा अब नेपालको राजनीतिमा नेपाली कांग्रेस र नेकपा एमालेकै राजनीतिक छाताभित्र अरु दलहरु आबद्ध भएर अगाडि बढ्नुपर्ने संकेत गत स्थानीय तहको निर्वाचनले गरिसकेको थियो। कांग्रेस, एमाले र माओवादीबाहेक अन्य राजनीतिक दलहरुलाई नेपाली जनताले खासै स्थान र महत्व दिएको देखिँदैन। यसरी नेपालको राजनीति अब दुई दलीय अभ्यासतर्फ अगाडि बढ्न लागेको अवस्था देखिन्छ।

छिमेकी मित्र राष्ट्र भारतमा भारतीय जनता पार्टीको नेतृत्वमा संयुक्त राष्ट्रिय गठबन्धन र कांग्रेस आईको नेतृत्वमा संयुक्त प्रगतिशील गठबन्धनबीच निर्वाचनको अभ्यास भइरहेको छ। साना दलहरु त्यही गठबन्धनभित्र समय र परिस्थितिअनुसार आफ्नो स्थान र भूमिका सुरक्षित गर्दै अगाडि बढेका छन्। तर, मूलरुपमा भारतीय राजनीतिको राष्ट्रिय रंगमञ्चमा भारतीय जनता पार्टी र कांग्रेस आई राष्ट्रिय खेलाडीको रुपमा देखा परिरहेका छन्। नेपालमा पनि यस्तै प्रयोग र प्रयास अगाडि बढाउन खोजिएको हो भने यो सहज र स्वाभाविक राजनीतिक यात्रा हुनेछ।

नेपालको संविधान २०७२ जारी भएपछि नेपाली राजनीतिमा एक-अर्कालाई असहिष्णुरुपमा हेर्ने प्रवृत्ति देखा पऱ्यो। परिवर्तनका प्रमुख राजनीतिक शक्तिहरु नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रबीच मेलमिलापको सहकार्य हुन नसकेपछि राजनीतिले अर्को मोड लियो। बहुमतको सरकार बनाउने सामान्य संसद्‌को अभ्यासको थालनी गर्न शुरु गरियो। जसले गर्दा प्रमुख दलहरुबीच पैदा भएको असमझदारीको फराकिलोपनमा स्वदेशी तथा विदेशी राजनीतिक शक्ति केन्द्रहरुले आफ्नो स्वार्थ अनुकूल स्थान र भूमिका जमाउन सफल हुँदै आए।

संविधान जारीलगत्तै छिमेकी मित्र राष्ट्र भारतले लगाएको नाकाबन्दीका कारण नेपाली जनमत भारत विरोधी र वाम निकट हुन पुग्यो। स्थानीय तहको निर्वाचनको परिणामले त्यसलाई स्पष्टरुपमा पुष्टि गऱ्यो। नाकाबन्दीविरुद्ध जुन पार्टी स्पष्टरुपमा उभियो त्यही पार्टीले स्थानीय तहको निर्वाचनमा बढी पदहरुमा निर्वाचन जित्न सफल भयो। यसबाट के बुझ्न जरुरी छ भने, नेपाली राजनीतिमा भारतको भूमिकालाई नेपाली जनताले सकारात्मकरुपमा कहिल्यै लिन सकिरहेका छैनन्। यो सत्यतथ्यलाई चिर्ने र विश्लेषण गर्ने काम न नेपाली शासकहरुले गरे, न भारतीय शासकहरुले नै गरे ? नेपाली जनता र भारतीय जनताको बीचमका जुन सौहाद्रता र घनिष्टता छ, त्यो सौहाद्रता साउथ ब्लक र काठमाडौंबीच हुन सकिरहेको देखिँदैन। २००७ सालको प्रजातान्त्रिक आन्दोलन होस् वा २०१७ सालको निरंकुश कदम, यी दुवैमा भारतीय हेपाहा प्रवृत्ति रह्यो भन्ने नेपाली जनताको बुझाइ रहेको छ। पछि २०४६ सालको आन्दोलन र बहुदलीय प्रजातन्त्रको पुन:स्थापना होस् वा १२ बुँदे समझदारी एवं २०६२/०६३ को जनआन्दोलनपश्चात् गणतन्त्र स्थापना, सबै परिघटनाहरुमा भारतको भूमिका सन्देहात्मक रह्यो भन्ने नेपालीहरुको बुझाइ कालान्तरदेखि अहिलेसम्म रहँदै आयो। यसको स्पष्ट गर्ने काम नेपालको कुनै पनि सरकारले आफ्नो जनतालाई गरेको पाइँदैन। यहाँ यति लामो विश्लेषण र तथ्यहरु किन चर्चा गरिएको हो भने, वाम गठबन्धनको पछाडिको कारण र त्यसपछि नेपाली जनतामा गएको सकारात्मक सन्देशलाई नियाल्दा भारत विरोधी जनमत वाम गठबन्धनमा पूर्णरुपमा आकर्षित भएको पाइन्छ। यही कारणले नै वाम गठबन्धन हुनेबित्तिकै राष्ट्रिय र अन्तर्राष्ट्रियरुपमा यसले ठूलो तरंग ल्यायो। र, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण तालिकासमेत स्थागित हुन पुग्यो। यस कारण पनि वाम गठबन्धनप्रति केही प्रश्न, केही उत्साह र केही आशंका पैदा भएको छ।

वाम गठबन्धनको प्रतिक्रियास्वरुप नेपाली कांग्रेसको नेतृत्वमा ६ दलीय लोकतान्त्रिक गठबन्धन निर्माण भयो। जसमा राप्रपा, मधेसी जनअधिकार फोरम, राप्रपा प्रजातान्त्रिक, संघीय समाजवादी फोरम, राजपालगायतका दलहरु सामेल भएका छन्। उनीहरुले वाम गठबन्धन निर्माणलाई गतिलै चुनौतीको रुपमा लिँदै आगामी निर्वाचनलगायत सबै कार्यहरु संयुक्तरुपमा सामना गर्ने निर्णयसमेत गरेका छन्। संस्कारयुक्त राजनीतिक पद्धतिको विकास गर्ने हो भने, लोकतान्त्रिक गठबन्धनको भविष्य धेरै उज्ज्वल देखिन्छ। किनभने आजको विश्वमा जडसूत्रवाद सबैतिर असफल भइसकेको छ। वाम गठबन्धनले पनि घुमाउरोरुपमा समाजवाद हुँदै कम्युनिस्ट साम्यवादको गन्तव्यलाई लक्ष्य बनाएको देखिन्छ। तर, आजको विश्व राजनीतिको परिवेश र नेपाली जनताको चाहना र भावनाअनुसारको अब नेपालमा कम्युनिस्ट साम्यवादी शासन व्यवस्था लागू हुन सक्दैन। र, त्यो स्वीकार्य पनि हुँदैन। यो वस्तुस्थितिलाई विश्लेषण गरेर लोकतान्त्रिक गठबन्धनले आफ्नो भावी रणनीति तथा कार्यक्रमहरुलाई जनमुखी, संस्थागत र पारदर्शी बनाउँदै नेपाली जनतालाई विश्वासमा लिने काम गर्न सकियो भने लोकतान्त्रिक गठबन्धनको भविष्य सकारात्मक र उत्साहप्रद नै देखिन्छ।

दुवै गठबन्धनमा अतिवादी चिन्तनहरु व्याप्त देखिन्छन्। वाम गठबन्धनभित्र पनि कम्युनिस्ट साम्यवाद नै लागू गर्नुपर्छ भन्ने चिन्तन देखिन्छ भने लोकतान्त्रिक गठबन्धनमा पनि राष्ट्रियताको नाउमा राजसंस्था पुन: स्थापना गर्ने झीनो स्वर अझै पनि विद्यमान देखिन्छ। जबकि दुवै चिन्तन र स्वरहरुको सम्भावना र भविष्य अबको नेपालमा देखिँदैन। यो तथ्यलाई आत्मसात् गर्दै वाम तथा लोकतान्त्रिक गठबन्धनको नेतृत्व परिपक्व र दूरगामी हुँदै अघि बढ्न सक्यो भने नेपाली राजनीति दुई दलीय राजनीतिक ध्रुवमा स्थापित हुनेछ। हाम्रो जस्तो सानो मुलुकको लागि जुन आवश्यकता पनि हो। यो दुवै गठबन्धनले एकले अर्कालाई निषेध होइन। मुलुक, जनता र संघीय लोकतान्त्रिक गणतन्त्रलाई आधार बनाउँदै आधुनिक र सम्मुनत नेपाल निर्माण गर्न अगाडि बढ्ने हो भने यो दुवै गठबन्धनको उद्देश्य नेपाल र नेपाली जनताको लागि हितकर नै हुने देखिन्छ।

*(लेखक गिरी पत्रकार एवं राप्रपा-प्रजातान्त्रिकका सहप्रवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

### हत्यारालाई कारबाही होस् प्रहरी संयन्त्र उदासीन नहोस्

काठमाडौंमा फेरि एकजना व्यवसायीको हत्या भएको छ। निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनको दिनदहाडै गोली हानी हत्या गरिएको छ। संसद् भवननजिकै यसरी हत्या हुँदा पनि प्रहरीले अझै हत्यारा पत्ता लगाउन सकेको छैन। राजधानीमा दिनदहाडै गोली हानी हाइप्रोफाइल व्यक्तिको हत्या पटक-पटक भएको छ तर प्रहरी हत्यारा पत्ता लगाउन उदासीन छ। राजधानीमा पटक-पटक यस्ता घटना दोहोरिँदा पनि सुरक्षा संवेदनशीलतामा सरकार मौन छ।

२०५५ असार १५ मा राजधानीको सिफलमा राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद तथा पूर्वमन्त्री मिर्जा दिलसाद बेगको गोली हानी हत्या गरिएको थियो। राति भएको यो घटनामा बेगका चालक भुवन कार्कीलाई पनि गोली हानी मारिएको थियो। प्रहरीले 'दाउद इब्राहिमका लागि काम गर्ने बेगको हत्या छोटा राजन समूहले गरेको' निष्कर्ष निकालेको थियो। यसबारे छानबिन गर्न गठित उच्चस्तरीय न्यायिक समितिले पनि उनको हत्यामा छोटा राजन समूहकै हात रहेको प्रतिवेदन सरकारलाई बुझायो। तर उनीहरूलाई हदैसम्मको कारबाही भएको थाहा भएन। यस्ता घटना नदोहोरिने गरी चेतावनीस्वरूपको कारबाही कोही दोषीले पाएनन्।

यस्तै २०६३ भदौ २४ मा बानेश्वरमा कमलसिंह नेपालीको हत्या भएको थियो। वैदेशिक रोजगारीका क्रममा मलेसिया पुगेका नेपाली पहिले छोटा राजनको समूहमा काम गर्थे, पछि दाउदका लागि काम गर्न थालेका थिए। छोटा राजन समूहकै निर्देशनमा उनलाई नयाँ बानेश्वरमा गोली हानी मारिएको कुरा बाहिर आएको थियो। उनका



मृतक गौचन

हत्यारा अहिलेसम्म पक्राउ परेका छैनन्। यसमा प्रहरीकै उदासीनता देखिन्छ।

२०६६ माघ २४ मा राजधानीको लाजिम्पाटमा सञ्चार उद्यमी जमिम शाहको भारतीय अन्डरवर्ल्ड डन छोटा राजन समूहले गोली हानी हत्या गरेको थियो। याक एन्ड यती होटल दरबारमार्गको हेल्थ क्लबमा नुहाएर गाडीमा पानीपोखरीस्थित घरमा जाँदै गरेका शाहलाई अज्ञात समूहले गोली हानेको थियो। ना १ च २१५१ नम्बरको कारमा रहेका थिए उनी र चालक मथुरामान मालाकार थिए। बा १५ प ८७३३ नम्बरको मोटरसाइकलमा आएका दुईजनाले गोली हानेका थिए। प्रहरीले घटना भएको केही वर्षपछि घटनामा संलग्न प्रहरीसहित केहीलाई पक्राउ गरेको थियो तर मुख्य नाइके पक्राउ गर्न र त्यसबारेमा केही सार्वजनिक गर्न सकेको छैन।

त्यति मात्रै हैन, इस्लामिक संघ नेपालका महासचिव फैजान अहमदलाई २०६८ असोज ९ गते राजधानीको घण्टाघरअगाडि गोली हानी हत्या गरिएको थियो। फैजानको हत्यामा भारतीय पेसेवरको संलग्नता रहेको प्रहरी अनुसन्धानले देखाएको थियो। नेपाल प्रहरीले फैजानको हत्यामा संलग्न २७ वर्षीय धनबहादुर थापा मगरलाई पक्राउ गरे पनि मुख्य अभियुक्त भने अझै फरार नै रहेका छन्। प्रहरीले आफ्नो अनुसन्धान फितलो बनाएकै कारण यस्ता अपराधी उम्कने र आफ्नो गलत क्रियाकलाप गरिरहने गरेका छन्।

पछि उपत्यकावासीलाई नै त्रसित बनाउने घटना भयो २०६९ साल जेठ १८ गते। मन्दिरमा पूजा गरेर फर्कने क्रममा शंखमूलनजिकैको युएन पार्कमा गोली हानी सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमको हत्या गरियो। घटना भएको २ वर्ष ७ महिनापछि प्रहरीले घटनामा संलग्न चुरे भावर पार्टीका तत्कालीन उपाध्यक्ष बाबु थापा भनिने मेघबहादुर थापा, शिव भन्ने करण चौधरी, नवीन भन्ने प्रेमराज खड्का, दीपक कर्णलाई पक्राउ गर्न सफल भयो। पाँच घटनामध्ये यही घटनामा मात्रै मुख्य अभियुक्तसहित दोषीहरु पक्राउ परेका छन्। बम हत्याकाण्डमा संलग्नमध्ये एक सुटर रामेछाप जिल्ला खनियापानी-७ का २८ वर्षीय सञ्जय स्माइली मगरलाई २०७२ भदौमा साउदी अरबबाट पक्राउ गरी नेपाल ल्याइएको थियो।

यसरी प्रहरीले चाहेमा हत्यारा सहजै पत्ता लगाउन सक्छ तर उदासीनताले गर्दा अहिले त्रास मात्रै फैलिएको छ। नेपाल प्रहरीले जनताको विश्वास कायम राखेर नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद गौचनका हत्यारालाई पक्राउ गरेर हदैसम्मको कारबाही गर्नुपर्छ। यो घटनाबाट देशभरका निर्माण व्यवसायीमा त्रासको वातावरण सिर्जना भएको छ। काठमाडौंमा दिउँसै भएको हत्याको घटनालाई सरकारले गम्भीररुपमा लिनु जरुरी छ।

*- यज्ञनाथ सापकोटा, रामेछाप*
*हाल : मध्यबानेश्वर, मिलनचोक, काठमाडौं*

### जनप्रतिनिधि साझा हुन् त्यस्तै व्यवहार होस्

नेपालमा निर्वाचनको माहोल छ। जनताको अमूल्य मतद्वारा चुनिएका जनप्रतिनिधिले जनताका समस्या, अप्ठ्याराहरु समाधानका निम्ति सक्रिय हुनुपर्ने समयमा आफ्ना दलका कार्यकर्ता र आसेपासेका कुरा सुनेर जनताको वास्ता नगरेको जस्तो पाइएको छ। जनप्रतिनिधि भएपछि उनीहरु साझा हुन्। उनीहरुले दलको काममा बढी लिप्त हुनुभन्दा पनि जनताका समस्यामा आफ्नो ध्यान केन्द्रित गरेमा अरु चुनावमा पनि जनताको माया र साथ पाउनेमा दुईमत हुँदैन। यसले दल र प्रतिनिधि सबैलाई भलो गर्छ।

नेतृत्व सक्षम निष्कलंक, नि:स्वार्थी, जनप्रेमी हुनु आवश्यक छ। पार्टीले पनि नेतृत्व विकास गर्न ध्यान दिन अत्यावश्यक छ। जनप्रतिनिधिले पनि जनताको हितका निम्ति नेतृत्व विकासमा ध्यान दिनुपर्छ। जनप्रतिनिधिलाई सबैको प्रतिनिधि बन्न सबै दलले निर्देशन गर्न जरुरी छ। आफूलाई दलको नेताको रुपमा नभई अब साझा नेतृत्व गर्ने भूमिकामा नढालेसम्म स्थानीय निकायबाट जनताले आश गरेजस्तो सुविधा पाउँदैनन्। यो विषयमा अध्यक्ष तथा मेयर सापले ध्यान दिनु नितान्त आवश्यक छ।

*-तुफन डिसी, झापा*
*हाल : काठमाडौं, कीर्तिपुर*

## सामाजिक सञ्जाल



दिनदहाडै व्यस्त शहर काठमाडौंमा व्यक्ति हत्या हुन्छ, हत्यापछि सुरक्षाकर्मी घटनास्थल पुग्ने गर्छ, शायद लासलाई सुरक्षा दिने जिम्मेवारीका साथ।
**Dhan Raj Gurung**
**@dhanrgrg**



प्रमज्यू ! चिप्लिन सजिलो छ, स्थिर भएर हिंड्न गाह्रो हुन्छ। ओर्लन सजिलो, उक्लन कठिन हुन्छ। गल्ती दोहोऱ्याउन सजिलो हुन्छ तर गल्ती नदोहोऱ्याउनु होला।
**Rabindra Adhikari**
**@RabindraADH**



कानुनको आँखामा लागेको पट्टीबाट भ्रष्टाचारी निर्दोष देखिन थाले, साथै राजनीतिक र आर्थिक प्रभावले तराजुको पल्लासमेत असन्तुलित हुन थाल्यो।
**Chyaban Ghimire**
**@chghimire**

नेपाल निर्माण व्यावसायी महासंघका महासचिव रामशरण देउजाले महासंघका अध्यक्ष शरदकुमार गौचनको हत्यामा संलग्नलाई सरकारले तत्काल पक्राउ गरी सार्वजनिक नगरे आन्दोलनको घोषणा गर्ने चेतावनी दिनुभएको छ।

# राष्ट्रिय अभिलेखालयको भवन नसार्न हारगुहार

ईश्वरराज ढकाल, काठमाडौं

स्वर्ण महोत्सव मनाउँदै गर्दा राष्ट्रिय अभिलेखालयले प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष भवन नसारिदिन हारगुहार गरेको छ। ३ वर्षअघि सर्वोच्च अदालतले पुरातत्व विभाग र राष्ट्रिय अभिलेखालयलाई तत्काल भवन खाली गर्न पत्राचार गरेपछि २ निकायबीच तनाव बढेको थियो। अभिलेखालयले देशको संस्कृति नै नाश हुन सक्ने भन्दै भवन नसारिदिन हारगुहार गरेको हो।

स्वर्ण महोत्सवको प्रमुख अतिथि बन्न पुग्नुभएका प्रधानमन्त्री देउवालाई पुरातत्व विभागका महानिर्देशक भेषनारायण दाहाल र अखिलेखालयका प्रमुख सौभाग्य प्रधानाङ्गले प्रधानमन्त्रीसमक्ष भवन नसार्ने वातावरण बनाउन आग्रह गरेका हुन्। राष्ट्रिय अभिलेखालयमा १४ सय वर्षदेखिको अभिलेख सुरक्षित रहेका स्थानको अवलोकन गर्ने क्रममा प्रधानमन्त्री देउवाले आफूले प्रधानन्यायाधीशसँग तत्काल कुराकानी गरी विवाद समाधान गर्ने वचन दिनुभएको थियो।

हिजो मंगलबार अभिलेखालय परिसरमा आयोजित स्वर्ण महोत्सवमा बोल्दै प्रम देउवाले हस्तलिखित ग्रन्थदेखि देशको महत्त्वपूर्ण सामग्री संरक्षण गर्ने निकायलाई सरकारले सहयोग गर्ने बताउनुभएको थियो। अभिलेखालयको नाममा रहेको करिब १३ रोपनी क्षेत्रफलमा रहेको २ निकायको भवन भत्काइ सर्वोच्च अदालतको भवन निर्माण गर्न प्रक्रिया शुरू गर्ने भन्दै अदालतले भवनले चर्चेको जग्गा यथाशीघ्र खाली गर्न पटक-पटक पत्राचार गरिसकेको छ। पछिल्लोपटक दशैंअघि प्रधानमन्त्री कार्यालयमा बसेको बैठकमा अभिलेखालयको नयाँ भवन तयार नभएसम्म तत्काल नहटाउने सहमति भएको थियो। विभागका महानिर्देशक दाहालले भवन नहटाउन आग्रह गर्दै राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री देउवादेखि सबै निकायमा जानकारी गराइसकेको बताउनुभयो। ५० वर्ष इतिहास बोकेको यो निकायलाई सरकारले संरक्षण गर्ने छाडेर हटाउन खोजेको आरोप उहाँको थियो।

तत्कालीन खिलराज रेग्मीको मन्त्रिपरिषद्ले सिंहदरबार परिसरमा रहेको नेपाली सेनाको क्याभलरी, पुरातत्व विभाग र राष्ट्रिय अभिलेखालयको करिब ५५ रोपनी क्षेत्रफल ओगटेको जग्गा सर्वोच्च अदालतको भवन निर्माण गर्न उपलब्ध गराउने निर्णय गरेको थियो। २०७१ वैशाख २५ गते बसेको बैठकले सर्वोच्चलाई सो जग्गा दिने निर्णय गरेलगत्तै सरकारले सर्वोच्चको नाममा जग्गा उपलब्ध गराइसकेको छ।

सोही निर्णयलाई आधार मान्दै सरकारले उपलब्ध गराएको जग्गा आफ्नो नाममा आइसकेको अवस्थामा तत्काल खाली गर्न सर्वोच्चले अभिलेखालयलाई पत्राचार गरेको थियो।

अभिलेखालयका प्रमुख प्रधानाङ्गले किन्नै नसकिने बहुमूल्य सम्पत्ति सुरक्षित गरी राखिएको अभिलेखालय तत्काल सार्न सक्ने अवस्थामा नभएको जानकारी दिनुभयो। 'हामीले स्वर्ण महोत्सव मनाइरहँदा सरकारसँग एउटा मात्रै आग्रह गरेका छौं, तत्काल अभिलेखालयलाई अन्यत्र नसारियोस्।' -प्रमुख प्रधानाङ्गले भन्नुभयो। उहाँले वातानुकूलित प्रविधिमा राखिएका लाखौं हस्तलिखित र अन्य सामग्री हटाउन सम्भव नै नभएको बताउनुभयो।

२०७१ सालको मन्त्रिपरिषद्को निर्णयलगत्तै अभिलेखालय र विभागलाई नारायणहिटी दरबार संग्रहालयभित्र १६ रोपनी ७ आना क्षेत्रफलमा स्थानान्तरण गर्ने निर्णय गरेको थियो। तर सरकारले नै ०७१ साउन २२ गतेको मन्त्रिपरिषद्को बैठकले आफैंले गरेको निर्णय उल्टयाएर अन्यत्र जग्गा खोजी गरी घर निर्माण कार्य अघि बढाउन तत्कालीन मुख्य सचिव लीलामणि पौडेललाई निर्देशन दिएको थियो। संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जितेन्द्र देवले अभिलेखालयलाई नहटाउन मन्त्रालयबाट पहल भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'सम्बन्धित निकायसँग छलफल गरेर सोही स्थानमा राख्न पहल गर्नेछौ ।' देशका सरकारी निकायका सम्पूर्ण कागजातको रेकर्ड सुरक्षित गरेर वातानुकूलित रूपमा राखिएको अभिलेखालयलाई तत्काल हटाउन सक्ने अवस्था नभएको पूर्व-प्रमुख भीमप्रसाद नेपालले बताउनुभयो। उहाँले अभिलेखालयलाई अन्यत्र सार्नु भनेको मुलुकको सम्पदा र संस्कृतिको नष्ट गर्नु हो भन्नुभयो।

अभिलेखालयमा सातौं-आठौं शताब्दीदेखि बीसौं शताब्दीसम्मका प्राकृत, पाली, संस्कृत, मैथिली, नेवारी, तिब्बतीलगायत विभिन्न भाषामा लेखिएका ग्रन्थ संरक्षित छन्। प्राचीन देवनागरी, मैथिली, रञ्जना, नेवारी, बंगाली, उत्तर लिच्छविलगायत १२ वटा लिपिको प्रयोग गरी ज्योतिष, आयुर्वेद, योग, धर्मशास्त्र, पुराण, दर्शन, तन्त्र, कर्मकाण्ड, साहित्य, व्याकरण, इतिहासलगायतका विषयसँग सम्बन्धित ग्रन्थ ताडपत्र, भोजपत्र, नीलपत्र, नेपाली कागज, थ्यासफु आदि सामग्री सुरक्षित राखिएको छ। अभिलेखालयमा पृथ्वीनारायण शाहको दिव्योपदेश, शिलालेखका उतार संरक्षण गरी राखिएको छ।

२०७२ असोज ३ गते संविधानसभाबाट जारी भएको नेपालको संविधानको प्रमाणित प्रतिसमेत संरक्षणका लागि राष्ट्रिय अभिलेखालयमा राखिएको छ।

# सात पूर्व प्रमुख सम्मानित

काठमाडौं, (नेस)

राष्ट्रिय अभिलेखालयको स्वर्ण महोत्सवका अवसरमा ७ जना पूर्व प्रमुखलाई सम्मान गरिएको छ। हिजो मंगलबार आयोजित कार्यक्रममा पूर्व प्रमुख बलरामदास डंगोल, सानुमैया राणा, सानुनानी कंसाकार, भीमप्रसाद नेपाल , प्रकाश दर्नाल रहेका छन्। स्वर्गीय बुद्धीसागर पराजुली र सरला मानन्धरलाई मरणोपरान्त सम्मान गरिएको थियो। प्रधानमन्त्री शेरबहादुर देउवाले सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो। स्वर्ण महोत्सव एकसातासम्म चल्नेछ। अभिलेखालयले फोटो प्रदर्शनीको पनि आयोजना गरेको छ।

# बाढी प्रभावितलाई फ्रान्सको १० करोड

काठमाडौं, (नेस)

फ्रान्सले नेपालका बाढी प्रभावित क्षेत्रका बासिन्दालाई करिब १० करोड रुपियाँबराबरको आर्थिक सहयोग उपलब्ध गराएको छ। बाँके र दाङका करिब ७ सय प्रभावित परिवारलाई सो सहयोग उपलब्ध गराइने बताइएको छ।

ती जिल्लाका बाढी प्रभावित परिवारलाई खाद्यान्नबाहेकका अत्यावश्यक सामग्री खरिद, भत्किएका घर र अन्य संरचना निर्माण, स्वास्थ्य (मनोवैज्ञानिक) शिविर र औषधि उपचारलगायतका लागि सहयोग रकम खर्च हुने काठमाडौंस्थित फ्रेन्च दूतावासले जनाएको छ।

'एक हितैसी मुलुकका नाताले फ्रान्सले नेपाल सरकार र बाढी प्रभावित परिवारलाई सहयोग गर्न चाहेको हो', -नेपालका लागि फ्रान्सका राजदूत येभ्स् कार्मोनाको भनाइ उद्धृत गर्दै मंगलबार फ्रेन्च दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। सो सहयोग रकम फ्रान्सको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था 'हेन्डिक्याप इन्टरनसनल' मार्फत् खर्च हुने बताइएको छ। सो संस्था नेपालमा सन् २००० देखि क्रियाशील छ।

# तीन सय बालबालिका नयाँ भूमिकामा देखिँदै

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा नेपालमा हिजो बुधबार एकै दिन ३ सय किशोरी नयाँ भूमिकामा देखिने भएका छन्। यसअघि कहिल्यै रेडियोमा काम नगरेका ३ सय किशोरी एक दिन रेडियोकर्मीको हैसियतमा जिम्मेवारी बहन गर्दैछन्।

सामुदायिक रेडियो प्रशारक संघ (अकोराब) नेपाल र बालबालिका तथा किशोरीको समानताका लागि क्रियाशील अन्तर्राष्ट्रिय गैरसरकारी संस्था प्लान इन्टरनेसनल नेपालको सहकार्यमा म बालिका भएकीले भन्ने अभियानअन्तर्गत नेपालका ३ सय सामुदायिक रेडियोमा बहसमुलक कार्यक्रम चलाउन लागेका हुन्।

किशोरीलाई उनीहरूको नियमित संलग्नताभन्दा फरक भूमिकामा निश्चित समयसम्म जिम्मेवारी बहन गराउने अभियानका रूपमा यो कार्यक्रम गर्न लागिएको हो।

प्लान इन्टरनेसनल नेपालका राष्ट्रिय निर्देशक स्भेन कोपेन्स भन्नुहुन्छ- 'रेडियो टेकओभर किशोरीका लागि उनीहरूका सवालका बारेमा नीतिनिर्माता, नेता र अधिकारकर्मीसँग छलफल गर्ने र उनीहरूलाई प्रतिबद्ध बनाउने विशिष्ट अवसर हो।'

परिवर्तनको संवाहकका रूपमा किशोरीहरूले नीति निर्मातालाई सकारात्मक कार्य गर्न र उनीहरूको हैसियतलाई नीति र अभ्यासमा परिवर्तनका लागि प्रयोग गर्न तथा किशोरीको न्याय र समानता प्रर्वद्धनका लागि प्रेरित गर्दछन्। राष्ट्रिय निर्देशक कोपेन्सले भन्नुभयो- '७७ जिल्लामा ३ सय टेकओभरमा भाग लिँदा किशोरीले उनीहरूको व्यक्तिगत र सार्वजनिक जीवनलाई पछाडि पार्ने विभेद र पक्षपातको अन्त्य र परिवर्तनको माग गर्नेछन्।

देशभरका गरी ३ सय वटा सामुदायिक रेडियोका नियमित तथा चर्चित बहसमुलक कार्यक्रमको नेतृत्व तथा सञ्चालन किशोरीले गर्नेछन्। सिक्ने र नेतृत्व लिने कार्यमा किशोरीले पनि उत्तिकै क्षमता बहन गर्न सक्छन् भन्ने धारणा निर्माण गराउनका लागि रेडियो कार्यक्रममा किशोरीको नेतृत्वको अवसर प्रदान गर्न लागिएको सामुदायिक रेडियो प्रशारक संघका अध्यक्ष सुवास खतिवडाले बताउनुभयो।

# बन्ने भयो राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

काठमाडौं, (नेस)

अन्तत: निकै लामो कसरतपश्चात् बहुचर्चित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङमा स्थापना हुने भएको छ। संसद्ले मंगलबार प्रतिष्ठानसम्बन्धी विधेयक बहुमतले पारित गरेपछि दाङको घोराही उपमहानगरपालिकास्थित नवलपुरमा प्रतिष्ठान स्थापनाको औपचारिक बाटो खुलेको छ।

१४ बिगाह ९ कट्ठा जग्गा घोराहीको नवलपुरमा ऐलानी छ। अस्पतालको नाममा लैजान स्वास्थ्यमन्त्री गिरिराजमणि पोखेलले प्रस्ताव लैजाने तयारी थाल्नुभएको छ।

स्वास्थ्य मन्त्रालयले तयार पारेको उक्त विधयेक संसद्बाट पारित भएपछि यसले ऐनको रूप लिने प्रतिष्ठान गठनका लागि बनेको विधेयकसम्बन्धी काम अघि बढाउन सहजकर्ताको भूमिका निर्वाह गर्नुभएका नेकपा माओवादी केन्द्र दाङका इञ्चार्ज रहेका जीवन गौतमले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

विधयेकमा प्रतिष्ठानमा अध्ययन गर्ने कुल विद्यार्थी संख्याको कम्तीमा ५० प्रतिशत स्थानमा आर्थिक रूपले विपन्न विद्यार्थीलाई पूर्ण रूपमा छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था राखिएको छ। यो प्रतिष्ठान सरकारले प्रदेश नम्बर ५ का लागि स्थापना गर्न लागेको हो।

सरकार र डा. गोविन्द केसीबीच हरेक प्रदेशमा सरकारले एक मेडिकल कलेज स्थापना गर्ने सहमति भएको थियो। सो सहमतिअनुसार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना हुन लागेको हो। राप्ती उपक्षेत्रीय अस्पताललाई सरकारले प्रतिष्ठान बनाउने छ।

# 'हत्याका दोषी पत्ता नलागे आन्दोलनको घोषणा'

नेपाल समाचारपत्र

भक्तपुर

नेपाल निर्माण व्यावसायी महासंघका महासचिव रामशरण देउजाले महासंघका अध्यक्ष शरदकुमार गौचनको हत्यामा संलग्नलाई सरकारले तत्काल पक्राउ गरी सार्वजनिक नगरे आन्दोलनको घोषणा गर्ने चेतावनी दिनुभएको छ।

रफत सञ्चार क्लबमा मंगलबार आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै महासचिव देउजाले भोलि साँझसम्म सरकारले आफ्ना माग पूरा नगरे महासंघले देशभर आन्दोलन गर्ने र विकास निर्माणलगायतका काम ठप्प पार्ने बताउनुभयो।

अध्यक्ष गौचनको हत्यासँगै महासंघका अन्य पदाधिकारीलाई पनि अज्ञात नम्बरबाट धम्कीपूर्ण शैलीमा पैसा माग्दै टेलिफोन आइरहेका कारण महासंघका अन्य पदाधिकारी पनि असुरक्षित रहेको उहाँले बताउनुभयो। सरकारले महासंघका अन्य पदाधिकारीको सुरक्षा प्रबन्धसहित अध्यक्ष गौचनको हत्यामा संलग्नलाई तत्काल कानुनी दायरामा ल्याउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो- 'सरकारले हत्याराको खोजीलाई तीव्रता दिएको छ, यसको प्रतिफल छिट्टै निस्कनेमा आफूहरू आशावादी रहेका छौं।'

हत्यामा संलग्न पक्राउ नभएसम्म अध्यक्ष गौचनको शव नबुझ्ने समेत उहाँले चेतावनी दिनुभयो। यो घटना राजनीतिक नभई आर्थिक लेनदेनका कारण भएको हुन सक्ने अध्यक्षको हत्यापश्चात् आफ्नो कमिटीका विभिन्न पदाधिकारीलाई आएको फोनका साथै प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको उहाँको भनाइ छ।

## दुई मिनेट

### बिभिन्न ठाउँमा चोरी

काठमाडौं, (नेस)

कागेश्वरी मनहरा नगरपालिका-७ वीरेन्द्रचोकमा दोलखा सुनखानी-६ घर भएका टेकराज शिवाकोटीले सञ्चालन गरेको इलेक्ट्रोनिक पसलबाट गएराति सटर फोडेर करिब १ लाख २० हजार रुपियाँबराबरका विभिन्न कम्पनीका २१ थान मोबाइल चोरी भएको छन्। यसै गरी काठमाडौं महानगरपालिका-३१ शंखमुल विज्ञानमार्ग डेरा गरी बस्ने धनुषा जनकपुर घर भएकी चिनीमाया पाख्रीनको कोठामा सोमबार कोही नभएको अवस्थामा ढोकाको ताला फोडेर नगद १५ हजार रुपियाँ र सुनका गरगहना गरी करिब १ लाख १५ हजार रुपियाँबराबरको धनमाल चोरी भएको छ।

### दुई किलो अफिमसहित पक्राउ

काठमाडौं, (नेस)

लागूऔषध नियन्त्रण व्युरोबाट खटिएको प्रहरी टोलीले अवैध लागूऔषध अफिम २ किलो र चरेस २२ किलोसहित २ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा धादिङ किरानचोक गाउँपालिका-८ धिरखर्कका दर्जबहादुर तामाङ र मकवानपुर राक्सीराग गाउँपालिका-२ बस्ने राजकुमार मोक्तान रहेका छन्। प्रहरीले उनीहरूलाई सोमबार काठमाडौं महानगरपालिका-१४ बल्खुबाट तामाङलाई १ किलो अफिम र १२ किलो चरेस, २ हजार नेपाली रुपियाँ र तौल गर्ने मेसिन १ थान साथै मोक्तानलाई १ किलो अफिम र १० किलो चरेस, ७ हजार नेपाली र ५८ हजार भारतीय रुपियाँसहित पक्राउ गरेको हो।

### श्रीमतीको हत्यापछि फरार श्रेष्ठ पक्राउ

काठमाडौं, (नेस)

कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त सामाखुसी बस्ने संकेत श्रेष्ठ भन्ने सुकृतमान श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। श्रेष्ठले २०६६ साल कात्तिक २२ गते गौरीघाटस्थित कोठामा आफ्नै श्रीमती नम्रता श्रेष्ठलाई आगो लगाइ हत्यापछि फरार रहेका थिए। श्रेष्ठलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोको प्रहरी टोलीले कालिकास्थानबाट पक्राउ गरेको हो। श्रेष्ठलाई आवश्यक कारबाहीका लागि महानगरीय प्रहरी बृत्त गौशालामा बुझाइएको छ। यसै गरी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोबाट खटिएको प्रहरी टोलीले कुमारीगाल बस्ने रोशनकुमार आले मगरलाई २०६० साल फागुन २३ गते धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा बौद्ध बस्ने डुकुचा, दीपेन्द्र भन्ने दीपेन श्रेष्ठलाई आइतबार गोकर्णेश्वर नगरपालिका-५ चामुण्डाबाट पक्राउ गरेको छ। अभियुक्त श्रेष्ठलाई प्रहरीले सोमबार काठमाडौं जिल्ला अदालतमा पेस गरेको छ।

## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**

**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**

**प्रस्थान दिउँसो २ बजे**

**केन्द्रीय कार्यालय, कलंकी**

**सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३**

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा प्राप्ति, मान-सम्मान, बढुवा, गरेका काम सफल हुने।
**वृष** : धननाश, मानसिक तनाव, व्यर्थको खर्च, व्यापारमा बाधा।
**मिथुन** : उपहार मिल्ने, व्यापार-ठेक्कापट्टामा सफलता, आर्थिक लाभ।
**कर्कट** : दुर्घटनाबाट चोटपटकको भय, पढाइमा असफलता, धनहानि।
**सिंह** : सुख-शान्ति, धनलाभ, उत्तम परिकार प्राप्ति, इष्टमित्रको सहयोग।
**कन्या** : कार्यसिद्धि, विविध वस्तु वा सेवाको प्राप्ति, शारीरिक स्वस्थता।
**तुला** : राज्यभय, इज्जत-प्रतिष्ठामा धक्का, पढाइ वा काममा बाधा।
**वृश्चिक** : गर्न लागेको काममा बाधा-व्यवधान, धन र समयको नोक्सानी।
**धनु** : समस्या समाधान हुने, यश-कीर्ति बढ्ने, वाहन-सुख, धनलाभ।
**मकर** : पढाइ, प्रतियोगिता, मुद्दामामिला आदिमा विजय, धनलाभ।
**कुम्भ** : कार्यनाश, स्वास्थ्य बाधा, पारिवारिक विवाद, कष्ट, चिन्ता।
**मीन** : आफन्तमा विवाद, दौडधुप, दिनचर्या अस्तव्यस्त, झुटो आरोप।

# नेपाल

एकातिर विवाहका लागि मण्डप तयार थियो, अर्कातिर विवाहमा आउनेहरुका लागि भोज तयार हुँदै थियो। बेहुलापक्षका आफन्त दुलही लैजान आतुर देखिन्थे भने केटीका बाबुआमा पनि छोरीलाई विवाह गरी पठाउने सोचमा थिए। तर, न कसैले बुहारी पाए न कसैले ज्वाईं।

सन्दर्भ : अन्तर्राष्ट्रिय बालिका दिवस

## रित्तै फर्किए जन्ती

**रोशन पराजुली, हेटौंडा**

केही दिनअघि मकवानपुरको गोगने-५, चौकीटारकी १४ वर्षीया रूपा गुरुङ (नाम परिवर्तन) को विवाहको मिति टुंगियो। धादिङ जिल्लाका २५ वर्षीय युवक जन्तीसहित बालिकालाई विवाह गरी लैजान उनको घरमा आए।

एकातिर विवाहका लागि मण्डप तयार थियो, अर्कातिर विवाहमा आउनेहरूका लागि भोज तयार हुँदै थियो। बेहुलापक्षका आफन्त दुलही लैजान आतुर देखिन्थे भने केटीका बाबुआमा पनि छोरीलाई विवाह गरी पठाउने सोचमा थिए। तर, न कसैले बुहारी पाए न कसैले ज्वाईं।

स्थानीय सामाजिक अभियन्ताहरूले बालिकाको अभिभावकले जबरजस्ती गरिदिन लागेको विवाह रोकिदिएपछि विवाह घरबाट न दुलही अन्मिन पर्‍यो, न त विवाहको भोज नै कसैले खान पाए। स्थानीय विद्यालयमा ८ कक्षामा पढ्दै गरेकी बालिकाको विवाह हुँदैछ भन्ने थाहा पाएपछि हत्त न पत्त पुगेका सामाजिक अभियन्ताले विवाह मात्र रोकेनन्, आगामी दिनमा उमेर नपुगी विवाह गरेमा सामाजिक कारबाही गर्ने चेतावनी दिए।

केटापक्षका केही आफन्त र केही स्थानीयको उपस्थितिमा गाउँमा खासै जानकारी नदिई हुन लागिरहेको विवाह स्थानीय बाल संरक्षण समिति गोगनेको अगुवाइमा रोकिएको हो। केटा र केटीपक्षका बीचमा कुरा छिनोफानो गरेर ३ दिनकै बीच विवाहको तयारी गरिएको थियो। विवाहको कुरा छिनिएपछि तनावमा रहेकी बालिकाले कसैलाई आफ्नो विवाह हुँदैछ भन्ने कुरा गरिनन्।

विद्यालयका एक शिक्षकले बालिकालाई तनावको अवस्थामा भेटाएपछि घरबाट जबरजस्ती विवाह गरिदिन लागेको थाहा भएको थियो। उमेर नपुगी विवाह नगर्न बालिकाको अभिभावकलाई आग्रह गर्दा पनि आफ्नो छोरीको विवाह गर्न अरूले सिकाइरहनु नपर्ने जवाफ फर्काएका थिए। अन्ततः शिक्षकमार्फत् बाल संरक्षणका क्षेत्रमा क्रियाशील बालसंरक्षण समितिमा कुरा पुग्यो र रातारात बनाइएको योजना असफल भयो।

आफ्नो विवाह रोकिएपछि बालिका दंग छिन् भने सामाजिक अभियानमा लागेका अभियान्ता पनि खुसी छन्। 'विवाह गर्दिनँ भन्दाभन्दै जसरी पनि विवाह गर्न घरबाट दबाब आयो', बालिकाले भनिन्- 'कलिलै उमेरमा विवाह हुन लागेकाले भविष्य के हुने हो भन्ने चिन्ताले न राम्ररी खान मन लागेको थियो न निदाउन नै सकेकी थिएँ।' उमेर नपुगी विवाह नगरिदिन आफ्ना बाबुआमा सहमत बनेकोमा खुसी लागेको उनले बताइन्।

'अब उमेर पुगेमात्र विवाह गर्ने कुरा बाबुआमाले बुझ्नु भयो, यसैमा म खुसी छु', -उनले भनिन्। बाल संरक्षण समिति गोगनेका अध्यक्ष रामबहादुर थिङले गाउँमा बालबालिकाको सवालमा रहेर काम गर्ने आफूहरूको अभियान भएकाले बाल विवाह रोक्नु आफ्नो जिम्मेवारी भएको बताए। 'बाल विवाहलगायत बालबालिकाको संरक्षणका सवालमा हामी काम गर्ने गर्छौं,' उनले भने, 'हाम्रो अभियान सार्थक बन्दा खुसी लाग्छ।' विवाह रोक्नका लागि अभिभावकलाई राम्ररी आग्रह गर्दा नमानेपछि प्रहरीमा पुग्ने चेतावनी दिएपछिमात्र विवाह स्थगित भएको समितिकी सदस्य बुद्धिमाया मोक्तानले बताइन्।

'जसरी पनि एक जना बालिकाको भविष्य अन्धकार हुनबाट रोक्यौं', उनले भनिन्- अब पढाइ पूरा गरेर उमेर पुगेपछि मात्र विवाह हुने भएपछि बालिका पनि तनावमुक्त बनेकी छिन्।' बालबालिकाको सवालमा काम गर्न सरकार मातहतको गाउँमै रहेका बाल संरक्षण समितिले बाल संरक्षणसम्बन्धी गरेको यो एउटा प्रतिनिधिमूलक कार्य हो। मकवानपुरका गाउँ-गाउँमा रहेका बाल संरक्षण समिति स्थानीय बाल संरक्षणको सवाल पहिचान गरेर ती सवाल सम्बोधन हुने काममा लागिपरेका छन्। बाल संरक्षण समितिलाई आवश्यक तालिम तथा आर्थिक सहयोग युनिसेफ नेपालको सहयोगमा बाल कल्याण समाज मकवानपुरले पुऱ्याउँदै आएको छ। मकवानपुरको गोगनेका अलावा चुरियामाई, पदमपोखरी, हाँडीखोला, नामटार, सरिखेत, फापरबारी, शिखरपुर, राइगाउँ, बेतिनी, धियाँललगायत साविक १५ वटा गाविसमा जोखिममा रहेका बालबालिकालाई घटना व्यवस्थापन कार्यमार्फत् संरक्षणका लागि सघाउ पुऱ्याउने काम भइरहेको बाल कल्याण समाज मकवानपुरका कार्यक्रम संयोजक सुशीलराज गिरीले जानकारी दिए।

'स्थानीय बालसंरक्षणको सवाल पहिचान र ती सवाल सम्बोधनका लागि आवश्यक कार्ययोजना गाउँ-गाउँमा रहेका बाल संरक्षण समितिले बनाउँछन् र कार्ययोजना कार्यान्वयनका लागि हामी आर्थिक सहयोग पुऱ्याउने गर्दछौं,' उनले भने- 'युनिसेफको सहयोगमा बालविवाह, बालश्रम, बालहिंसाविरुद्ध गाउँ-गाउँमा चलेका अभियान प्रभावकारी बनेका छन्।'

मकवानपुरका साविकका १५ गाविसमा रहेका बाल संरक्षण समितिका सदस्यलाई क्षमता अभिवृद्धि गर्न सघाउ पुऱ्याउँदै बालबालिकाको सवालमा जागरणमुलक कार्य भइरहेका छन्। नेपालमा बालसंरक्षणको क्षेत्रमा क्रियाशील युनिसेफ नेपालको सहयोगमा सञ्चालन भइरहेको घटना व्यवस्थापन कार्यमार्फत् जोखिममा रहेका बालबालिकाको संरक्षणमा टेवा पुगिरहेको बाल कल्याण समाज मकवानपुरका जिल्ला कार्यक्रम संयोजक प्रकाश खतिवडाले बताए।

उनका अनुसार आपत्कालीन अवस्थामा आर्थिक सहयोगदेखि आवश्यक जीविकोपार्जन सहयोगमार्फत् बालबालिकालाई जोखिममा पर्नबाट रोक्ने काम गरिएको छ। उनले भने- 'परियोजना अवधिमा ५० जनाभन्दा बढी प्रत्यक्ष र अरू धेरै अप्रत्यक्ष रूपमा लाभान्वित हुने काम हामीले स्थानीय बाल संरक्षण समितिमार्फत् गरेका छौं।' सरकारको नीतिअन्तर्गत बालबालिकाको संरक्षणका लागि विभिन्न अभियानसहित आफूहरू क्रियाशील रहेको उनले बताए।

## महिला स्वास्थ्यमा राष्ट्रपतिको चासो

### महिला स्वास्थ्य सेवालाई अझ गुणस्तरीय बनाउन सुझाव

**मोतीराम तिमल्सिना, काभ्रे**

राष्ट्रपति विद्यादेवी भण्डारीले महिलाहरूको प्रजननको समयमा मुस्कानसहितको सेवामा दत्तचित्त भएर लाग्न विशेषज्ञ तथा प्रजनन स्वास्थ्यमा संलग्न व्यक्तिहरूलाई उपलब्ध गराउने विषयमा योजना बनाइ कार्यान्वयन गर्न सुझाव दिनुभयो। महिलामा विशेष गरी पाठेघर, स्तन क्यान्सरजस्ता रोगको संक्रमण धेरै हुने भएकाले त्यस्ता रोगबाट बच्न र उपचार गर्न छाउपडी प्रथा, बोक्सी प्रथाजस्ता अन्धविश्वास हटाई सुरक्षित मातृत्त्वका लागि कार्य गर्नु सुझाव दिनुभएको थियो।



सुझाव दिनुभएको छ।

धुलिखेल अस्पतालको प्रसूति रोग विभाग र जिनोसेकको आयोजनामा मंगलबारदेखि धुलिखेलमा शुरू भएको ३ दिने अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटनसभामा बोल्दै राष्ट्रपति विद्यादेवी भण्डारीले गुणस्तरीय स्वास्थ्य सेवा भौगोलिक अवस्थाले विकट मानिएका क्षेत्रमा समेत हटाई सुरक्षित मातृत्त्वका लागि कार्य गर्नु सुझाव दिनुभएको थियो।

मातृ शिशु मृत्युदर घट्दै गएकोमा नेपाल पुरस्कृत भएको स्मरण गराउँदै राष्ट्रपति भण्डारीले महिला स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सरकारलाई निर्देश गराउनुभएको थियो। कार्यक्रममा काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. रामकण्ठ माकजु श्रेष्ठ, विश्वविद्यालयका डिन डा. राजेन्द्र कोँजु, वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. आभा श्रेष्ठलगायतले नेपालमा महिलाको प्रजननसम्बन्धी अवस्था र भएका प्रयासका बारेमा जानकारी गराएका थिए। नेपालमा महिलालाई लाग्ने रोग र त्यसको उपचारमा भएका विधि तथा प्रक्रियामा के-के भइरहेको छ ? महिलालाई यस्ता सम्मेलनको आयोजनाले के फाइदा पुऱ्याउन सकिन्छ भन्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिएको धुलिखेल अस्पतालकी वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. आभा श्रेष्ठले बताइन्।

महिलाहरूमा हुने पिसाब चुहिने, पाठेघर, आङ्ग खस्ने समस्या, विभिन्न भागमा हुने क्यान्सर, गर्भवती भएको समयमा हुने अनेक रोगहरू, बच्चा र आमाको स्वास्थ्यमा आउने समस्याका बारेमा समेत सम्मेलनमा छलफल हुनेछ। विज्ञहरूले उक्त सम्मेलनमा कार्यपत्र प्रस्तुतसँगै फिजियोथेरापी र बेबी मसाज पनि सँगै आयोजना गरिन लागेकाले यस्तो सम्मेलन नेपालमै पहिलो पटक भएको डा. सुमनराज ताम्राकारले जानकारी दिए।

उक्त सम्मेलनमा जर्मनी, अमेरिका, स्विटजरल्याण्ड, नर्वे, इन्डिया, श्रीलंका, डेनमार्क, क्यानाडा, नेपाल, अष्ट्रेलियासमेत गरी १० देशका ३७ जना विज्ञले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रममा ३ सयभन्दा धेरै देशभरका प्रसूति रोग विशेषज्ञ डाक्टरहरू, फिजियोथेरापिस्ट र बेबी मसाजसम्बन्धी व्यक्तिहरूको सहभागिता रहनेछ। यस्ता सम्मेलनपश्चात् महिलाको उपचारमा सहयोग पुग्ने र ग्रामीण क्षेत्रमा रहेका महिलाको आर्थिकस्तरसमेत उकास्न सहयोग पुग्ने अपेक्षा लिइएको डा. आभा श्रेष्ठले बताइन्। आभा अन्तर्राष्ट्रिय स्तरको जी नेसोक संस्थाको भाइस प्रेसिडेन्टसमेत हुन्। नेपालका गर्भवती महिलाले यस्तै खाले रोगको सही उपचार हुन नसक्दा १० वर्षसम्म वार्षिक ५ सय ३८ जनाले ज्यान गुमाउनु परेको थियो भने केही वर्षअघि गरेको सर्वेक्षणले १ सय ७० मा झरेको देखाएको छ। विकसित देशमा भने यो तथ्यांक ५/६ जनाको संख्यामा रहेको छ।

## शिक्षक नियुक्तिमा कीर्ते गरेको आरोप निराधार

**नेपाल समाचारपत्र**

बैतडी

किर्ते कागजात गरेर शिक्षक भर्ना गरेको आरोप लागेका पीपलकोट मावि, लोजनीका तत्कालीन प्रअ रमेश ओझालाई जिल्ला अदालत बैतडीले निर्दोष ठहर गरेको छ।

शिक्षक भर्ना गर्दा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको किर्ते दस्तखतलगायत अन्य कागजात मिलाएर शिक्षक भर्ना गरेको भन्दै अदालतमा मुद्दा परेको थियो। जिल्ला अदालत बैतडीले तत्कालीन प्रअ ओझाले शिक्षक भर्ना गर्दा सरकारी कागजात किर्ते नगरेको फैसला गर्दै उनलाई निर्दोष ठहराएको छ।

जिल्ला शिक्षा कार्यालयमा उनले पेस गरेका किर्ते भनिएका कागजात विधि विज्ञान प्रयोगशालामा परीक्षण गरी शिक्षक ओझाको पक्षमा फैसला गरिएको जिल्ला अदालत बैतडीले जनाएको छ। गत वर्ष विद्यालयमा शिक्षक भर्ना गर्दा विद्यालय व्यवस्थापन समितिसँग सल्लाह नगरी नक्कली कागजात खडा गरी शिक्षक भर्ना गरेको आरोप उनलाई लागेको थियो।

पूर्व प्रअ ओझाले भने पूर्वाग्रही ढंगले मलाई हटाउन यस्तो गरिएको बताउँदै आएका थिए। उनले विद्यालय व्यवस्थापन समिति र सोही विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षकलाई नै शिक्षा निमावलीअनुसार भर्ना गरिएको थिए। अदालतले न्याय दिएर सत्यतथ्य छर्लंग भएको उनले बताए। 'पूर्वाग्रही ढंगले मलाई फसाउन खोजिएको थियो, सम्मानित अदालतले न्याय दियो', -उनले भने।

## बल्ल बन्यो जयरामघाटको पक्की पुल

**रामधन राई, खोटाङ**

खोटाङ जिल्लाको मुख्य नाकामा पर्ने जयरामघाटस्थित दूधकोसी नदीको निर्माणाधीन पक्की पुल तिहारपछि सञ्चालनमा आउने जनाइएको छ। यसअघि दशैंमा यात्रुले सास्ती नपाउने भनी ठेकेदार सम्बद्ध पक्षले ठोकुवा गरेको पुल सोमबार मात्र ढलान कार्य सम्पन्न भएपछि तिहारपछि सञ्चालनमा आउने जनाइएको हो।

निर्माण कार्य सम्पन्न गर्नुपर्ने सम्झौता म्याद गुज्रिएको ५ वर्ष बितेपछि ढलान कार्य सम्पन्न भएको उक्त मोटरेबल पक्की पुललाई २८ दिनसम्म क्युरिङ गर्दै सुकाएपछि २९ औं दिनबाट सञ्चालनमा ल्याइने ठेकेदार कम्पनी कालिका कन्स्ट्रक्सनका फिल्ड इन्जिनियर सीताराम कार्कीले बताउनुभयो। क्युरिङकै समयमा पुलको दायाँ र बायाँ पर्ने एप्रोज रोड पनि निर्माण गरी सकिने र एप्रोज रोड निर्माण सकिएलगत्तै आगामी मंसिर पहिलो साताबाट पुल सञ्चालनमा ल्याइने कार्कीको ठोकुवा छ।

करिब १० करोडको लागतमा पूरा हुने भनिएको जयरामघाटको पक्की पुल निर्माण नहुँदा झोलुङ्गे पुलमार्फत् आवतजावत तथा दैनिक उपभोग्य वस्तु तार्नुपर्ने बाध्यता छ। जयरामघाटको पुल सञ्चालनमा आएपछि जिल्लामा समृद्धिको बाटो खुला हुने जिल्लाका जनप्रतिनिधि बताउँछन्। पुल अभावमा लामो समयदेखि जिल्लाका हरेक विकास/निर्माणमा बाधा पुग्दै आएको छ । २०६८ साल असारसम्ममा निर्माण सम्पन्न गर्ने शर्तमा २०६६ साल भदौमा नेपाल सरकार, सडक विभागसमक्ष विक्रम पाण्डेको हुलास इन्जिनियरिङ र दिवाकर गोल्छाको कालिका कन्स्ट्रक्सनले पुलको जिम्मा लिएको थियो। करिब १ सय ५० मिटर लामो मोटरेबल पक्की पुल नेपालकै नमुना भएको आयोजना प्रमुख इन्जिनियर उद्धव रानामगरको दाबी छ। पुलको लागि आवश्यक सामग्री र प्राविधिकका लागि बाहिरी देश चीनकै सहयोग लिनुपरेकाले पुल निर्माणमा ढिलाइ भएको रानामगरको भनाइ छ।

२०६४ सालबाट यातायात सञ्चालन भएको जिल्लामा जयरामघाटमा पक्की पुल नहुँदा हिउँदको समयमा वैकल्पिक व्यवस्थाका लागि राज्यकोषको वार्षिक ६० लाख खर्चेर अस्थायी बेलिब्रिज जडान गर्ने गरिएको छ।

## प्रदेश राजधानीको माग गर्दै ज्ञापनपत्र

डोटी (नेस)

७ नम्बर प्रदेशको राजधानी दिपायल हुनुपर्ने माग राख्दै क्षेत्रीय प्रशासन कार्यालय दिपायल राजपुरमार्फत् नेपाल सरकारलाई आज मंगलबार ज्ञापनपत्र बुझाएको छ। डोटी उद्योग वाणिज्य संघको पहलमा यहाँका स्थानीयबासी, नागरिक समाज, होटेल व्यावसायी संघ, राजनीतिक दल तथा स्थानीयबासीको एक टोलीले दिपायल राजधानीको माग गर्दै ज्ञापन पत्र बुझाएका हुन्।

सरकारले निकट भविष्यमै अस्थायी रूपमा राजधानीको केन्द्र तोक्न थालेकाले दिपायलभन्दा अरू ठाउँमा राजधानी घोषणा नगर्नका लागि सरकारलाई ज्ञापनपत्र बुझाएको होटेल व्यावसायी संघ डोटीका अध्यक्ष दीपक खड्काले बताउनुभयो। उहाँले भन्नुभयो- 'पहिलेको ५ विकास क्षेत्रका अवधारणाअनुसार निर्माण गरिएका भवन तथा भौगोलिक अवस्था, सुदूरपश्चिमका ९ वटै जिल्लालाई पायक पर्ने ठाउँ दिपायल भएकाले यहाँ राजधानी बनाउन उपयुक्त छ, अन्यत्र सार्नु भनेको आन्दोलन गराउनु मात्रै हो।'

## भ्रष्टाचार उन्मूलनका लागि स्थानीय समूह सक्रिय

**नेपाल समाचारपत्र**

मुगु

सदरमुकामदेखि ग्रामीण भेगसम्म विकास निमार्णका काम, सामाजिक सुरक्षाभत्ता वितरण र नियमित सरकारी संयन्त्रको कम उपस्थितिले सेवाग्राही मर्कामा परेपछि आधार परियोजनाअन्तरगत ग्रामीण क्षेत्रमा गठित महिला समूह र बहस समूहले भष्टाचार उन्मूलनका लागि जनचेतनामुलक विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

गाउँका स्थानीयको उपस्थिति र निर्णयबिना सदरमुकाम गमगढीमै उपभोक्ता समिति गठन गरी कागजमै काम पूरा गरेको प्रमाण देखाई रकम उपभोक्ता समितिले कुम्ल्याउने परिपाटि बढेपछि सरोकारवालालाई बोलाई गाउँका कार्यक्रममा सोधखोज गर्ने गाउँलेको निर्णयबेगर काम गर्ने र गराउने जो कोहीलाई कारबाहीसमेत गराउने नार्थपू महिला सञ्जालकी सचिव उषा मल्लले बताएकी छन्।

हाम्रो गाउँको विकास नहुनुमा भ्रष्टाचार चुनौती रहेकोले यसलाई जरैबाट उखेलेर फाल्नुपर्ने र आफूहरूले पनि आइन्दा यस्ता काममा सहभागी नहुने कुरा उपभोक्ता समितिका पदाधिकारीले बताएका थिए। भ्रष्टाचार गर्नेमाथि कारबाही हुनु पर्ने अन्यथा निर्णय गरेर मात्र केही नहुने सहभागी वक्ताले बताएका थिए।

विकृतिका रुपमा रहेको भ्रष्टारचारले व्यापकता पाएपछि पैसा भएर विकासका संरचना समेत भत्काएर पैसा खाने प्रचलनमा भने केही सुधार आउने कार्यक्रमका आयोजक शिवलाल बुढाले बताएका थिए। जिल्लामा भ्रष्टाचार उन्मूलनको लागि सोरु गाउँपालिकाको भिईं ,नार्थपू, बस्तीलाई परीक्षणका रुपमा लिई भ्रष्टाचारविरुद्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, निमार्ण समितिको उपभोक्ता समिति गठन गर्दा स्थानीयवासीको गाउँस्तरकै रोहबरमा गराउनुपर्ने, भ्रष्टाचार भएको कुरा सञ्चार माध्यमलाई समाचार दिने, स्थानीयको जानकारीबाहेक काम दिने संस्थालाई कारबाही गराउने, जनप्रतिनिधिलाई पनि भ्रष्टाचारीलाई कारबाहीका लागि सिफारिस गर्ने निर्णय गरिएको छ।

गाउँमा भ्रष्टाचार भएको कुरा बेलाबेलामा स्थानीय समूहले समाचार दिएपछि उपभोक्ता समितिले आफैं भ्रष्टाचार गरेकोमा लज्जित हुन थालेका छन्। भ्रष्टाचारको विषयमा खबरदारीको कार्यक्रम अगाडि बढेपछि विकास कार्यले गति लिने उपभोक्ता समितिमा बस्न पनि मानिसले राम्रो मानसको सिफारिस गरिने आफ्नो वडालाई जिल्लाकै भ्रष्टाचारमुक्त गाविसको रूपमा चिनाउने कुरा सोरु गाउँपालिका-२ का अध्यक्ष ऐनबहादुर शाही बताउँछन्।

## थाल बजाउँदै खाद्य संस्थानमा धर्ना

**नेपाल समाचारपत्र**

सिमकोट हुम्ला

नेपाल खाद्य संस्थान, हुम्लाले समयमै खाद्यान्न वितरण नगरेको भन्दै खाद्य संस्थानमा माग गरेका छन् । एकातिर मंसिर १० गते हुने प्रदेश र प्रतिनिधि सभाको चुनाव र सिमकोट बजारबासी कर्मचारी प्रहरीलगायत आसपासका बासिन्दालाई खाद्यान्न अभाव भएकोले पनि तत्काल खाद्यान्न ढुवानी गर्न दबाबमूलक कार्यक्रम आयोजना गरेकोसमेत भएको स्वीकार गर्नुभयो।

उहाँका अनुसार सोमबार जिल्ला खाद्य व्यवस्थापन समिति अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद बास्कोटाको अध्यक्षतामा आउने मंसिर १० गते हुने निर्वाचनको लागि तत्कालै ३ हजार क्वीन्टल



थाल बजाएर जनप्रतिनिधिले धर्ना दिएका छन ।

नेपाल सरकरले लामो समयदेखि हुम्लाको लागि खाद्यान्न ढुवानी नभएपछि सिमकोटबजार आसपासलाई खाद्यान्न चरम अभाव भएको भन्दै जिल्ला समवन्य समिति संयोजक दानबहादुर रावतको संयोजकत्वमा संस्थानमा थाल बजाएर समयमै खाद्यान्न ढुवानीसहित वितरण गर्नुपर्ने जिल्ला समन्वय समितिका संयोजक दानबहादुर रावतले बताउनुभयो ।

उता जिल्ला खाद्य संस्थान शाखा कार्यालय, हुम्लाका प्रमुख नारायणसिंह केसीकाअनुसार पटक-पटक खाद्यान्नको माग पनि केन्द्रीय कार्यालयमा ताकेता गर्दा पनि सुनावाई नहुँदा हुम्लामा खाद्यान्न समस्या खाद्यान्न माग गर्ने निर्णय गरेको छ।

गएको दशैंमा समेत खाद्यान्न नपाएको र अब आउने तिहारमा पनि चामलसमेत नपाउने अवस्था आएपछि सम्बन्धित निकायको ध्यानाकर्षण गर्नको लागि पनि शान्तिपूर्ण रूपले राज्यलाई जानकारी दिन ज्ञापनपत्रसहित थाली बजाएको हो ।

धामीगाउँमा गएको एक हप्तामा मात्रै दुई बाख्रा र १ खसी अज्ञात रोगका कारण मरेका छन् भने आधा दर्जन बाख्रा बिरामी रहेको स्थानीय कृषकहरूले बताएका छन्।

# एमाले र माओवादीको आ–आफ्नै सिफारिस
## सिफारिसमा पर्दा नै चुनाव जितेसरह खुसी

**कुमार श्रेष्ठ, बाँके**

एमाले र माओवादी केन्द्रले बाँकेबाट आन्तरिक रस्साकस्सीका साथ आ-आफ्नो पार्टीबाट प्रदेश र प्रतिनिधि सभाका लागि उम्मेदवारहरू सिफारिस गरेका छन्। उम्मेदवार सिफारिसमा परेकाहरू चुनाव जितेसरह खुसी मनाइरहेका छन्।

यी दुई पार्टीबीच चुनावी गठबन्धनसँगै पार्टी एकीकरणको घोषणा भइसकेको छ। एमाले र माओवादी केन्द्रले आ-आफ्नो तरिकाले सिफारिस गरेका उम्मेदवारहरू गठबन्धन हुँदा 'चिप्लिन' सक्छन्। कुन क्षेत्रबाट कसले टिकट पाउँछन् भन्न सकिने अवस्था छैन। सिफारिसमै पर्दा चुनाव जितेसरह खुसी मनाएकाहरू दु:खी हुने दिन आउन सक्छ।

दुवै पार्टीमा प्रदेश र प्रतिनिधि सभाको उम्मेदवार सिफारिसमा ठूलो रस्साकस्सी भयो। पार्टीभित्र यो वा त्यसलाई सिध्याउन चलखेल भए। नेताहरू आरोप-प्रत्यारोपमा उत्रिए। एमालेमा प्रत्यक्ष चुनाव जितेका तीनैजना सांसद एवं नेताहरू सिफारिसमा अटाएनन्। जनताबाट भारी बहुमत ल्याएर चुनाव जितेका दलबहादुर सुनार, देवराज भार र दिनेशचन्द्र यादवलाई कार्यकर्ताले सिफारिसमै पाखा लगाए। जिल्ला पार्टीले भार र यादवलाई समानुपातिकको सूचीमा राखेर प्रदेशमा पठायो। सुनारको हकमा केन्द्रलाई सर्वोपरी मानिएको छ। माथिकै पावरमा सुनारले क्षेत्र नं. ३ बाट प्रत्यक्षकै टिकट ल्याउने कसरत गरेका छन्।

माओवादी केन्द्रमा पनि रस्साकस्सीका साथ प्रदेश र प्रतिनिधि सभामा उम्मेदवार सिफारिस भएका छन्। चुनावी भागबण्डामा कुन क्षेत्र कसलाई पर्छ अझै टुंगो लागिसकेको छैन। दुवै दलका नेताहरू सम्मिलित कार्यदलले क्षेत्र बाँडफाँडको छलफल गरिरहेको छ।

बाँकेमा तीन वटा निर्वाचन क्षेत्र कायम गरिएको छ। क्षेत्र नम्बर १ मा एमालेबाट पार्टी अशोक कोइराला, सूर्य ढकाल र भारती खनाल तथा माओवादी केन्द्रबाट महेश्वर गहतराज, कृष्णा केसी र अञ्जना चौधरी सिफारिस भएका छन्। यो क्षेत्रको दुईवटा प्रदेश सभाका लागि एमालेबाट बजारु थारु, सोहनलाल यादव र लक्ष्मी चौधरी, प्रेम भूसाल, खिलप्रसाद भूसाल र आरती पौडेल तथा माओवादी केन्द्रबाट प्रकाश सुवेदी, दुर्गा थारु, अमर खड्का, चिमबहादुर घर्ती, ओमप्रकाश केसी, नरेन्द्र पाण्डे जेम्स, तुलाराज विष्ट, अवराज खड्का, सुरेश थारु र अशोक पोखेल सिफारिसमा परेका छन्।

क्षेत्र नं. २ बाट एमालेले पशुपतिदयाल मिश्रको नाम एकल पठाएको छ। माओवादी केन्द्रले दामोदर आचार्य, नारद पुरी र अतहर हुसैन फारुकीको नाम सिफारिस गरेको छ। प्रदेश सभाका लागि एमालेले निरक गुरुङ, डम्मर थापा, शान्ति ढकाल, विजय गुप्ता, दत्तप्रसाद आचार्य र भूमा पाण्डे तथा माओवदी केन्द्रले कामताप्रसाद सोनखर, जगदीशबहादुर सिंह, गेहराज रिजाल, अकलबहादुर बम, डिल्लीप्रसाद बराल, फिरोज अहमद अन्सारी, ललित रौनियार, आदेश अग्रवाल र अक्रम अन्सारीको नाम सिफारिस गरेको छ।

क्षेत्र नं. ३ बाट एमालेले नन्दलाल रोकाय, कमल बस्नेत र एकता शाहको नाम पठाएको छ। माओवादी केन्द्रले इन्द्रप्रसाद खरेल र परमानन्द बर्माको नाम सिफारिस गरेको छ। प्रदेश सभाका लागि एमालेले रत्न खत्री, दीपक जीएम, भगवती शाह, बाबुराम गौतम, पदम धिताल र जन्नतुल शेष तथा माओवादी केन्द्रले डम्बर विक, शालिकराम खड्का, राजकुमार विक, टंक पोखरेल, विजय पाठक, धनिराम वली, दिपेन्द्रबहादुर शाह, कुवेर रिजाल र मुवारक शेषको नाम पठाएको छ।

बाँकेको तीन वटा निर्वाचन क्षेत्रमा कुन-कुन एमाले र कुन माओवादी केन्द्रको भाग पर्छ अहिले भन्न सकिदैन। २०७० को संविधान सभा निर्वाचन र २०७४ को स्थानीय निकाय निर्वाचनको परिणामलाई टेकेर तथा एक जिल्लामा एउटा पार्टी कायम रहने गरी क्षेत्र बाँडफाँडको तयारी भइरहेको छ। यो हिसाबले हेर्दा बाँकेको तीनमध्ये दुई वटा क्षेत्र एमालेलाई पर्ने देखिन्छ। २०७० मा चारमध्ये तीन वटा क्षेत्र एमाले र एउटा कांग्रेसले जितेको थियो। स्थानीय निकायको निर्वाचनमा आठ तहमध्ये एमालेले चार जित्दा माओवादी केन्द्र शुन्य भएको थियो। एमालेले राजपाबाट विद्रोह गरेर आएका पशुपतिदयाल मिश्रलाई क्षेत्र नं. २ बाट उम्मेदवार बनाएकाले अब १ र ३ मध्ये कुन एमाले र कुन माओवादीलाई हुने हो प्रस्ट भइसकेको छैन। १ र ३ मा एमाले र माओवादीलाई एक/एक हुने संभावना हुँदा अहिले सिफारिसमा पर्दा चुनाव जितेसरह उफ्रिएका नेतामा कसको भाग्य चम्किने हो यसै भन्न सकिदैन। २०७० र ०७४ को मत परिणामलाई हेरेर माओवादीलाई प्रदेश मात्रै दिन सक्ने अवस्था पनि रहेको नेताहरू बताउँछन्।

माओवादी केन्द्रका जिल्ला संयोजक इन्दप्रसाद खरेल (आईपी) र एमालेका जिल्ला सचिव रत्न खत्रीले क्षेत्र बाँडफाँडमा जसले टिकट पाए पनि मानेर जानुपर्ने बताउनुभयो। यी दुवै जना संघ र प्रदेशको सिफारिसमा छन्।

सिफारिसमा परेका नेताहरू आफ्नो टिकट सुरक्षित गराउन काठमाडौं धाउन थालिसकेका छन्। 'सुमेरु पर्वत घुम्न आइसके' काठमाडौं पुगेका एक नेता भन्छन्, बल्ल-बल्ल जिल्लाबाट सिफारिसमा परियो, केन्द्रको सिफारिसमा पर्न चाकरीमा त आउनै पर्‍यो नि।

बाँकेबाट दुवै पार्टीका वरिष्ठ नेताहरूको लम्बेतान नाम समानुपातिकका लागि सिफारिस भएका छन्। एमाले र माओवादी केन्द्रसँगै नेपाली कांग्रेस र राजपाले पनि जिल्लाका लागि प्रतिनिधि सभा र प्रदेशका लागि उम्मेदवार सिफारिस गरिसकेका छन्।

### माओवादी केन्द्रको उम्मेदवार तयार

गुल्मी, (नेस)

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि माओवादी केन्द्र गुल्मीको उम्मेदरवार छनोट प्रकृया टुङ्गिएको छ। पार्टीको ५ नम्बर प्रदेश कार्यालयले सबै तहका उम्मेदवारको छनोट टुङ्गाएर गुल्मी जिल्ला पार्टी कार्यालयलाई पठाएको जिल्ला संयोजक वीरबहादुर कार्की (चाहल) ले जानकारी दिए।

क्षेत्र नतोकिए पनि प्रतिनिधि सभा सदस्यका लागि प्रत्यक्षतर्फ केन्द्रीय सदस्य बुद्धिबहादुर जिसी उम्मेदवार छनोट भएका छन्। प्रतिनिधि सभा समानुपातिक उम्मेदवारमा सिर्जना तरामु र जिल्ला संयोजक वीरबहादुर कार्की छनोट भएका छन्।

प्रदेशसभा क्षेत्र नम्बर- १ मा प्रत्यक्षतर्फ पूर्वसांसद तथा सो पार्टीका पोलिटब्युरो सदस्य सुदर्शन बराल छनोट भएका छन्। त्यस प्रदेशको समानुपातिक सदस्य उम्मेदवारहरूमा चित्रबहादुर केसी, सुमित्रा क्षेत्री, तेजेन्द्र सलामी मगर र दुर्गाप्रसाद ढकाल रहेका छन्। प्रदेश सभा क्षेत्र नम्बर- २ को प्रत्यक्षतर्फ क्रमश: लोकनाथ पाण्डे र रामचन्द्र कँडेल प्रदेश सभा सदस्यको उम्मेदवारमा छनोट भएका छन्।

प्रदेशको समानुपातिक सभासद उम्मेदवारमा क्रमश: गीता थापा, शेरबहादुर सर्तुङ्गे, मनिराम ज्ञवाली र सुनिता ठडराई रहेका छन्। प्रदेशसभा क्षेत्र नम्बर-३ मा प्रत्यक्षतर्फ खुमबहादुर थापा र भुवन केसी छनोट भएका छन्। त्यस प्रदेशको समानुपातिक सभासद उम्मेदवारमा क्रमश: राधिका खरेल, भुवन सुनार, धर्म विक र तिलक महत परेका छन्।

प्रदेश सभा क्षेत्र नम्बर-४ मा प्रत्यक्षतर्फ पार्टीका जिल्ला इन्चार्ज तथा पोलिटब्युरो सदस्य दिनेश पन्थी र केन्द्रीय सदस्य रिज्जु श्रेष्ठ छनोट भएका छन्। सो प्रदेशको समानुपातिक सदस्यको उम्मेदवार क्रमश: निमबहादुर पाण्डे, उषा बुढा मगर, विनिता पोखरेल र सूर्य बुढा मगर छनोट भएका छन्।

# सदरमुकाम माग गरिएको संघर्षले जिल्ला प्राप्त

**धनवीर दाहाल**
**रुकुमकोट, (पूर्वी रुकुम)**

सिस्ने गाँउपालिका-४ रुकुमकोट पूर्वी रुकुमकी ५४ वर्षीया दिलकुमारी मल्ल १० वर्षकी हुँदा आफ्नो ठाउँमा भएको रुकुम जिल्लाको सदरमुकाम खोसेर मुसिकोट लगिएको थियो। आफ्नै ठाँउमा भएको सदरमुकाम खोसेर रातारात लैंजादा दिलकुमारी मात्र होइन रुकुम पूर्व क्षेत्रका बासिन्दा अत्यन्तै दुखी भएका थिए।

मुसिकोटमा लगिएको सदरमुकाम रुकुमकोटमै फिर्ता ल्याउनका लागि ठूलो दलबलसहित स्थानीयको टोली मुसिकोट पुग्यो तर पनि उल्टै प्रहरीको गोली चलेर एक जनाको ज्यान गयो कयौं घाइते भए सदरमुकाम फर्किएन। आज दिलकुमारीजस्तै पूर्वी रुकुमका बासिन्दामा खुसीयाली छाएको छ। ४४ वर्षपछि आफ्नो माग पूरा भएको भन्दै पूर्वी रुकुमका बासिन्दाले साँच्चिकै सिंहदरबार गाँउ आएको अनुभूति गरेका छन्। रुकुमकोटका स्थानीय मोहन केसीले भने- 'जनताको माग बल्ल पूरा भएको छ। लामो संघर्षपछि हाम्रो माग पूरा भएको छ अब यसलाई समृद्ध बनाउनुपर्छ।'

स्थानीय तारक शाह पनि रुकुमको पिछडिएको क्षेत्रलाई माथि उकास्न निकै संघर्ष गरेको बताउँछन्। उनले अब साँच्चीकै अब पूर्वी रुकुमलाई नमुना जिल्ला बनाउनुपर्नेमा जोड दिए। यस्तै स्थानीय नन्दलाल शर्मा पनि पूर्वी रुकुमलाई देशकै नमुना जिल्ला बनाउन आफू कहाँ कसरी लाग्नुपर्छ त्यसरी लाग्ने बताउँछन्। सदरमुकामका लागि गरिएको संघर्षले जिल्ला पाइएपछि पूर्वी रुकुमबासी खुसी हुनु स्वभाविक थियो। रुकुमलाई विभाजन गरिएको भनि वर्तमान गृहमन्त्री जनार्दन शर्माले विखण्डनकारीको आरोप पनि लगाइ मागे तर अन्तिममा आएर रुकुम जिल्ला विभाजन नभई बिस्तार भएको भनि उनले बुझाएपछि उनले गरेको कामको यतिबेला चौतर्फी सहयोग भइरहेको छ।

हालै मात्र गृहमन्त्री शर्माले पूर्वी रुकुम जिल्ला औपचारिक रूपमा उद्घाटन गरे। गृहमन्त्रीसँगै गृहराज्यमन्त्री तथा सिंगो गृह मन्त्रालय मातहतको निकायका प्रमुखहरू रुकुमकोटमा सहभागी भएर पूर्वी रुकुमबासीको खुसीयालीसँगै खुसी साटे। उनीहरूले खुसी मात्र साटेनन् पूर्वी रुकुमलाई नमुना जिल्ला बनाउन आ -आफ्नोतर्फबाट काम गर्न प्रतिबद्धतता जनाए। उनीहरूको प्रतिबद्धता कार्यान्वयन होस भनी स्थानीयले अनुरोध गरेका थिए।

नयाँ जिल्ला पूर्वी रुकुमको प्रस्तावित सदरमुकाम रुकुमकोटमा बिहीबार विभिन्न सरकारी कार्यालयहरूको उद्घाटन गर्दै मन्त्री शर्माले जनताको मागअनुसार नै रुकुम २ जिल्लामा बिस्तार भएको जानकारी दिनुहुँदै रुकुमलाई २ जिल्लामा बिस्तार गर्दा आफूलाई केहीले विखण्डनवादी भनेर आरोप लगाएको स्मरण गरे। मन्त्री शर्माले आफू जनताको चाहनामा अडिग भएर लागेका कारण आज पूर्वी रुकुम जिल्ला बन्न सम्भव भएको बताए। सिंगो रुकुम हुँदा शुरु भएको एकीकृत विकास योजना अब दुवै जिल्लामा समान रूपमा सञ्चालन गरिने पनि बताए। पूर्वमन्त्री गणेशमान पुनले संघीयताको उपलब्धी भएको बताए। उनले वर्षौंको संघर्ष अहिले आएर उपलब्धीमा परिणत भएको बताए। गृहराज्यमन्त्री श्यामकुमार श्रेष्ठले पूर्वी रुकुमका लागि आफूले गर्न सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाए। पूर्वमन्त्री दलजित श्रीपालीले जनताको मागअनुसार जिल्ला पाइएको बताए।

गृह सचिव लोकदर्शन रेग्मीले पूर्वी रुकुमका लागि मन्त्रालयबाट गर्नुपर्ने काम गर्ने जानकारी दिए। सामान्य मन्त्रालयका सचिव मोहनकृष्ण सापकोटा, प्रहरी महानिरीक्षक प्रकाश अर्याल, सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठ, राष्ट्रिय अनुसन्धान प्रमुख दिलिपराज रेग्मीलगायत गृह मन्त्रालय मातहतका उच्च व्यक्तित्वहरूको सहभागिता रहेको थियो।

# पशु सेवा केन्द्रमा कर्मचारी नबस्दा सेवाग्राही मर्कामा

**विनोद सिंह विष्ट, बैतडी**

बैतडीका विभिन्न स्थानमा स्थापना गरिएका पशुसेवा केन्द्रहरू कर्मचारीको अभावमा बन्द अवस्थामा छन्। जिल्लाका अधिकांश केन्द्रमा पठाइएको कर्मचारी खटाएको सेवा केन्द्रमा नबस्दा ग्रामीण किसानले सेवा पाउन सकेका छैनन्।

जिल्लाको डिलाशैनीमा रहेको पशुसेवा केन्द्रमा कर्मचारी नबस्दा पशुपालक किसानले मर्कामा परेको गुनासो गरेका छन्। पशुसेवा केन्द्रमा खटिएका तीन जना प्राविधिक कार्यालयमा नबस्दा किसानहरू सेवाबाट वञ्चित बनेका हुन्।

डिलाशैनी ७ धामी गाउँमा रहेको पशुसेवा केन्द्र 'ख'मा तीन जना प्राविधिक मध्ये पछिल्लो समय एक जना शंकर साउद कार्यरत रहनुभएको थियो अहिले उहाँ पनि कार्यालय नभेटिने गरेको स्थानीय पंकज धामीले बताउनुभयो। 'कार्यालय सधैं बन्द हुन्छ, प्राविधिकहरूलाई गाउँमा नभेटेको महिनौ भइसक्यो।' -उहाँले भन्नुभयो

धामीगाउँमा गएको एक हप्तामा मात्रै दुई बाख्रा र १ खसी अज्ञात रोगका कारण मरेका छन् भने आधा दर्जन बाख्रा बिरामी रहेको स्थानीय कृषकहरूले बताएका छन्। तर प्राविधिक नहुँदा रोगको उपचार तथा नियन्त्रणका लागि समस्या भएको छ। पशुसेवा केन्द्र विगत एक वर्षदेखि बन्द अवस्थामै देखिने गरेको स्थानीयहरू बताउँछन्। सेवा केन्द्रको कार्यालयमा सधैं ताला लगाइएको भेटिन्छ। तीन वर्षअघि बनेको दुईकोठे पक्की भवन पनि रेखदेख नहुँदा जीर्ण बनेको छ। सेवाकेन्द्रको कार्यालयमा कुनै बोर्ड पनि राखिएका छैन भने कोठा पनि खुल्लै छोडिएको डिलाशैनीका स्थानीय बासिन्दाले गुनासो गरेका छन्।

कार्यालय सहयोगीकै घरमा केही औषधि राखिएको तर कार्यालय अधिकांश बन्द हुने गरेको स्थानीय लक्ष्मण धामीले बताउनुभयो।


**कम्पनीको नाम परिवर्तन गरिएको बारे सूचना**

मिति २०७३/१२/३० गतेका दिन दर्ता भएको "एशियन रिफ्रेन्स ल्याब्रोटोरी एण्ड रिसर्च सेन्टर प्रा.लि."को विशेष कारणवश नाम परिवर्तन गरी "एशियन डाईग्नोष्टिक ल्याब्रोटोरी प्रा.लि." रहन गएको सूचना सबैमा जानकारी गराउँदछौं ।

| सविकको नाम | हालको नाम |
|---|---|
| "एशियन रिफ्रेन्स ल्याब्रोटोरी एण्ड रिसर्च सेन्टर प्रा.लि." | "एशियन डाईग्नोष्टिक ल्याब्रोटोरी प्रा.लि." |

**ठेगाना :- बुटवल-६, तिलोतमापथ, रुपन्देही**
**फोन नं. :- ०७१-५४१३२५, ५४२३२५**
**पान नं. :- ६०५९६५८४९**
**रेजिश्ट्रेशन नं. :- ०१६६९६६/०७३/०७४**

**कम्पनीको नाम परिवर्तन भएको सुचना ।**

उपरोक्त सम्वन्धमा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको द.नं. ११६६२९ भएको ए.एन.बि ट्राभल्स एण्ड टुर्स प्रा.लि.को मिति २०७४/०४/०९ मा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाम **एभोव एण्ड वियोण्ड ट्राभल्स एण्ड टुर्स प्रा.लि.** कायम गरिएको छ। साथै साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा व्यहोर्नु पर्ने दायित्व परिवर्तित कम्पनीले नै सकार्ने व्यहोर्ने गरी नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयले पनि मिति २०७४/०५/१५ मा स्विकृती दिएको हुदा सम्वन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**स्वास्थ्य मन्त्रालय**
**कान्ति बाल अस्पताल, महाराजगञ्जको**
**बोलपत्र स्वीकृत गरिने आशयको सूचना**

यस अस्पतालको मिति २०७४/०५/०५ मा प्रकाशित ठेक्का नम्बर १३/२०७४-७५ (मेडिकल गुड्स सप्लाई) को लागि निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रको परीक्षण तथा मुल्याकन गर्दा श्री मन्डली मनकामना इन्टरप्राईजेज, काठमाडौंको कबुल अंक रु. ४३,६७,८१७/२५ (त्रिचालिस लाख सत्सठ्ठी हजार आठसय सत्र रुपैया पच्चीस पैसा मात्र) भएको बोलपत्र यस अस्पतालको मिति २०७४/०६/२४ को निर्णयानुसार स्वीकृत भएकोले सार्वजनिक खरिद ऐनको दफा २७(२) को प्रयोजनार्थ सो बोलपत्रमा भाग लिने तथा अन्य सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Eastern Regional Road Directorate
Gaighat Diktel Road Project, Gaighat

**Invitation for Bids**

Tender Notice Number: 01-2074/75

**First Date of Publication: 2074/06/25 (Oct 11, 2017)**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Eastern Regional Road Directorate, Gaighat Diktel Road Project, Gaighat invites open competitive bidding (Single stage single envelope sealed bids or electronics bids) from eligible bidders for the construction of works given in the table below under National Competitive Bidding Procedures.

| S. N. | Contract No. | Description of works | Estimated Amount Without VAT | Price of bidding document (Nrs.) | Bid Security Amount (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | GDRP/337101-4/074/75-01 | Assembling & Disassembling of Bailey Bridge over Sunkoshi River at Foxingtar | **7,575,741.64** | 3,000.00 | 190,000.00 |

2. **Bid Validity Period, Bid Security Validity Period, Date of Pre-bid meeting, Purchasing, submission and opening of bids for the contract are :**

| Bid validity period | Bid security validity period | Pre-bid meeting | Last date of Purchase of bids | Last date of Submission of bids | Opening of Bids |
|---|---|---|---|---|---|
| 90 days from bid opening | 120 days from bid opening | Location : Project Office, Gaighat. on Oct 29, 2017 at Time : 11:00 hrs | Date : Nov 09, 2017 Time : up to 17:00 hrs | Location : Project Office, Gaighat. on and before Nov 10, 2017 12:00 hrs | Location : Project Office, Gaighat. at Nov 10, 2017 13:00 hrs |

3. A complete set of Bidding Documents may be purchased from Gaighat Diktel Road Project, Gaighat and District Treasury Comptroller Office, Gaighat by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of stated above. Or Bidders who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents from PPMO's Web Site www.bolpatra.gov.np/epg. Bidders may purchase bidding document by paying the bid document fee in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy of the Bank voucher must be uploaded at the time of electronic submission of the bids.

**Information to pay the bid document fee in Bank:**

| Name of Bank | Account Name | Office Code No. | Office Account No. | Rajaswa (Revenue) Shirshak No. | Deposit Account No. |
|---|---|---|---|---|---|
| **Rastriya Banijya Bank, Gaighat** | **Ko.Le.Ni.Ka. Gaighat** | **13-337-03** | **Ka 1-1- 001** | **14227** | **2090203000000** |

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gaighat Diktel Road Project, Gaighat.Tel:+977-35-420492, Fax:+977-35-420492 or may visit PPMO's website **www.bolpatra.gov.np/egp.**
5. Bids must be submitted to the **Gaighat Diktel Road Project, Gaighat** by hand/courier or through PPMO's website **www.bolpatra.gov.np/egp.** on or before the date as stated in above table. Bids received after this deadline will be rejected.
6. If the date of pre-bid meeting, last date of purchasing, submission and opening falls on a government holiday, the next working day shall be considered as last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Any amendment in the notice shall be pasted on the notice board of the client's office and PPMO's website.

**Project Chief**

# विश्व

**जोखिम**

क्यालिफोर्नियाको डेढेलो ग्रस्त इलाका ग्लेन एलेनमा आफ्नो घरलाई आगोले टिपेपछि घरको छतबाट हाम्फाल्दै एक स्थानीय।



**दैनिकी**

दुई हप्ताअगाडि सामुद्रिक मारियाको चपेटामा परेको प्युर्टो रिकोमा इस्रिटु सान्टो नदीमा आफ्ना छोराहरूसँग लुगा धुँदै गरेकी महिला मारिय चिसियानो।



2017, OCT Wednesday 11

विश्व २ मिनेट

**अमेरिका**

## मंगलग्रहमा पानी

नासा, (एजेन्सी)

नासाका वैज्ञानिकहरूले मंगलग्रहमा विशाल ताल रहेको प्रमाण फेला परेको बताएका छन्। नासाको मार्स रिकनेसन्स अर्बिटर अन्तरिक्षयान प्रयोग गरिरहेका वैज्ञानिकहरूले उक्त आश्चर्यजनक तथ्य फेला पारेका हुन्। उक्त प्राचीन सुकिसकेको तालको पिँधमा कुनै बेला सम्पूर्ण ग्रेट लेकको दश गुणा पानी रहेको अनुमान गरिएको छ। यो खोजले अर्बौं वर्षअगाडि यस रातो ग्रहमा जीवनको सम्भावना रहेको कुरालाई बल पुऱ्याएको छ। यसले हाम्रो ग्रहमा जीवनको शुरुआत कसरी भयो भन्ने विषयमा पनि जानकारीहरू प्राप्त हुने आशा गरिएको छ। एरिडानिया बेसिनमा जम्मा भएका प्रचुर खनिजले कुनै बेला त्यहाँ पानी रहेको पुष्टि गरेको जनाइएको छ।

**बेलायत**

## फिंगरप्रिन्टको अनौठो प्रयोग

लन्डन, (एजेन्सी)

कसैले यौन सम्पर्कका बेला कन्डम प्रयोग गरेको छ वा छैन भन्ने पत्ता लगाउन फिंगरप्रिन्टको नयाँ प्रविधि प्रयोग गर्ने भएको छ। फिंगरप्रिन्टको यो प्रविधिको प्रयोग कुनै अभियुक्तविरुद्ध प्रमाण जुटाउने उद्देश्यले हुने जनाइएको छ। यो प्रविधिबाट कसैले कपालमा कुनै ब्रान्डको जेल लगाएको छ भन्ने पनि पत्ता लगाउन सक्नेछ। यो प्रविधिमा फिंगरप्रिन्टमा रहेको फरक फरक तत्त्व पत्ता लगाउन सक्ने स्पेक्ट्रोमेट्रीको प्रयोग हुनेछ। यसबाट मदिरा तथा लागूपदार्थ सेवन गरेको पनि पत्ता लगाउन सकिनेछ। यो प्रविधिको प्रयोग ३० वर्ष पुरानो फिंगरप्रिन्टमा रहेको रगतको पहिचान गर्नका लागि गरिएको डाक्टर सिमोना फ्रिान्सिसले बताइन्।

**अमेरिका**

## भयानक डढेलो

सानफ्रान्सिस्को,, (एजेन्सी)

अमेरिकाको क्यालिफोर्नियाको वाइन इलाकामा तीव्र गतिमा फैलिरहेको आगलागीका कारण कम्तीमा एघार व्यक्तिको ज्यान गइसकेको छ। १ हजार ५ सयवटा भौतिक संरचना नष्ट हुनुका साथै थुप्रै मानिसलाई खाली गराइसकेको उत्तरी क्षेत्रमा अमेरिकी सरकारले संकटकालको घोषणा गरिसकेको छ। उक्त डरलाग्दो डढेलोका कारण क्यालिफोर्निया राज्यको नापा, सोनोमा र युवा काउन्टीबाट करिब २० हजार बासिन्दा भागिसकेका छन्। यस्तो दुर्घटना दक्षिणी क्यालिफोर्नियामा प्रायः भइरहने गर्छ। तर सुख्खा मौसम र बेसरी हावा चलेको कारण उत्तरमा पनि यो घटना घटेको हो।

**अमेरिका**

## गार्डमाथि हमला

लस भेगास, (एजेन्सी)

अमेरिकाको लस भेगासको संगीत महोत्सवमा नजिकैको मन्डाले क्यासिनो रिसोर्ट होटेलको ३२औं तल्लाबाट आक्रमण गर्ने ६४ वर्षीय स्टेफन प्याडकले आक्रमण थाल्नु ६ मिनेटअघि गोली हानेर एकजना सुरक्षा गार्डलाई घाइते बनाएको सरकारी अधिकारीहरूले मंगलबार बताएका छन्। यस अघिसम्म अनुसन्धानकर्ताहरूले आक्रमण गरिरहेका बेला प्याडकलाई ती गार्डले रोक्न खोजेको बताउँदै आएका थिए। अनुसन्धानको यस नयाँ तथ्यले प्रहरीले समयमै प्याडकलाई कसरी ठम्याउन नसकेको भन्ने प्रश्नहरू उठ्ने सम्भावना रहेको छ। उक्त आक्रमणमा ५८ जनाको ज्यान जानुका साथै ५ सयभन्दा बढी घाइते भएका थिए।

# दक्षिण कोरियाली गोप्य सैनिक दस्तावेज चोरिएको दाबी

## प्योङ्याङविरुद्ध नयाँ हतियार विकास

सोल, (एजेन्सी)

उत्तर कोरियाका ह्याकरहरूले ठूलो परिमाणमा दक्षिण कोरियाको गोप्य सैनिक दस्तावेजलगायत उत्तरको सर्वोच्च नेता किम जोङ उनको हत्या षड्यन्त्र योजना चोर्न सफल भएको बताइएको छ।

दक्षिण कोरियाका विधायक रि चोल हीले आफ्नो राष्ट्रको रक्षा मन्त्रालयबाट यो सूचना प्राप्त भएको मंगलबार बताएका छन्। यसरी चोरिएका दस्तावेजमा संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाले तयार पारेको युद्धकालीन आपत्कालीन योजनाहरू पनि रहेको बताइएको छ।

साथै दुवै राष्ट्रका वरिष्ठ कमान्डरहरूले तयार पारेका प्रतिवेदन पनि ह्याक भएको बताइएको छ। तर दक्षिण कोरियाको रक्षा मन्त्रालयले भने यस सम्बन्धमा कुनै पनि टिप्पणी गर्न अहिलेसम्म अस्वीकार गरेको छ।

दक्षिण कोरियाको विशेष फौजको योजनाहरू महत्त्वपूर्ण ऊर्जा केन्द्र तथा सैन्य परिसरका सूचना पनि चोरिएको बताइएको छ। रिले रक्षा एकीकृत तथ्यांक केन्द्रबाट करिब २ सय ३५ जिगावाइट सैनिक दस्तावेज चोरिएको र तीमध्ये ८० प्रतिशत चोरिएको सूचनाको पहिचान गर्न बाँकी रहेको बताएका छन्। सो ह्याकिङ गतवर्षको सेप्टेम्बरमा भएको थियो।



गत मे महिनामा दक्षिण कोरियाले थुप्रो परिमाणमा डाटा चोरिएको र उत्तर कोरियाले साइबर आक्रमण गरेको हुनसक्ने जनाएको थियो। उत्तर कोरियाले भने ह्याकिङको आरोप अस्वीकार गरेको छ। दक्षिण कोरियाको सरकारी समाचार निकाय योन्हापले पछिल्ला केही वर्षयता छिमेकी कम्युनिस्ट राष्ट्रले थुप्रै सरकारी वेबसाइट र परिसरमाथि लक्षित गर्दै लगातार साइबर आक्रमण गरिरहेको जनाएको थियो।

अन्तर्राष्ट्रिय जगत्बाट अलग्गिएको उत्तर कोरियाले चीनलगायत अन्य समुद्रपारीका राष्ट्रमा ह्याकरहरूलाई विशेष तालिमका लागि पठाउने गरेको विश्वास गरिएको छ। उत्तर कोरियाले भने दक्षिण कोरियाले यस विषयलाई निकै बढाईचढाई गरेको जनाएको छ।

उत्तर कोरियाको विवादास्पद आणविक हतियार विकास कार्यक्रमको कारण संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले केही समयअघि उत्तर कोरियामाथि थप नयाँ नाकाबन्दी गरेको थियो।

पछिल्ला समयमा लामो दूरीका अन्तर महादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र र हाइड्रोजन बमसमेत परीक्षण गरेको उत्तर कोरियाले अमेरिकामाथि आणविक आक्रमण गर्ने धम्की दिँदै आएको छ। प्योङ्याङले केही समयअघि दुईपटक जापानको भूमिमाथिबाट क्षेप्यास्त्र परीक्षण गरेपछि अन्तर्राष्ट्रिय जगत् निकै तनाबमा परेको थियो। चीनले समेत यसपालि उत्तर कोरियालाई दिँदै आएको पेट्रोल रोक्ने र उत्तरबाट कपडा आयात बन्द गर्ने निर्णय गरेको थियो।

यसैबीच दक्षिण कोरियाली सेनाले उत्तर कोरियाले बढाउँदै लगिरहेको आणविक क्षमतालाई मध्यनजर राख्दै उत्तरसँग लड्नका लागि नयाँ तथा शक्तिशाली हतियार विकास गरिरहेको छ।

राजधानी सोलको प्रतिरक्षा विकास निकाय (एडीडी)ले आफूले गैरघातक हतियार ग्राफाइट बम बनाउने प्रविधि हासिल गरेको र यदि युद्ध शुरू भएको खण्डमा त्यसको प्रयोगबाट उत्तर कोरियाको ऊर्जा प्रणालीलाई ध्वस्त पार्न सकिने कुरा आइतबार योन्हाप समाचार निकायलाई जानकारी दिएको छ। 'ब्ल्याकआउट बम' नामक ती ग्राफाइट बमलाई विमानबाट भनेको स्थानमा सजिलै खसाल्न सकिने बताइएको छ।

### चारवटा जहाज प्रतिबन्धित

यसैगरी संयुक्त राष्ट्र संघले उत्तर कोरियामाथि लगाइएको नाकाबन्दी उल्लंघन गरी चलाइएका विश्वका विभिन्न बन्दरगाहबाट हिँडेका जहाजमाथि प्रतिबन्ध लगाएको छ। उत्तर कोरियाली नाकाबन्दीका लागि गठित आयोगका संयोजक ह्युग ग्रिफिथले यसलाई अप्रत्यासित कदमको संज्ञा दिएका छन्।

प्रतिबन्धित गरिएका जहाजहरूमा पेट्रेल ८, हाओ फान ६, तोंग सान २ र जिय सुन रहेको बताइएको छ। सोमबार संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को बैठकले यो प्रतिबन्धका लागि निर्णय गरेको बुझिएको छ। प्योङयाङको छैठौं तथा अहिलेसम्मकै सबैभन्दा ठूलो आणविक परीक्षणपछि सुरक्षा परिषद्ले थप नाकाबन्दी लगाएको थियो। ग्रिफिथले ती जहाजहरूले प्रतिबन्धित वस्तुको ओसारपसार गरिरहेको भेटाइएको बताएका छन्। सो प्रतिबन्ध ५ अक्टोबरदेखि लागू गरिएको हो।

मरिन ट्राफिक वेबसाइटले पेट्रेल ८ कोमोरोसमा, हाओ फान ६ सेन्ट सकटस र नेभिस तथा तोंग सान २ उत्तर कोरियामा दर्ता गरिएको जहाज भएको बताएको छ। तर जिय सुन कुन राष्ट्रमा दर्ता गरिएको भन्ने उल्लेख गरिएको छैन। गत अगस्टमा सुरक्षा परिषद्ले उत्तर कोरियाबाट कसैले पनि कोइला, सामुद्रिक खाना र फलाम आयात गर्न नपाइने जनाएको थियो।



# ट्रम्पका पत्नीहरुबीच प्रथम महिलाको विवाद

वासिङटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पकी पूर्वपत्नी इवाना ट्रम्पले एबीसी न्युजको 'गुड मर्निङ अमेरिका' कार्यक्रममा आफू नै प्रथम महिला भएको बताएकी छिन्।

उक्त कार्यक्रममा बोल्दै उनले भनिन्- 'म ट्रम्पकी पहिलो पत्नी हुँ, म नै प्रथम महिला हुँ।'

चेक गणराज्यकी पूर्वमोडल इवानाले ह्वाइट हाउससँग उनको सीधा सम्पर्क रहेको तर यसबाट कसैलाई जलन होस् भन्ने आफूले नचाहेको बताइन्।

आफ्नो किताब 'रेसिङ ट्रम्प' प्रकाशित हुन लागेकामा त्यसको प्रचारमा लागेकी इवाना ट्रम्प उक्त कार्यक्रममा सहभागी भएकी थिइन्। कार्यक्रममा उनले किताबको चर्चा गरेकी थिइन्।

इवाना र डोनाल्ड ट्रम्पको विवाह सन् १९७७ मा भएको थियो। उनीहरूबीचको सम्बन्ध सन् १९९०को दशकसम्म कायम थियो। यसबीच ट्रम्पको मार्ला मेपल्स नामकी एक महिलासँग अफेयर चलेपछि सन् १९९२ मा उनले सम्बन्ध विच्छेद गरेकी थिइन्। मार्लाले पछि ट्रम्पसँग विवाह पनि गरिन्।

इवाना र डोनाल्डको तीन बच्चा छन्। डोनाल्ड जुनियर, इवान्का र एरिक ट्रम्प। तपाईं कस्तो आमा हुनुहुन्थ्यो? भन्ने प्रश्नको जवाफमा इवानाले भनिन्- 'म अत्यन्त कडा थिएँ। तर आफ्ना बच्चाहरूलाई अत्यन्त माया गर्थें।'

ट्रम्पको बारेमा उनले भनिन्- 'डोनाल्ड



फोनमैं व्यस्त हुन्थे, व्यापार गरिरहेका हुन्थे। उनी बच्चाहरूलाई माया गर्थे। तर तपाईं मलाई गलत नठान्नुहोला, उनले सबै कुरा पुऱ्याउँथे। तर उनी त्यस्तो पिता भने होइनन्, जसले स्ट्रलरमा घुम्ने, सेन्ट्रल पार्क जान वा उनीहरूसँग बेसबल खेल्छ।'

इवानाले भनिन्- 'जब बच्चाहरू १८ वर्षका भए, त्यतिबेला उनले कुरा गर्न शुरू गरे। किनभने त्यतिबेला उनीहरू व्यापारको कुरा गर्न सक्ने भएका थिए। त्यसभन्दा अगाडि बच्चासँग कसरी कुरा गर्नुपर्छ भन्ने पनि उनलाई थाहा थिएन।





इवानाले उक्त सोमा आफ्ना पूर्वपतिसँग १५ दिनमा एकपटक भए पनि कुरा गर्ने गरेको बताइन्। 'मसँग ह्वाइट हाउसमा ट्रम्पको सीधा सम्पर्क गर्ने नम्बर छ तर म उनलाई फोन गर्न चाहन्नँ, किनभने मेलानिया त्यहाँ हुन्छिन्।' -उनले बताइन्।

'कसैलाई कुनै प्रकारको जलन वा अन्य केही होस् भन्ने मैले चाहेको छैन। वास्तवमा म नै ट्रम्पकी पहिलो पत्नी हुँ। म नै फर्स्ट लेडी हुँ।'

इवानाको उक्त टिप्पणीलाई लिएर ट्रम्पकी वर्तमान पत्नी मेलानियाले आफ्नी प्रवक्ता स्टेफनी ग्रिस्ममार्फत तीखो जवाफ दिएकी छिन्। 'श्रीमती ट्रम्पले ह्वाइट हाउसमा बेरन (उनका छोरा) र राष्ट्रपतिका लागि घर बनाएकी छिन्।

उनलाई वासिङटन डिसीमा बस्न मनपर्छ र उनी अमेरिकाकी प्रथम महिलाका रूपमा आफ्नो भूमिकालाई लिएर सम्मानित महसुस गर्छिन्। उनी आफ्नो यस भूमिका र उपाधिको प्रयोग बच्चाहरूको मद्दतका लागि उपयोग गर्न चाहन्छे, न कि किताब बेच्नका लागि।' - प्रवक्ताले बताएकी छिन्। एक पूर्वपत्नीका तर्फबाट आएको यो बयानको कुनै तौल छैन। दुर्भाग्यवश यो ध्यान तान्नका लागि आफैंले गरेको हल्ला मात्र हो।

इवाना र मेलानियाबीच भएको यो टीकाटिप्पणीलाई कुनै प्रथम महिला र राष्ट्रपतिकी पूर्वपत्नीबीच भएको पहिलो सार्वजनिक वादविवाद मानिएको छ। ट्रम्पअगाडी रोनाल्ड रेगन पूर्वपत्नीसँग पारपाचुके लिएका अमेरिकी राष्ट्रपति थिए।

# सय करोडको मानहानी मुद्दा



नयाँदिल्ली, (एजेन्सी)

भाजपा अध्यक्ष अमित शाहका छोरा जय अमित शाहले आफूविरुद्ध समाचार प्रकाशित गरेका न्युज वेबसाइट 'द वायर'मा आबद्ध सात जनामाथि आपराधिक मानहानीको मुद्दा दायर गरेका छन्।

अहमदावादको मेट्रोपोलिटन कोर्टमा जय अमित शाहले 'द वायर'का संवाददाता रोहिणी सिंह, संस्थापक सम्पादक सिद्धार्थ वरदराजन, सिद्धार्थ भाटिया, एमके वेणु, मोनोबिना गुप्ता, पामेला फिलिपोजमाथि उक्त मानहानीको मुद्दा दर्ता गरेका हुन्। उनले द वायरलाई सहयोग गर्दै आइरहेका ट्रस्ट फाउन्डेसन फर इन्डिपेन्डेन्ट जर्नलिजममाथि पनि मुद्दा दायर गरेका छन्।

रोहिणी सिंह द वायरका लागि जय अमित शाहको कारोबारमा अप्रत्यासित वृद्धि भएको विषयमा समाचार बनाएकी पत्रकार हुन्। उक्त समाचार आइतबार प्रकाशित भएको हो।

विपक्षको आरोपको जवाफ दिन रेल मन्त्री पियूष गोयलले आइतबार नै पत्रकार सम्मेलन बोलाएका थिए। उनले वेबसाइटमा छापिएको समाचारलाई लिएर अमित शाहका छोराले अहमदावादमा वेबसाइटका सम्पादक र संवाददाताविरुद्ध १ सय करोडको मानहानीको आपराधिक मुद्दा दर्ता गर्ने बताएका थिए।

कांग्रेसका प्रवक्ता कपिल सिब्बलले वेबसाइटमा प्रकाशित खबरलाई उद्धृत गर्दै सन् २०१५-१६ मा जय शाहको कम्पनीको वार्षिक कारोबार ५० हजारबाट बढेर ८० करोड ५० लाख पुगेकोमा जाँच हुनुपर्ने माग गरेका थिए।

सिब्बलले भाजपा सत्तामा आएपछि एक वर्षभित्र शाहको कम्पनीको आम्दानी १६ हजार गुणा बढेको आरोप लगाएका थिए।

संसद्मा पेस भएको विधेयकमा प्रदेश प्रमुखको तलब मासिक ६४ हजार रुपियाँ प्रस्ताव गरिएको छ। प्रस्ताव पारित भए अतिथि सत्कारवापत प्रदेश प्रमुखले मासिक ४० हजार रुपियाँ पाउनेछन् भने पोशाकका लागि वार्षिक रुपमा १८ हजार रुपियाँ पाउनेछन्।

## सर्वोच्चमा ३ न्यायाधीश नियुक्त

काठमाडौं, (नेस)

सर्वोच्च अदालतमा तीन जना नयाँ न्यायाधीश नियुक्त भएका छन्। मंगलबार राष्ट्रपति विद्यादेवी भण्डारीले बमबहादुर भण्डारी, डम्बरबहादुर शाही र टंकबहादुर मोक्तानलाई सर्वोच्चका न्यायधीश नियुक्त गर्नुभएको छ।

उहाँहरूलाई मंगलबार राष्ट्रपति कार्यालयमा आयोजित एक कार्यक्रमका बीच प्रधानान्यायाधीश गोपालप्रसाद पराजुलीले पद तथा गोपनियताको सपथ गराउनुभएको छ। नवनियुक्त न्यायाधीशहरू यस अघि क्रमशः उच्च अदालत, तुलसीपुर दाङ, उच्च अदालत, सुर्खेत र पाटनमा मुख्य न्यायाधीश रहनुभएको थियो।

न्यायपरिषद्बाट प्रस्तावित उहाँहरूको नाम सोमबार संसदीय सुनुवाइ विशेष समितिले सर्वसम्मत् रूपमा अनुमोदन गरेको थियो।

## अमेरिकामा सामूहिक म्ह पूजा हुने

काठमाडौं, (नेस)

अमेरिकी राज्य कोलोराडोमा प्रथम पटक म्ह पूजाको आयोजना गरिने भएको छ।

नेपाल सम्बत् ११३८ को उपलक्ष्यमा नेवाः दबू, कोलोराडोको आयोजनामा म्ह पूजा कार्यक्रमको आयोजना गरिन लागेको नेवाः दबू कोलोराडोले जनाएको छ। मौलिक नेवारी संस्कृतिको संरक्षण गर्ने मुख्य लक्ष्यसहित उक्त कार्यक्रमको आयोजना गरिन लागेको आयोजकले बताएको छ। दबूका अनुसार म्ह पूजा कार्यक्रम आगामी अक्टोबर २० का दिन हुनेछ। उक्त कार्यक्रममा अमेरिकामा बसोबास गर्ने नेपालीहरूको सहभागिता रहने जनाइएको छ।

## बस दुर्घटनामा एकको मृत्यु

काठमाडौं, (नेस)

धादिङको गुम्दीबाट सदरमुकाम नीलकण्ठ आउँदै गरेको यात्रुबाहक बस मंगलबार दुर्घटनामा परेको छ। दुर्घटनामा परी मृत्यु हुनेमा ५० वर्षीय होमबहादुर घले रहेका छन् भने ४३ जना घाइते भएका छन्। अन्य ७ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

तीव्र गतिका कारण बा३ख ४७८ नम्बरको यात्रुबस मोडमा दुर्घटना भएको छ। गम्भीर घाइतेहरूलाई जिल्ला अस्पताल धादिङमा उपचारपछि थप उपचारका लागि काठमाडौं ल्याइएको छ। अन्य सामान्य घाइतेहरूको धादिङमा नै उपचार भइरहेको प्रहरीले बताएको छ।

## सुरक्षा गार्डमाथि गोली प्रहार

राजविराज, (नेस)

सप्तरीको सुरुङ्गा नगरपालिका-६ कडरबोनास्थित त्रियुगा डिस्टिलरीमा कार्यरत सेक्युरिटी गार्डमाथि मंगलबार साँझ अज्ञात समूहले गोली प्रहार गरेको छ।

डिस्टिलरीमा डियुटी बसेको अवस्थामा साँझ ७.३० बजेको समयमा गार्ड नवराज कोइरालामाथि गोली प्रहार गरिएको हो। गोली प्रहारबाट घाइते कोइरालालाई उपचारका लागि अस्पताल पठाइएको छ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक मुकेशकुमार सिंहले कोइरालालाई लक्षित गरी अज्ञात समूहले गोली चलाए पनि अवस्था सामान्य रहेको बताएका छन्। तत्कालै घटनास्थल पुगेका एसपी सिंहले गोली हान्ने समूहको खोजीका लागि प्रहरी टोलीहरू परिचालन गरिएको जानकारी दिएका छन्।

## हाइटेन्सन तारले झड्का दिँदा घाइते

भद्रपुर, (नेस)

घरको काम गर्ने क्रममा हाइटेन्सन तारले झड्का दिँदा लडेर दुईजना गम्भीर घाइते भएका छन्।

झापाको कचनकवल-६ बनियानी बजारका तीर्थ दाहालको घरमा काम गरिरहेका बनियानी-६ का मोहन राजवंशी र वैशलाल राजवंशी घाइते भएको जिल्ला प्रहरी कार्यालय, झापाले जनाएको छ।

## वडा अध्यक्षको मृत्यु

बैतडी, (नेस)

बैतडीको दोगडाकेदार गाउँपालिका-४ का वडा अध्यक्ष मानबहादुरको विष्टको मंगलबार मृत्यु भएको छ।

वडाअध्यक्ष विष्टलाई शुक्रबार एक्कासि ज्वरो र उपचारका क्रममा भारतको बरेलीमा रहेको एक अस्पतालमा आज मृत्यु भएको दोगडाकेदार गाउँपालिका-४ का वडा सचिव प्रयागराज पन्तले जानकारी दिनुभयो। उहाँले भन्नुभयो-'शुक्रबार गाउँपालिकाको बैठकमै एक्कासि ज्वरो आएको थियो।'

विष्टलाई योभन्दा अगाडि कुनै ठूलो रोग नरहेको र एक्कासि बिरामी भएर मृत्यु भएको हुँदा कुन रोगले मृत्यु भयो भन्ने जानकारी नआएको उहाँले बताउनुभयो। दोगडाकेदार गाउँकार्यपालिकाका प्रवक्तासमेत रहेका ५२ वर्षीय विष्टका २ छोरा श्रीमती रहेका छन्।

# सरकारी स्तरबाटै सबै नेपालीको स्वास्थ्य बीमा

बीपी साह, काठमाडौं

अब सरकारी स्तरबाटै प्रत्येक नेपालीको बीमा हुने भएको छ। व्यवस्थापिका संसद्ले स्वास्थ्य बीमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेपछि प्रत्येक नेपालीको बीमा हुने भएको छ।

पारित भएको उक्त विधेयकमा सबै नागरिकलाई स्वास्थ्य बीमामा समेट्ने र यसका लागि छुट्टै स्वास्थ्य बीमा बोर्ड गठन गर्ने व्यवस्था राखिएको छ। स्वाथ्यमन्त्री गिरिराजमणि पोखरेलले सांसदले उठाएको प्रश्नको जवाफ दिँदै स्वास्थ्य बीमामा सबै नागरिकलाई समेटिने र नागरिकको संविधानप्रदत्त स्वास्थ्य अधिकार थप ग्यारेन्टी हुने बताउनुभयो।

पूर्वमन्त्री गगन थापाले सबै नागरिकलाई बीमामा समेट्ने विधेयक पारित भएकोमा खुसी व्यक्त गर्दै भन्नुभयो, 'विधेयक पास भएसँगै गुणस्तरीय उपचार सेवामा नागरिकको पहुँचको ढोका खुलेको छ।' थापाले नै उक्त विधेयक अगाडि बढाउनुभएको थियो।

त्यस्तै मंगलबार नै 'राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०७४ सर्वसम्मतिले पारित भएको छ। 'स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले विधेयक पारित गरियोस्' भन्ने प्रस्ताव गर्दै संविधानको मर्मअनुसार जनतालाई सहज स्वास्थ्य सेवा दिने सन्दर्भमा यो विधेयक महत्त्वपूर्ण हुने बताउनुभयो।

यसै गरी वाणिज्य मन्त्री मीनबहादुर विश्वकर्माले पेश गर्नुभएको 'वस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियमन गर्ने विधेयक, २०७४' लाई पनि संसद्ले पारित गरेको छ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री यज्ञबहादुर थापाले विवादित बन्दै आएको 'प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधासम्बन्धी विधेयक, २०७४' मा विचार गरियोस् भन्ने प्रस्तावलाई बैठकले पारित गरेको छ।

यससँगै प्रदेशका प्रमुखका पारिश्रमिक र सुविधासम्बन्धी विधेयक संशोधनका लागि खुला भएको छ। अब विधेयकमाथि ७२ घन्टासम्म संशोधन दर्ता गराउने बाटो खुलेको छ।

विधेयकमाथिको छलफलमा भाग लिँदै राष्ट्रिय जनमोर्चाकी सांसद मिना पुनः प्रदेश प्रमुख विरुद्ध मुद्दा चलाउन नपाइने भनेर राखिएको व्यवस्था सच्याउन माग गर्नुभयो। विभिन्न देशमा प्रदेश प्रमुखमाथि मुद्दा लागेका उदाहरण रहेको भन्दै उनले त्यसलाई सच्याउन माग गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद डिल्लीराज काफ्लेले स्थानीय तहका पदाधिकारीको पारिश्रमिक सम्बन्धी विधेयक रोकिएको बारे जानकारी माग गर्नुभयो।

यस्तै, कानुनमन्त्री यज्ञबहादुर थापाले विधेयकमा प्रदेश प्रमुखका लागि आवश्यक हुने न्यूनतम खर्च मात्र व्यवस्था गरिएको जिकिर गर्नुभयो।

संसद्मा पेस भएको विधेयकमा प्रदेश प्रमुखको तलब मासिक ६४ हजार रुपियाँ प्रस्ताव गरिएको छ। प्रस्ताव पारित भए अतिथि सत्कारवापत प्रदेश प्रमुखले मासिक ४० हजार रुपियाँ पाउनेछन् भने पोशाकका लागि वार्षिक रूपमा १८ हजार रुपियाँ पाउनेछन्।

प्रदेश प्रमुखलाई बढी अधिकार दिइएको भन्दै उक्त विधेयकको विरोध हुँदै आएको छ।

यसै गरी मंगलबार कै बैठकमा सांसदले निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद गौचनको हत्यामा संलग्नको खोजी तथा अनुसन्धानमा भइरहेको प्रगतिबारे सदनलाई जानकारी गराउन माग गर्नुभएको थियो। सभामुखसँग समय लिएर बोलेका अधिकांश सांसदले गृहमन्त्री जनार्दन शर्मा स्वयम् सदनमा उपस्थित भएर जानकारी गराउनुपर्ने माग गर्नुभएको थियो।

नेपाली कांग्रेसका सांसद दीपक गिरीले संघीय निर्वाचन र प्रदेश निर्वाचनको पूर्वसन्ध्यामा निर्माण व्यवसायी शरद गौचनको हत्या भएको भन्दै यस घटनाले मुलुकमा अपराधिकरण र नागरिकको असुरक्षा बढ्दै गएको पुष्टि गरेको दाबी गर्नुभयो। कांग्रेसकै सांसद रामहरी खतिवडाले गृहमन्त्रीको राजीनामासमेत माग गर्नुभयो।

एमाले सांसद जनार्दन ढकालले गौचनको हत्या घटनाले आमनागरिकको सुरक्षाप्रति सरकार गम्भीर नबनेको स्पष्ट भएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। अन्य सांसदले पनि छानविनको माग गर्नुभयो। मंगलबारको अन्तिम बैठक गणपूरक संख्यान पुगेपछि संसद् बैठक असोज २५ गतेसम्मका लागि स्थगित भएको छ। भाषा आयोग विधेयक पेश गर्ने क्रममा गणपूरक संख्या अपुग भएपछि बैठक २५ गतेलाई सारिएको हो। मंगलबार नै संसद् बैठक तीन पटक बसेको थियो।

तेस्रो बैठकले स्वास्थ्य बीमा विधेयक २०७४ र भाषा आयोग विधेयक २०७४ पारित गर्ने कार्यसूची थियो। स्वास्थ्य बीमा विधेयकपारित भए पनि भाषा आयोग पारितका लागि पेश गर्दा नेपाल मजदुर किसान पार्टीका सांसद डिल्लीराज काफ्लेले गणपूरक संख्या यकिन गर्न माग गर्नुभएको थियो। संख्या गणना गर्दा ९० जना सांसद मात्रै उपस्थित थिए।

# सरकारबाट मन्त्री हटाउन नमिल्ने निष्कर्ष

काठमाडौं, (नेस)

प्रधानमन्त्री शेरबहादुर देउवाले वाम गठबन्धनपछि सरकारमा सहभागी नेकपा माओवादी केन्द्रका मन्त्री हटाउने तयारी गरेपछि नेकपा एमाले र नेकपा माओवादी केन्द्रले निर्वाचन आचारसंहिता लागू भएकाले मन्त्री हटाउन नसक्ने निष्कर्ष निकालेका छन्।

सरकारका तर्फबाट माओवादी केन्द्रका मन्त्री हटाउने वा सरकार विस्तार तयारीप्रति एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले कानुन व्यावसायीसँग छलफल गर्नुभएको छ।

कानुन व्यावसायीले भने सरकारले मन्त्री हटाउने वा सरकार विस्तार गर्न नपाउने धारणा राख्दै निर्वाचन आचारसंहिता र अन्य संवैधानिक एवं राजनीतिक कारणले पनि त्यसो गर्न नपाइने धारणा राखेका थिए।

सिंहदरबारस्थित एमाले संसदीय दलको कार्यालयमा आज बसेको दुई दलका शीर्ष नेताको बैठकमा राष्ट्रिय सभा गठन र त्यसको प्रक्रियालाई कुन ढाँचामा लैजाने भन्ने बारेमा छलफल भएको हो।

छलफलमा सहभागी सांसद रामनारायण बिडारीले राष्ट्रियसभा गठन प्रक्रिया र निर्वाचन प्रणालीबारे छलफल भएको बताउनुभयो। व्यवस्थापिका संसद्ले प्रक्रियामा लैजान लागेको राष्ट्रियसभा निर्वाचनसम्बन्धी विधेयक सोही रूपमा अगाडि बढाउनुपर्ने धारणा सहभागीले व्यक्त गरेका थिए। एमाले र माओवादी केन्द्रबीच एकता प्रक्रिया अगाडि बढेपछि नेपाली कांग्रेसले एकल संक्रमणीय आधारमा नै राष्ट्रिय सभा गठनको प्रक्रिया अगाडि बढाउने धारणा राखेको छ।

राष्ट्रियसभामा ५९ सदस्य रहने संवैधानिक व्यवस्था छ। त्यसमा ५६ जना निर्वाचन प्रणालीबाट छानिनेछन् भने ३ जना मनोनित हुनेछन्।

बैठकमा एमाले अध्यक्ष केपी शर्मा ओली, एमाले उपाध्यक्ष बामदेव गौतम, संसदीय दलका उपनेता सुवास नेम्वाङ, पूर्वकानुनमन्त्री एवं सांसद अग्नि खरेल, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, 'प्रचण्ड', नारायणकाजी श्रेष्ठ, पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठलगायतको सहभागिता थियो। बैठकमा उम्मेदवारी चयनमा कार्यदलले गरेका प्रगतिबारे पनि छलफल भएको र शीघ्र सहमति जुटाउने कुरा भएको छ।

# दोलखाः तीन दलका तीन वीस उम्मेदवार

चिरञ्जीवी मास्के, दोलखा

आगामी मंसिर १० गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिस गर्न बसेको नेकपा एमाले जिल्ला कमिटी दोलखाको बैठकमा सर्वसम्मत नाम सिफारिसको सहमति हुन सकेन।

उम्मेदवारको नाम सर्वसम्मत हुन नसकेपछि दाबी गर्ने सबैको नाम केन्द्रमा पठाउने तयारी भै रहेको एमाले दोलखाका सचिव भरत दुलालले बताउनुभयो। उम्मेदवार बन्न चाहने कसैले नाम फिर्ता लिए भने समय दिने र त्यसो नभए चाहना राख्ने सबैको नाम केन्द्रमा पठाउने सचिव दुलालले बताए।

दोलखाबाट प्रतिनिधि सभाका लागि एमाले पोलिटब्युरो सदस्य पशुपति चौलागाईं, पूर्वमन्त्री आनन्दप्रसाद पोखरेल, केन्द्रीय सदस्य पार्वत गुरुङ, जिल्ला प्रचार विभाग प्रमुख धमेन्द्र मोक्तान र नेता दिब्यध्वज कार्कीले दाबी गरेका छन्।

त्यसै गरी प्रदेश सभाका लागि क्षेत्र नम्बर १ बाट केन्द्रीय अनुशासन आयोगका सदस्य शिवप्रसाद भण्डारी, प्रदेश सदस्य वसन्तराज कार्की, जिल्ला नेता गोपाल न्यौपाने, भीम दहाल, बाबुकाजी कार्की, श्याम वस्नेतलगायतले दाबी गरेका छन् भने क्षेत्र नम्बर २ बाट पूर्वजिविस सभापति लालकुमार केसी, केन्द्रीय उद्योग विभाग सदस्य बालकृष्ण शिवाकोटी, जिल्ला नेता दिनेश शिवाकोटी, गुणबहादुर बुढाथोकी, भुवन केसीलगायतले दाबी गरेको एमाले दोलखाले जनाएको छ।

त्यसैगरी प्रतिनिधि सभामा समानुपातिकतर्फबाट केन्द्रीय स्कुल विभाग सचिव इश्वरी रिजाल, पूर्वसांसद शान्ति पाखिनलगायतले दाबी गरेका छन् भने प्रदेश सभामा समानुपातिक तर्फबाट वैकल्पिक केन्द्रीय सदस्य रचना खड्का, प्रेस चौतारीका केन्द्रीय अध्यक्ष गणेश वस्नेत, शान्ति तमाङ, सरस्वती वस्नेत, धनबहादुर तामाङ, ठूला थामी, टेक घतानी, थीरबहादुर मोक्तान, माधव कायस्थलगायतले दाबी गरेको एमाले दोलखाका उपाध्यक्ष नरबहादुर श्रेष्ठले बताए।

# झापामा बलात्कारका घटनामा वृद्धि

भद्रपुर, (नेस)

पछिल्लो समय घरेलु हिंसाभन्दा पनि बलात्कार र बलात्कारको प्रयासका घट्ना हुने गरेको पाइएको छ। साझा सवालका लागि साझा मञ्च (कोकन) ले मंगलबार झापाको भद्रपुरमा आयोजना गरेको न्यायमा महिलाको पहुँच सुनिश्चितताका लागि सरोकारवाला निकायको भूमिका विषयक जिल्ला स्तरीय कार्यक्रममा यस्तो पाइएको हो।

कोकनका कानुनी सल्लाहकार कोषराज न्यौपानेले महिलाको न्यायमा पहुँचको अवस्था, समस्या र चुनौतीको विषयमा सहजीकरण गर्दै राष्ट्रिय महिला आयोगमा परेको उजुरीको तथ्याङ्क सार्वजनिक गरेका थिए।

आयोगमा ०७१।७२ मा महिला हिंसामा १ सय २ र घरेलु हिंसामा ३ सय १७ उजुरीमध्ये १७ ओटा जबरजस्ती करणीको मुद्दा रहेको न्यौपानेले बताए। त्यसै गरी ०७३।७४ मा २ हजार ४ सय ६ ओटा उजुरीमध्ये १ हजार ६ सय ४४ ओटा बलात्कार र बलात्कारको प्रयास रहेको तथ्याङ्क सार्वजनिक गरेका थिए।

यसरी हेर्दा परेको उजुरीमध्ये दुई तिहाइ बलात्कार र त्यसको प्रयास रहेको पाइएको उनको भनाइ छ। यस्ता घट्नामा कानून बने पनि व्यवहारमा लागू नभएका कारण न्यूनीकरणमा समस्या आएको उल्लेख गरेका थिए।

आर्थिक विपन्नता, लागूऔषध प्रयोगकर्ता, मादकपदार्थ सेवन, पोशाक पहिरन, खानपानलगायतको कारणले महिला हिंसा हुने गरेको सहभागीले बताएका थिए। यस्ता घट्नामा राजनैतिक दबाब, आर्थिक चलखेल, घट्नापश्चात सुरक्षित वासस्थानलगायतले पनि घट्नाको रूप फेरिने अधिकारकर्मी विष्णुप्रसाद खरेलले उल्लेख गरेका थिए।

पत्रकार र अधिकारकर्मीले सार्वजानिक नगरेसम्म घट्नालाई सामान्य रूपले हेरिने मनस्थिति परिवर्तन हुनुपर्ने धारणा राखेका थिए। मिलोमतोमा भएका यौनजन्य क्रियाकलापदेखि लिएर घरेलु हिंसाका घट्नामा तेस्रो पक्षले जानकारी पाएपछि मात्र बाहिर आउने गरेको जिल्ला प्रहरी कार्यालय, झापाका डीएसपी जितेन्द्र बस्नेतले बताए।

समाजमा देखिएका त्यस्ता क्रियाकलाप जानकारी आएमा कानुनी प्रक्रियाभन्दा बाहिर गएर काम नगरिने डीएसपी बस्नेतले उल्लेख गरेका थिए।

मञ्चकी अध्यक्ष मन्जिता उपाध्यायको सभापतित्वमा तथा भद्रपुर नगरपालिका प्रमुख जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कानुनी सल्लाहकार कमल कोइरालाले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए।

## युवकको हत्या

इलाम, (नेस)

दक्षिणी इलामको चुलाचुली गाउँपालिकामा एक युवकको गएराति मध्यरातमा हत्या भएको छ। चुलाचुली गाउँपालिका वडा नम्बर १ का सन्दिप फागोको शव हत्या भएको अवस्थामा मंगलबार बिहान ४ बजे भेटिएको थियो।

अनुहार र शरीरका विभिन्न भागमा चोटपटक लागेका फागोलाई धारिलो हतियार प्रयोग गरेर निर्ममतापूर्वक हत्या गरिएको थियो। उनको शव उनको घरदेखि करिब एक किलोमिटर पर फेला परेको थियो। घटनाको प्रकृति हेर्दा शोमबार राति साढे १२ बजेतिर हत्या भएको प्रहरी अनुसन्धानमा उल्लेख छ। फागोको हत्यापछि प्रहरीले हत्याको आशंकामा सोही गाउँपालिकाका तीनजनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ। प्रहरीका अनुसार चुलाचुली गाउँपालिका १ कासुमन विष्ट, बिग नेम्वाङ र चन्द्र लावतीलाई अनुसन्धानका लागि पक्राउ गरेको हो।

## गौचनको हत्याको भर्त्सना

नेपाल समाचारपत्र

हेटौंडा

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद्कुमार गौचनको काठमाडौंमा गोली हानी हत्या गरिएको घटनाको निर्माण व्यवसायी संघ मकवानपुरले भर्त्सना गरेको छ।

संघले विज्ञप्ति प्रकाशन गरी व्यवसायीको सुरक्षा दिन नसकेकोप्रति सरकारको विरोध गर्दै हत्याको भर्त्सना गरेको हो।

बानेश्वरको खरिबोट नजिक सोमबार दिउँसो गाडीमा सवार गौचनमाथि गोली प्रहार भएको थियो। अध्यक्ष गौचनको उपचारको क्रममा सिभिल अस्पतालमा मृत्यु भएको हो। संघ अध्यक्ष आनन्दराम पराजुलीद्वारा जारी विज्ञप्तिमा व्यवसायीमाथि भएको आक्रमण र हत्या घटनाले निजीक्षेत्र असुरक्षित भएको उल्लेख छ।

'राजधानीमा दिनदहाडै एक जिम्मेवार निर्माण व्यवसायीको हत्या हुनुले देशको सुरक्षा अवस्थालाई छर्लङ्ग पारेको छ। घटनामा संलग्नलाई छिटोभन्दा छिटो खोजी गरी कारबाहीका लागि हामी जोडदार माग गर्दछौं', विज्ञप्तिमा अध्यक्ष गौचनको हत्याले देश विकासको प्रमुख मेरुदण्डका रुपमा रहेका निर्माण व्यवसायीमाथि नै ठूलो हमला भएको उल्लेख छ।

यसरी निर्माण व्यवसायीलाई मुख्य निशाना बनाएर गरिएको हत्याको संघले भर्त्सना गरेको छ। दोषीलाई कारबाही गरी पीडित परिवार र सम्पूर्ण निर्माण व्यवसायीलाई न्याय दिलाउन सम्बन्धित निकायसमक्ष माग गरिएको छ।

राजधानीको मुख्य चोकमा नै घटना हुँदासमेत प्रहरी प्रशासनले दोषी पक्राउ गर्न ढिलाइ गर्नुले हत्यारा उम्कने खतरा देखिएको भन्दै संघले हत्यारा पक्रन तदारुकतासाथ लाग्न गृह प्रशासनसँग माग गरेको छ।

केन्द्रीय अध्यक्षको हत्याको विरोधमा महासंघले आह्वान गर्ने जुनसुकै कार्यक्रममा सक्रियतासाथ लागिपर्न संघले सदस्यहरूलाई आग्रह गरेको छ। केन्द्रीय समितिको निर्णयअनुसार सम्पूर्ण निर्माण काम ठप्प पारी पेशागत हकहितका लागि आन्दोलनमा लाग्न निर्माण व्यवसायीमा अध्यक्ष पराजुलीले आग्रह गरेका छन्।

### धरहरा ...

उहाँले धराहरा पुनर्निर्माणका लागि प्राधिकरण र पुरातत्त्व विभागलगायतका निकायसँग समन्वय र छलफल गरी निर्माण कार्य अघि बढाउने पनि बताउनुभयो।

प्राधिकरणका प्रवक्ता यमलाल भुषालले बीचसमयमा आएर टेलिकमले बनाउन नसक्ने बताएपछि प्राधिकरणले पुनर्निर्माण प्रस्ताव क्याविनेटमा पठाएको र छलफलको क्रममा रहेको बताउनुभयो।

प्राधिकरण स्रोतका अनुसार काठमाडौं महानगरपालिका, पुरातत्त्व विभागलगायतका निकायले धरहरा पुनर्निर्माणका लागि पहल थालेको तर कसैले पनि पुनर्निर्माणको कार्य अघि नबढाएको तथा यसमा खासै चासो नदेखाएको कारण धरहरा पुनर्निर्माण योजना अलपत्र परेको छ।

कुनै पनि सरोकारवाला निकायबाट धराहरा पुनर्निर्माणका लागि पर्याप्त चासो नदेखाएपछि प्राधिकरणले पुनर्निर्माण के-कसरी गर्ने र कसलाई जिम्मा दिने भन्ने विषयमा एक प्रस्ताव तयार पारेको हो। जुन प्रस्ताव मन्त्रिपरिषद्मा अहिले विचाराधीन रहेको छ।

धराहराको पुनर्निर्माण जनताकै पैसाबाट निर्माण गर्ने लक्ष्यकासाथ तत्कालीन ओली सरकारको पालामा 'मेरो धरहरा म आफैं बनाउछु' भन्ने अभियान शुरू गरेको थियो। तर यो अभियान खासै प्रभावकारी नभएको स्रोतले जनाएको छ। यो अभियानअन्र्तगत धराहराको पुनर्निर्माणको सहयोग रकम जम्मा गर्न बैंकमा खाता पनि सञ्चालन गरेको थियो।

उक्त खातामा पर्याप्त सहयोग रकम जम्मा हुन नसकेको पनि बताइएको छ।

ऐतिहासिक महत्त्व बोकेको तथा विश्व सम्पदा सूचीमा सूचिकृत धराहरा ध्वस्त भएको दुई वर्षभन्दा बढी भइसक्दा पनि पुनर्निर्माणले गति पाउन सकेको छैन। विभिन्न सरोकारवाला निकायबीच पुनर्निर्माणको विषयमा सहमति र समन्वय हुन नसक्दा धराहरा पुनर्निर्माण कार्य अलपत्र परेको छ।

### पैसाको...

यसै गरी वरिष्ठ उपाध्यक्ष कृष्णप्रसिाद गौतम, महासचिव रामशरण देउजा, कोषाध्यक्ष रोशन दाहाल, केन्द्रीय सदस्य दीपक गौतम, विशेष आमन्त्रित केन्द्रीय सदस्य रामजी पन्त र सूर्यबहादुर खड्का रहेका छन्। हत्यामा संलग्न अपराधीहरूको खोजीमा ढिलाइ गरेको भन्दै निर्माण ब्यवसायीहरूले सरकारलाई दबाब दिने उद्देश्यले जाम बुधबारबाट चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएका छन्।

### चुनाव मिति ...

बैठकले निर्वाचन सार्ने विषयमा कल्पनासम्म पनि गर्न नसकिने बताउँदै यदि सरकारले गलत कदम चाल्छ भने आफ्नो पार्टी र जनतालाई मान्य नहुने बताएको छ।

मंगलबार एमाले संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको स्थायी कमिटीको बैठकले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको नेतृत्व अध्यक्ष केपी शर्मा ओलीले नै गर्ने निर्णय गरेको छ। बैठकले चुनाव परिचालनको संयोजन पनि ओलीले नै गर्ने निर्णय गरेको एमाले केन्द्रीय कार्यालय सचिव कृष्णगोपाल श्रेष्ठले जानकारी दिनुभयो।

पार्टीका उपाध्यक्ष भीम रावलले निर्वाचनको मिति हेरफेर गर्ने काम संविधान, कानुन र निर्वाचन आचारसंहिताले पनि नदिने भएकाले माओवादीका मन्त्री सरकारबाट हटाउने निर्णय नलिन सरकारलाई सचेत गराउने निर्णय गरेको बताउनुभयो।

बैठकले समानुपातिकतर्फको उम्मेदवार तय गर्न आगामी असोज २६ र २७ गते पार्टी स्थायी कमिटीको बैठक बोलाउने निर्णय गरेको उपाध्यक्ष रावलले जानकारी दिनुभयो। निर्वाचन आयोगको कार्यतालिकाअनुसार आगामी असोज २९ गते दलले समानुपातिक तर्फको उम्मेदवारको बन्दसूची बुझाउने कार्यक्रम रहेको छ। बैठकले माओवादी केन्द्रसँग भएको चुनावी तालमेल र ६०/४० निर्वाचन क्षेत्र बाँडफाँडको विषयमा छिटो सहमतिमा पुग्न कार्यदललाई निर्देशन दिएको छ।

### निर्वाचन...

डा. यादवले जसरी भए पनि निर्वाचन जितेर माथि पुग्ने र त्यसपछि मतदातालाई बेवास्ता गर्ने प्रवृत्ति नदेखाउन राजनीतिक दल र उम्मेदवारलाई आग्रह गर्नुभयो।

निर्वाचनको तयारी बढाइरहेको बेला यस्ता हल्लाले काममा मनोवैज्ञानिक असर पार्ने भन्दै चुनाव सार्न परिकल्पना नगर्न पनि आयोगले जनाएको छ। सरकारले दलहरूको सहमतिमै मिति तोकेर त्यहीअनुसार आयोगले आफ्नो काम गरिरहेको र तयारीलाई अन्तिम अवस्थामा ल्याएका बेला त्यस्तो निर्णय नहोला भन्ने नलागेको आयोगका प्रवक्ता नवराज ढकालले बताउनुभयो।

आयोगले निर्वाचनका लागि आवश्यक पर्ने झन्डै २ लाख २५ हजार जनशक्तिका लागि विभिन्न चरणमा तालिम कार्यक्रम शुरू गरेको छ। गत असोज १७ गतेदेखि समानुपातिकतर्फको मतपत्र छाप्ने काम भइरहेको छ भने असोज १८ गते मतदाता नामावली पनि सार्वजनिक गरेको छ। यस्तै निर्वाचनका लागि चाहिने ६४ प्रकारका निर्वाचन सामग्रीको खरिद प्रक्रिया भइरहेको आयोगका प्रवक्ता ढकालले जानकारी दिनुभयो।

# अर्थ

2017, OCT
Wednesday
11

संसदको मंगलबार सम्पन्न बैठकमा अधिकांश सांसदले गृहमन्त्री जनार्दन शर्मा सदनमा स्वयम् उपस्थित भएर अनुसन्धान विषयमा जानकारी गराउनुपर्ने माग गरेको छ।

# गौचनको हत्याविरुद्ध निर्माण व्यवसायी आन्दोलित




**नेपाल समाचारपत्र**

काठमाडौं

सोमबार बानेश्वरमा हत्या गरिएका आफ्ना अध्यक्ष शरदकुमार गौचनको हत्यारालाई तत्काल कारबाही गर्न नेपाल निर्माण व्यवसायी महासंघले सरकारसँग माग गरेको छ। महासंघका पदाधिकारीले सोमबार प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटेर गौचनको हत्यारालाई तत्काल खोजी कारबाही गर्न माग गरेको हो।

व्यवसायीले गौचनलाई शहीद घोषणा गर्नुको साथै निर्माण व्यवसायीको सुरक्षाको प्रत्याभूति दिन समेत माग गरेका छन्। प्रधानमन्त्रीसँगको भेटमा महासंघका महासचिव रामशरण देउजाले अध्यक्षको हत्यासँगै अन्य पदाधिकारीलाई विभिन्न अज्ञात फोन नम्बरबाट धम्की दिने प्रवृत्ति बढेको बताउनुभयो। महासंघले अध्यक्षको हत्याले निर्माण व्यवसायी असुरक्षित भएको भन्दै आवश्यक सुरक्षा प्रबन्ध मिलाउन प्रधानमन्त्रीसमक्ष अनुरोध पनि गरेको छ।

जवाफमा प्रधानमन्त्री देउवाले गौचन हत्यापछिको घटनालाई आफूले नजिकैबाट अवलोकन गरिरहेको र दोषी पक्राउ गर्न सम्बन्धित निकायलाई निर्देशन दिइसकेको बताउनुभयो। अन्य व्यवसायीहरूलाई पनि धम्की आइरहेको सन्दर्भमा उहाँले व्यवसायीलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिन सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभयो।

यसैबीच व्यवस्थापिका संसदमा निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद गौचनको हत्या विषयमा छलफल भएको छ। छलफलमा संलग्न सांसदले गौचनको हत्यामा संलग्न रहेकाको खोजी तथा अनुसन्धानमा भएको प्रगतिबारे सरकारले सदनलाई जानकारी गराउन माग गरेका छन्। संसदको मंगलबार सम्पन्न बैठकमा अधिकांश सांसदले गृहमन्त्री जनार्दन शर्मा सदनमा स्वयम् उपस्थित भएर अनुसन्धान विषयमा जानकारी गराउनुपर्ने माग पनि गरे। छलफलमा सांसद दीपक गिरीले निर्वाचनको पूर्वसन्ध्यामा हत्याको घटनाले मुलुकमा अपराधीकरण र नागरिकको असुरक्षा बढ्दै गएको पुष्टि भएको बताउनुभएको थियो। सांसद रामहरि खतिवडाले गृहमन्त्रीको राजीनाको माग गर्नुभएको थियो।

त्यस्तै सांसद जनार्दन ढकालले गौचनको हत्या घटनाले आमनागरिकको सुरक्षाप्रति सरकार गम्भीर नबनेको स्पष्ट भएको बताउनुभएको थियो। सांसद रामनारायण विडारी, योगेन्द्र चौधरी, प्रेम सुवाल, रुक्मिणी चौधरी, रोमी गौचन थकाली लगायत सांसदले गौचनको हत्या शान्ति सुरक्षाको दृष्टिले अत्यन्तै लज्जास्पद घटना भएको बताउनुभएको थियो। हत्यामा संलग्नलाई हदैसम्मको सजाय दिन माग उहाँहरूको थियो। राजधानीमै दिउँसै भएको हत्याले शान्ति सुरक्षाको कमजोर अवस्थालाई उजागर भएको सरकारसमक्ष असन्तुष्टि व्यक्त गर्नुभएको थियो।

यसैबीच नेपाल निर्माण व्यवसायी महासंघले अध्यक्ष गौचनको निधनमा बुधबार निर्माणका सबै काम बन्द गर्ने निर्णय गरेको छ। त्यस्तै महासंघले ३ दिनसम्म सचिवालयबाट हुने सम्पूर्ण काम बन्द गर्ने भएको छ। महासंघको कार्यालयमा बसेको आकस्मिक बैठकले सम्पूर्ण बोलपत्रका कार्यमा सहभागी नहुन र बहिस्कार गर्न गराउनका लागि सम्पूर्ण निर्माण व्यवसायीलाई अनुरोध गर्ने पनि निर्णय गरेको छ।

यस्तै महासंघका महासचिव देउजाले घटनाका दोषी पत्ता नलगाएसम्म आफूहरूले शव नबुझ्नेसमेत बताउनुभएको छ। भक्तपुरमा भएको एक कार्यक्रममा देउजाले अध्यक्ष गौचनको हत्यासँगै महासंघका अन्य पदाधिकारीलाई पनि अज्ञात नम्बरबाट धम्कीपूर्ण शैलीमा पैसा माग्दै टेलिफोन आइरहेको बताउनुभएको छ।

अध्यक्ष शरदकुमार गौचनमाथि सोमबार भएको गोली प्रहार गरिएकोमा नेपाल हेभी इक्विपमेन्ट व्यवसायी महासंघले पनि घोर भत्सर्ना गरेको छ।

### विरोध कार्यक्रम जारी राखिने

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनको हत्याको विरोधमा महासंघले आफ्नो विरोध कार्यक्रमलाई निरन्तरता दिने भएको छ। विरोधका कार्यक्रमअन्तर्गत बुधबार बिहान ९ देखि १० बजेसम्म माइतीघर मण्डलामा महासंघले धर्ना दिने भएको छ।

त्यस्तै महासंघले बुधबारै गृहमन्त्री जर्नादन शर्मालाई भेटी ज्ञापनपत्र बुझाउने भएको छ। गौचन हत्काण्डका बारेमा महासंघले बुधबार ४ बजे महासंघ मुख्यालय अनामनगरमा पत्रकार सम्मेलन गर्ने जनाएको छ। महासंघ कार्यालयमा भएको कार्यक्रममा महासंघका मानार्थ सदस्य तथा वनमन्त्री विक्रम पाण्डेले पनि हत्यारा पक्राउ गर्न सरकार सक्रिय रहेको बताउनुभयो। राजधानीका विभिन्न ठाउँबाट शंकास्पद व्यक्तिलाई पक्राउ गरी अनुसन्धानलाई तिव्र पारिएको मन्त्री पाण्डेले जानकारी दिनुभयो।

मंगलबार निर्माण व्यवसायीले काठमाडौंका प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्मालाई भेटी ज्ञापन पत्र बुझाएका छन्। ज्ञापन पत्रमा गौचन हत्यामा संलग्नलाई तत्काल पक्राउ गरी सार्वजनिक गर्न, गौचनलाई शहीद घोषणा गर्न, व्यवसायीलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिन माग गरिएको छ। जवाफमा प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्माले गौचनको हत्यामा संलग्नलाई पक्राउ गर्न प्रशासन गम्भीर भएर लागिरहेको बताउनुभयो।

## विकास खर्च ३ प्रतिशतमात्रै

काठमाडौं, (नेस)

चालू आर्थिक वर्षको पहिलो दुई महिनामा ३ प्रतिशत मात्र विकास खर्च भएको छ। चालू आर्थिक वर्षको बजेट कार्यान्वयन द्वैमासिक समीक्षा बैठकमा बोल्दै अर्थमन्त्री कार्कीले सो कुरा जानकारी जानकारी दिनुभएको हो।

कार्यक्रममा अर्थमन्त्री कार्कीले विकास खर्च बढाउन निर्देशन पनि दिनुभएको छ। उहाँले बजेट कार्यान्वयनमा सबै निकायलाई दृढताका साथ लाग्न निर्देशन दिनुभएको हो। सो अवसरमा अर्थसचिव डा. शान्तराज सुवेदीले बजेट कार्यान्वयन कार्यतालिका बमोजिम कार्य सम्पन्न गर्न सबैलाई सुझाव दिनुभयो।


हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड।

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC


**लजगा: बचत तथा ऋण सहकारी संस्था लि.**
छत्रपाटी, काठमाडौंको

**नवौं साधारण सभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०७४/०६/१० गते संचालक समितिको निर्णय बमोजिम देहायको मिति, समय र स्थानमा संस्थाको नवौं साधारण सभा बस्ने भएकोले सदस्यहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ। विस्तृत विवरण सहितको पुस्तिका सबै सदस्यको ठेगानामा पठाई सकेका छौं।

**सभा बस्ने मिति, समय र स्थान**
मिति : २०७४ साल कार्तिक ११ गते शनिवार
समय : दिउँसो ४ बजे
स्थान : छत्रपाटी पार्टी प्यालेस, काठमाडौं

**छलफलका विषयहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन।
२. आर्थिक बर्ष ०७४/०७५ को लागि कोषाध्यक्षको कार्य योजना प्रतिवेदन।
३. आर्थिक वर्ष ०७३/०७४ को लेखा समितिको प्रतिवेदन।
४. आर्थिक वर्ष ०७३/०७४ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण पारित गर्ने।
५. आर्थिक बर्ष ०७४/०७५ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।
६. सभाको निर्णय पुस्तिकामा दस्तखत गर्न संचालक समितिको तर्फबाट एक जना र सदस्यहरुको तर्फबाट एक जना प्रतिनिधि नियुक्त गर्ने।
७. विविध।
८. निर्वाचन (निर्वाचन सम्बन्धी जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ)

**साधारण शेयरमा हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

उपरोक्त सम्बन्धमा श्री मधुबन मान श्रेष्ठ (परिचय नं. १४११०) को नाममा रहेको प्रमाणपत्र नं. ४३८५, ४३८६ र ४३८९ को क्रमश: २०, २० र २० कित्ता गरी जम्मा ६० कित्ता प्रमाणपत्रहरु हराएको वा फेला नपरेको हुँदा सो को बदलामा अर्को शेयर प्रमाणपत्र जारी गरी पाउँ भनी निवेदन प्राप्त भएको हुँदा उक्त साधारण शेयरमा उल्लेखित निवेदक बाहेक अन्य कसैको हकदावी भए सो को सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र यस कम्पनीमा हकदावी गर्नुहुन अनुरोध गर्दछौं। अन्यथा उल्लेखित निवेदकको माग दावी बमोजिम नयाँ प्रमाणपत्र जारी भैजानेछ। म्यादभित्र तथा रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुनेछैन।

युनियन फाइनान्स लिमिटेड
UNION FINANCE LIMITED
"सि" एण्ड "डी" ब्लक, पहिलो तल्ला फोर स्क्वायर कम्प्लेक्स, नारायणचौर, नक्साल काठमाडौं
फोन:४४२७०९१,४४२९३३७,४४२४६५४,४४३५१३३ फयाक्स : ४४४५४४२

**नेपाल बङ्गलादेश बैंक लिमिटेड**
THE BANK FOR EVERYONE
शाखा कार्यालय, कालिमाटी, काठमाडौं
NEPAL BANGLADESH BANK

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

यस बैंकको बचत खातावाला श्री खेम प्रसाद पुडासैनीकी छोरी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १३, कालिमाटी निवासी **श्रीमती मन लामिछाने**को मिति २०७३/०४/०४ मा निधन भएकोले उहाँको नामको उल्लेखित खातामा रहेको सम्पूर्ण रकम उहाँको छोरा **श्री राजेश लामिछाने**ले भुक्तानी पाउँ भनी निवेदन दिनु भएको हुँदा उक्त बचत खातामा रहेको रकममा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले (३५) पैंतीस दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्न आउनुहोला। अन्यथा निवेदक श्री राजेश लामिछानेको माग बमोजिम खातामा भएको सम्पूर्ण रकम भुक्तानी भई जाने छ। पछि कुनै प्रकारको उजुरी लाग्ने छैन भनी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**बहुआयामिक कृषि बचत तथा ऋण सहकारी संस्था लि.**
**को ३५ दिने घितो लिलाम सम्बन्धी सूचना**
(पूर्व-प्रकाशित मिति २०७४/०३/०५ गते नेपाल समाचार पत्र) (दोस्रो पटक प्रकाशित मिति २०७४/०६/२५ गते नेपाल समाचार पत्र)

तपसिलमा उल्लेखित ऋणी रबिन्द्र लामा र निजको धनजमानीमा ऋणी हिरा कुमारी लामा र रोहित लामाले लिनुभएको ऋण कर्जाको समय अवधी गुज्रिसकेको र यस भन्दा अघि विभिन्न मितिमा कर्जा चुक्ता सम्बन्धी बारम्बार तारताकेता तथा मिति २०७३/१२/१६ मा कर्जा चुक्ता 'सम्बन्धी ३५ दिने सुचना प्रकाशन गर्दा समेत अटेर गरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नुभएको हुँदा यो ३५ दिने लिलाम सम्बन्धी सुचना प्रकाशित गरिएको छ। अत: यो सुचनाको ३६ औं दिनमा संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने छ। साथै सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०४८, सहकारी नियामावली २०४९ तथा संस्थाको विनियम अनुसार ऋणी तथा व्यक्तिगत धन जमानी कर्ताहरुको अन्य चल अचल सम्पत्तिबाट असुल उपर गरिने छ।

**तपसिल**

| ऋणीहरुको नाम, थर, वतन र तीन पुस्ते | फोटो | ऋणीहरुको धितोको बिवरण | धन जमानी कर्ताको विवरण |
|---|---|---|---|
| १. श्री रबिन्द्र लामा<br>स्थायी ठेगाना: जिल्ला: रौतहट<br>गा.वि.स: जुडिबेला, वडा नं.- ०९<br>पिता: दल बहादुर तामाङ<br>बाजे: शिंह लाल तामाङ<br>हाल नार्गाजुन न.पा. वडा नं.-५ |  | क) जग्गाको ठेगाना :<br>का.जि. सितापाइला वडा नं. ७<br>कि. नं. ६५ क्षे.फ. २९४/०५ ब.मि.<br>मध्ये आधा हिस्सा मात्र | क) नाम: हिरा कुमारी लामा<br>पिताको नाम: खड्ग बहादुर बम्जन<br>बाजेको नाम: भिम बहादुर तामाङ<br>ख) नाम: रोहित लामा<br>पिता: रविन्द्र लामा<br>बाजेको नाम: दल बहादुर तामाङ<br>साबिक का.जि. सीतापाइला वडा न..-९,<br>हाल नार्गाजुन न.पा. वडा नं.-५ |

**लिलामका शर्तहरू**
१) यो सूचना प्रकाशित भएको मिति देखि ३५ औं दिन दिनको १६:०० बजे सम्म पर्न आएको बोलपत्र मध्ये बढी कबोल गर्नेलाई लिलाम बिक्री गरिनेछ। ३६ औं दिनको बिहान ११:०० बजे वोलपत्र खोलिनेछ।
२) बोलपत्र फारम संस्थाको कार्यालय नागार्जुन न.पा.- ०४ सितापाइला सोल्टी दोबाटो काठमाण्डौंबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ।
३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगतै कार्यालय खुलेको दिनमा दिनको १४:०० बजे सम्म संस्थाको कार्यालय सितापाइलामा बोलपत्र खोलिने छ।
४) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ र आफुले कबुल गरेको रकमको कम्तीमा १०% ले हुन आउने धरौटी बापतको रकम यस संस्थाको नाममा जम्मा गरी सक्कल भौचर अथवा संस्थाको नाममा खिचिएको Good for Payment चेक बोलपत्र साथ संलग्न गर्नुपर्ने छ। धरौटी बापत जम्मा गरिएको रकमको ब्याज दिइने छैन।
५) सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने सम्पुर्ण शूल्क सम्पत्ति सकार गरी लिने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ।
६) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो को जानकारी भएको मितिले ७ (सात) दिन भित्र कबोल गरेको रकममा धरौटी राखेको रकम बाहेक बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखेको जमानत रकम संस्थाले जफत गरिनेछ।
७) लिलाम बिक्रि हुने भनिएको उल्लेखित सम्पत्ति कसैले सकार नगरेमा वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम संस्थालाई चित्त बुझ्दो नभएमा उक्त सम्पत्ति संस्थाले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
९) बोलपत्र खोलिने दिन तथा समयमा सरोकारवाला व्यक्तिहरु सबैलाई उपस्थित हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। निजहरु उपस्थित नभएमा पनि लिलाम कार्य रोकिने छैन।
१०) लिलाम बिक्री हुने सम्पत्ति विस्तृत जानकारीको लागि संस्थामा सम्पर्क गर्न सक्नु हुनेछ।

**बहुआयामिक कृषि वचत तथा ऋण सहकारी संस्था लि.**
नागार्जुन न.पा.- ०४, सितापाइला सोल्टी दोबाटो, काठमाडौं
सम्पर्क नं. ०१-४२७३८०७ Email: bahuaayamik@gmail.com

## SHARE MARKET

**10 OCTOBER TUESDAY, 2017**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 19003.00 | 438.00 | 423.00 | 427.00 | -4.00 |
| 2 | Api Power Company Ltd. | 904.00 | 565.00 | 550.00 | 551.00 | -9.00 |
| 3 | Arun Finance Limited | 1240.00 | 162.00 | 161.00 | 161.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1247.00 | 323.00 | 312.00 | 323.00 | 5.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 1578.00 | 218.00 | 211.00 | 211.00 | -7.00 |
| 6 | Asian Life Insurance Co. Limited | 514.00 | 1485.00 | 1461.00 | 1465.00 | -3.00 |
| 7 | Bank of Kathmandu Ltd. | 15622.00 | 429.00 | 420.00 | 425.00 | 0.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 40.00 | 210.00 | 206.00 | 210.00 | -4.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 538.00 | 260.00 | 245.00 | 258.00 | -7.00 |
| 10 | Bishal Bazar Company Limited | 550.00 | 2075.00 | 2034.00 | 2075.00 | -40.00 |
| 11 | Butwal Power Company Limited | 907.00 | 616.00 | 609.00 | 611.00 | -17.00 |
| 12 | Central Finance Co. Ltd. | 5590.00 | 183.00 | 176.00 | 180.00 | -2.00 |
| 13 | Century Commercial Bank Ltd. | 9421.00 | 225.00 | 218.00 | 221.00 | 0.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1175.00 | 1417.00 | 1388.00 | 1390.00 | 0.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 228.00 | 168.00 | 163.00 | 168.00 | 0.00 |
| 16 | Chilime Hydropower Company Limited | 11184.00 | 830.00 | 800.00 | 820.00 | 9.00 |
| 17 | Citizen Bank International Limited | 5999.00 | 300.00 | 292.00 | 295.00 | -1.00 |
| 18 | Citizen Investment Trust | 1101.00 | 3736.00 | 3625.00 | 3665.00 | 54.00 |
| 19 | Civil Bank Ltd | 8470.00 | 227.00 | 222.00 | 223.00 | -3.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 120.00 | 1269.00 | 1203.00 | 1203.00 | -42.00 |
| 21 | Deprosc Development Bank Limited | 950.00 | 1208.00 | 1190.00 | 1201.00 | 16.00 |
| 22 | Deva Bikas Bank Limited | 2071.00 | 249.00 | 245.00 | 249.00 | 2.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 807.00 | 159.00 | 154.00 | 159.00 | 3.00 |
| 24 | Everest Bank Limited | 10473.00 | 1205.00 | 1190.00 | 1199.00 | 3.00 |
| 25 | Everest Bank Limited Con. Pref. | 20.00 | 790.00 | 790.00 | 790.00 | 0.00 |
| 26 | Everest Insurance Co. Ltd. | 1395.00 | 2655.00 | 2630.00 | 2645.00 | 5.00 |
| 27 | Excel Development Bank Ltd. | 1300.00 | 441.00 | 440.00 | 441.00 | 2.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 516.00 | 828.00 | 809.00 | 828.00 | 4.00 |
| 29 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 625.00 | 3560.00 | 3503.00 | 3540.00 | -24.00 |
| 30 | Gandaki Bikas Bank Limited | 1238.00 | 359.00 | 350.00 | 353.00 | -2.00 |
| 31 | Garima Bikas Bank Limited | 3829.00 | 254.00 | 245.00 | 254.00 | 7.00 |
| 32 | Global IME Bank Limited | 8484.00 | 379.00 | 371.00 | 375.00 | 0.00 |
| 33 | Green Development Bank Ltd. | 195.00 | 543.00 | 533.00 | 540.00 | -14.00 |
| 34 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 664.00 | 251.00 | 250.00 | 251.00 | -4.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 1751.00 | 1030.00 | 1010.00 | 1015.00 | 4.00 |
| 36 | Gurkhas Finance Ltd. | 5079.00 | 191.00 | 185.00 | 191.00 | -1.00 |
| 37 | Hamro Bikas Bank Ltd. | 1266.00 | 195.00 | 192.00 | 195.00 | 0.00 |
| 38 | Himalayan Bank Limited | 625.00 | 860.00 | 850.00 | 860.00 | 5.00 |
| 39 | Himalayan Distillery Limited | 100.00 | 1323.00 | 1300.00 | 1300.00 | -50.00 |
| 40 | Himalayan General Insurance Co. Ltd | 690.00 | 715.00 | 696.00 | 705.00 | 1.00 |
| 41 | Himalayan Power Partner Ltd. | 6975.00 | 382.00 | 368.00 | 380.00 | 5.00 |
| 42 | ICFC Finance Limited | 14395.00 | 271.00 | 265.00 | 271.00 | 5.00 |
| 43 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 3665.00 | 180.00 | 176.00 | 178.00 | 0.00 |
| 44 | Janaki Finance Ltd. | 1103.00 | 275.00 | 265.00 | 275.00 | 10.00 |
| 45 | Janata Bank Nepal Ltd. | 34753.00 | 253.00 | 245.00 | 253.00 | 4.00 |
| 46 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 92.00 | 3650.00 | 3600.00 | 3650.00 | 50.00 |
| 47 | Jyoti Bikas Bank Limited | 5428.00 | 183.00 | 180.00 | 181.00 | 0.00 |
| 48 | Kailash Bikas Bank Ltd. | 3686.00 | 284.00 | 275.00 | 278.00 | -2.00 |
| 49 | Kalika Microcredit Dev. Bank Ltd. | 1445.00 | 1910.00 | 1895.00 | 1895.00 | -45.00 |
| 50 | Kamana Sewa Bikas Bank Limited | 5882.00 | 211.00 | 205.00 | 207.00 | 1.00 |
| 51 | Kanchan Development Bank Limited | 185.00 | 224.00 | 220.00 | 224.00 | 0.00 |
| 52 | Karnali Development Bank Limited | 187.00 | 270.00 | 265.00 | 265.00 | -10.00 |
| 53 | Khanikhola Hydropower Co. Ltd. | 226.00 | 165.00 | 160.00 | 165.00 | 0.00 |
| 54 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 510.00 | 2396.00 | 2348.00 | 2352.00 | -81.00 |
| 55 | Kuber Merchant Finance Limited | 60.00 | 182.00 | 180.00 | 182.00 | 1.00 |
| 56 | Kumari Bank Limited | 16284.00 | 298.00 | 293.00 | 295.00 | 1.00 |
| 57 | Laxmi Bank Limited | 17578.00 | 325.00 | 310.00 | 325.00 | 6.00 |
| 58 | Laxmi Equity Fund | 7000.00 | 10.10 | 9.91 | 10.10 | 0.10 |
| 59 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 898.00 | 1600.00 | 1550.00 | 1550.00 | -1.00 |
| 60 | Laxmi Value Fund-1 | 3500.00 | 11.35 | 11.22 | 11.35 | -0.09 |
| 61 | Life Insurance Co. Nepal | 147.00 | 2040.00 | 2030.00 | 2035.00 | -25.00 |
| 62 | Lumbini Bikas Bank Ltd. | 4627.00 | 209.00 | 202.00 | 209.00 | 4.00 |
| 63 | Lumbini General Insurance Co. Ltd. | 1950.00 | 893.00 | 885.00 | 885.00 | -10.00 |
| 64 | Machhapuchhre Bank Limited | 7077.00 | 322.00 | 312.00 | 315.00 | -3.00 |
| 65 | Mahalaxmi Bikas Bank Ltd. | 2470.00 | 224.00 | 219.00 | 220.00 | 1.00 |
| 66 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 301.00 | 1054.00 | 1050.00 | 1054.00 | 14.00 |
| 67 | Manjushree Finance Ltd. | 1318.00 | 147.00 | 145.00 | 145.00 | -3.00 |
| 68 | Mero Microfinance Bittiya Sanstha Ltd. | 348.00 | 1581.00 | 1566.00 | 1571.00 | -14.00 |
| 69 | Mirmire Microfinance Dev. Bank Ltd. | 178.00 | 2885.00 | 2775.00 | 2885.00 | 55.00 |
| 70 | Mission Development Bank Ltd. | 249.00 | 275.00 | 270.00 | 275.00 | -2.00 |
| 71 | Miteri Development Bank Limited | 967.00 | 535.00 | 515.00 | 535.00 | 10.00 |
| 72 | Muktinath Bikas Bank Ltd. | 4471.00 | 592.00 | 584.00 | 590.00 | 3.00 |
| 73 | Nabil Balance Fund 1 | 2098.00 | 17.80 | 17.80 | 17.80 | -0.20 |
| 74 | Nabil Bank Limited | 2185.00 | 1211.00 | 1190.00 | 1205.00 | 0.00 |
| 75 | NABIL Bank Limited Promotor Share | 2070.00 | 870.00 | 840.00 | 840.00 | -26.00 |
| 76 | Nabil Equity Fund | 1690.00 | 10.15 | 10.00 | 10.15 | 0.00 |
| 77 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 69.00 | 3624.00 | 3557.00 | 3600.00 | 47.00 |
| 78 | National Hydro Power Company Limited | 17050.00 | 130.00 | 126.00 | 129.00 | 0.00 |
| 79 | National Life Insurance Co. Ltd. | 706.00 | 1785.00 | 1775.00 | 1780.00 | -16.00 |
| 80 | National Microfinance Bittiya Sanstha Ltd. | 195.00 | 3250.00 | 3220.00 | 3220.00 | -35.00 |
| 81 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 362.00 | 2650.00 | 2600.00 | 2650.00 | 25.00 |
| 82 | NB Insurance Co. Ltd. | 160.00 | 1220.00 | 1176.00 | 1200.00 | 0.00 |
| 83 | Neco Insurance Co. Ltd. | 4593.00 | 918.00 | 890.00 | 892.00 | -3.00 |
| 84 | Nepal Bangladesh Bank Limited | 14652.00 | 325.00 | 318.00 | 321.00 | 0.00 |
| 85 | Nepal Bank Limited | 39134.00 | 345.00 | 340.00 | 341.00 | -3.00 |
| 86 | Nepal Community Dev. Bank Ltd. | 527.00 | 193.00 | 187.00 | 187.00 | -6.00 |
| 87 | Nepal Credit And Com. Bank Limited | 8087.00 | 350.00 | 341.00 | 343.00 | -2.00 |
| 88 | Nepal Doorsanchar Comapany Limited | 6740.00 | 735.00 | 721.00 | 735.00 | 10.00 |
| 89 | Nepal Grameen Bikas Bank Ltd. | 2387.00 | 680.00 | 655.00 | 671.00 | 3.00 |
| 90 | Nepal Insurance Co. Ltd. | 1754.00 | 1330.00 | 1320.00 | 1325.00 | 8.00 |
| 91 | Nepal Investment Bank Limited | 13716.00 | 623.00 | 611.00 | 620.00 | -3.00 |
| 92 | Nepal Investment Bank Ltd. Pro. Share | 6075.00 | 560.00 | 555.00 | 560.00 | 9.00 |
| 93 | Nepal Life Insurance Co. Ltd. | 5339.00 | 1970.00 | 1935.00 | 1970.00 | 20.00 |
| 94 | Nepal SBI Bank Limited | 6216.00 | 810.00 | 796.00 | 800.00 | -5.00 |
| 95 | Nerude Laghubita Bikas Bank Limited | 1365.00 | 1142.00 | 1120.00 | 1130.00 | 8.00 |
| 96 | Ngadi Group Power Ltd. | 322.00 | 234.00 | 223.00 | 227.00 | 0.00 |
| 97 | NIBL Pragati Fund | 5808.00 | 10.00 | 9.80 | 10.00 | 0.20 |
| 98 | NIBL Samriddhi Fund 1 | 10433.00 | 11.16 | 11.16 | 11.16 | -0.10 |
| 99 | NIC Asia Bank Ltd. | 12361.00 | 350.00 | 345.00 | 346.00 | -4.00 |
| 100 | Nirdhan Utthan Bank Limited | 1160.00 | 2365.00 | 2350.00 | 2350.00 | -6.00 |
| 101 | NLG Insurance Company Ltd. | 3000.00 | 1459.00 | 1431.00 | 1431.00 | -4.00 |
| 102 | NMB Microfinance Bittiya Sanstha Ltd. | 401.00 | 2645.00 | 2606.00 | 2625.00 | 10.00 |
| 103 | NMB Bank Limited | 3155.00 | 470.00 | 460.00 | 470.00 | 5.00 |
| 104 | NMB Hybrid Fund L-1 | 4744.00 | 10.15 | 10.00 | 10.10 | 0.10 |
| 105 | NMB Sulav Investment Fund-1 | 2000.00 | 12.00 | 12.00 | 12.00 | -0.04 |
| 106 | Om Development Bank Ltd. | 6853.00 | 295.00 | 290.00 | 292.00 | -4.00 |
| 107 | Oriental Hotels Limited | 3775.00 | 869.00 | 843.00 | 860.00 | 5.00 |
| 108 | Pokhara Finance Ltd. | 2077.00 | 226.00 | 221.00 | 221.00 | -1.00 |
| 109 | Prabhu Bank Limited | 10236.00 | 367.00 | 363.00 | 365.00 | 2.00 |
| 110 | Prabhu Insurance Ltd. | 2239.00 | 1120.00 | 1091.00 | 1101.00 | -8.00 |
| 111 | Premier Insurance Co. Ltd. | 4615.00 | 1571.00 | 1551.00 | 1557.00 | -13.00 |
| 112 | Prime Commercial Bank Ltd. | 13864.00 | 434.00 | 426.00 | 430.00 | 0.00 |
| 113 | Prime Life Insurance Company Limited | 711.00 | 1835.00 | 1801.00 | 1801.00 | -24.00 |
| 114 | Prudential Insurance Co. Ltd. | 2086.00 | 1410.00 | 1395.00 | 1395.00 | -15.00 |
| 115 | Purnima Bikas Bank Ltd. | 48.00 | 298.00 | 298.00 | 298.00 | 5.00 |
| 116 | Rastriya Beema Company Limited | 40.00 | 15005.00 | 15000.00 | 15000.00 | 0.00 |
| 117 | Rastriya Beema Co. Limited Pro. Share | 70.00 | 13900.00 | 13513.00 | 13900.00 | 0.00 |
| 118 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 50.00 | 1920.00 | 1920.00 | 1920.00 | -21.00 |
| 119 | Reliance Finance Ltd. | 886.00 | 206.00 | 202.00 | 203.00 | -3.00 |
| 120 | Ridi Hydropower Dev. Company Ltd. | 2615.00 | 160.00 | 152.00 | 160.00 | 4.00 |
| 121 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 383.00 | 1280.00 | 1260.00 | 1260.00 | -9.00 |
| 122 | Rural Microfinance Dev. Centre Ltd. | 2249.00 | 695.00 | 675.00 | 681.00 | -7.00 |
| 123 | Sagarmatha Insurance Co. Ltd. | 1698.00 | 1650.00 | 1630.00 | 1635.00 | -25.00 |
| 124 | Sana Kisan Bikas Bank Ltd | 1169.00 | 1549.00 | 1505.00 | 1535.00 | 15.00 |
| 125 | Sanima Bank Limited | 24353.00 | 333.00 | 327.00 | 330.00 | -1.00 |
| 126 | Sanima Mai Hydropower Ltd. | 803.00 | 530.00 | 520.00 | 522.00 | -7.00 |
| 127 | Saptakoshi Development Bank Ltd. | 181.00 | 184.00 | 182.00 | 184.00 | -1.00 |
| 128 | Shangrila Development Bank Ltd. | 6577.00 | 371.00 | 365.00 | 370.00 | -1.00 |
| 129 | Shikhar Insurance Co. Ltd. | 1794.00 | 1930.00 | 1900.00 | 1930.00 | 29.00 |
| 130 | Shine Resunga Development Bank Ltd. | 1835.00 | 415.00 | 405.00 | 405.00 | -1.00 |
| 131 | Shree Investment Finance Co. Ltd. | 27362.00 | 460.00 | 420.00 | 460.00 | 4.00 |
| 132 | Shrijana Finance (Bittaya Sanstha) | 680.00 | 550.00 | 535.00 | 535.00 | -20.00 |
| 133 | Siddhartha Bank Limited | 8025.00 | 406.00 | 398.00 | 406.00 | 3.00 |
| 134 | Siddhartha Bank Limited Pro. Share | 10708.00 | 211.00 | 211.00 | 211.00 | -4.00 |
| 135 | Siddhartha Equity Orineted Scheme | 22000.00 | 11.65 | 11.48 | 11.48 | -0.12 |
| 136 | Siddhartha Insurance Ltd. | 1674.00 | 1447.00 | 1371.00 | 1401.00 | 9.00 |
| 137 | Siddhartha Investment Gro. Scheme-1 | 10600.00 | 20.10 | 19.71 | 20.10 | -0.01 |
| 138 | Sindhu Bikash Bank Ltd | 645.00 | 184.00 | 179.00 | 184.00 | 3.00 |
| 139 | Soaltee Hotel Limited | 6700.00 | 360.00 | 353.00 | 353.00 | -3.00 |
| 140 | Standard Chartered Bank Limited | 5938.00 | 2110.00 | 2072.00 | 2091.00 | -9.00 |
| 141 | Summit Micro Finance Dev. Bank Ltd. | 100.00 | 1970.00 | 1970.00 | 1970.00 | 10.00 |
| 142 | Sunrise Bank Limited | 13748.00 | 321.00 | 313.00 | 320.00 | 5.00 |

Total Amount Rs. 307,068,319 Total Quantity 674,787 Total No of Transactions 3,551

बैठकमा सम्बन्धित अधिकारीलाई निर्देशन दिँदै सीईओ पोखरेलले भन्नुभयो-'सरकारले कार्यविधि नै स्वीकृत गरिसकेको छ, त्यसैले लाभग्राही सूचीमा परेकालाई सहज रूपमा निर्ब्याजी ऋण दिने व्यवस्था मिलाउनुहोस्, कुनै पनि बहानामा भूकम्पपीडितलाई अल्झाउने प्रयास नहोस्।'

# ३ लाख निर्ब्याजी दिन ताकेता

नेपाल समाचारपत्र

काठमाडौं

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पपीडितलाई दिने निर्ब्याजी ३ लाख रुपियाँलाई सहज रूपमा प्रदान गर्ने व्यवस्था मिलाउन सरोकारवाला निकायलाई निर्देशन दिएको छ।

मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले भूकम्पपीडितको घर निर्माणका लागि सामूहिक जमानीमा ऋण उपलब्ध गराउने कार्यविधि २०७४ लाई संशोधन गर्दै बन्दै गरेको घर धितो राखेर पनि निर्ब्याजी ऋण पाइने व्यवस्था लागू गरेपछि प्राधिकरणले मंगलबार सरोकारवाला निकायलाई बोलाएर कर्जा प्रवाहलाई सहज रूपमा प्रदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको हो।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) प्राडा गोविन्दराज पोखरेलले मंगलबार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, बैंकर्स एसोसिएसन र महालेखा नियन्त्रणको कार्यालयका प्रतिनिधिलाई बोलाएर मन्त्रिपरिषद्बाट सोमबार स्वीकृत कार्यविधि अनुसार निजी आवास पुनर्निर्माणका लागि भूकम्पपीडितलाई तत्कालै निर्ब्याजी ऋृण दिने कार्यमा सहजीकरण गर्न निर्देशन दिनुभयो।

बैठकमा सम्बन्धित अधिकारीलाई निर्देशन दिँदै सीईओ पोखरेलले भन्नुभयो-'सरकारले कार्यविधि नै स्वीकृत गरिसकेको छ, त्यसैले लाभग्राही सूचीमा परेकालाई सहज रूपमा निर्ब्याजी ऋृण दिने व्यवस्था मिलाउनुहोस्, कुनै पनि बहानामा भूकम्पपीडितलाई अल्झाउने प्रयास नहोस्।'

बैठकले भूकम्पपछि निजी आवास पुनर्निर्माणको कार्यअन्तर्गत आवास अनुदानको किस्ता वितरणमा संलग्न रहेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थालाई निर्ब्याजी ऋृण दिने प्रक्रियालाई उच्च प्राथमिकतामा राखी सहयोग गर्ने व्यवस्था मिलाउन बैंकर्स एसोसिएसनमार्फत् निर्देशन दिने निर्णय गरेको प्राधिकरणका प्रवक्ता यमलाल भूसालले जानकारी दिनुभयो।

बैठकले अनुदान वितरण कार्यमा संलग्न सबै बैंकलाई समेत निर्ब्याजी ऋृण तीव्रताका साथ अघि बढाउने निर्देशन दिन राष्ट्र बैंकलाई अनुरोध गरेको छ। बैठकमा सहभागी नेपाल बैकर्स एसोसिएसनका अध्यक्ष अनिलकेशरी शाहले सरकारको नीति अनुसार निर्ब्याजी ऋृण प्रवाह गर्न आफूहरूलाई कुनै अप्ठ्यारो नभएको भन्दै राष्ट्र बैंकसँग समन्वय गरेर कर्जा परिचालनका प्रभावकारी बनाउने बताउनुभयो।

प्राधिकरणले सम्पूर्ण कोष तथा लेखा नियन्त्रण कार्यालयलाई कर्जा प्रवाह कार्यलाई प्राथमिकतामा राखेर कार्य गर्ने निर्देशन दिन महालेखा नियन्त्रणको कार्यालालाई समेत पत्राचार गर्ने निर्णय गरेको छ।

प्रवक्ता भूसालका अनुसार बैठकले भूकम्प प्रभावित ३१ वटै जिल्लामा सम्पूर्ण गाउँपालिका एवम् नगरपालिकालाई दोस्रो र तेस्रो किस्ताको लागि आवेदन दिएका लाभग्राहीको निवेदन यथाशीघ्र इन्जिनियरबाट जाँच निरीक्षण गराई भूकम्प प्रतिरोधी ठहरिएका घरलाई तत्कालै भुक्तानीको प्रक्रिया अगाडि बढाउन आ-आफना जिल्ला आयोजना कार्यान्वयन इकाईमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवम् शहरी विकास मन्त्रालयका केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिएको छ।

## लाङटाङ क्षेत्रको पदमार्ग पुनर्निर्माण

काठमाडौं, (नेस)

भूकम्पबबाट क्षतिग्रस्त लाङटाङ क्षेत्रको पदमार्ग पुनर्निर्माण कार्य सम्पन्न भएको छ। ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान) ले मंगलबार राजधानीमा कार्यक्रमको आयोजना गरी उक्त कार्य सम्पन्न भएको जनाएको हो।

टानको सहकार्यमा जर्मन अल्पाइन क्लब (डीएभी) को १ लाख युरो आर्थिक सहयोग र टानको १० प्रतिशत १ करोड २७ लाख आन्तरिक स्रोतबाट लाङटाङ क्षेत्रको पदमार्ग मर्मत गर्ने, फराकिलो बनाउने र ट्रस ब्रिज निर्माण कार्य सम्पन्न गरेको टानका महासचिव कर्णबहादुर लामाले जानकारी दिनुभयो।

कार्य सम्पन्न गर्नका लागि टान, डीएभी र लाङटाङ व्यवस्थापन तथा पुनर्निर्माण समितिबीच त्रिपक्षीय सम्झौता भएको थियो।

टान, जर्मन अल्पाइन क्लब (डीएभी) लगायत स्थानीय पुनर्निर्माण संस्थाको सहकार्यमा ९ महिना लगाएर उक्त कार्य सम्पन्न भएको हो। यो कार्य डिसेम्बर २०१६ बाट शुरु भई सेप्टेम्बर २०१७ मा सम्पन्न भएको टानले जनाएको छ।

टानले सबैभन्दा लामो भाग शेर्पागाउँदेखि घोडातबेलासम्मको भागमा पदमार्ग मर्मत, चौडा गर्ने, सिँढी निर्माण गर्ने तथा हिम पहिरोमा ग्याविन राख्नुका साथै स्ल्याब राख्ने कार्य गरेको जनाएको छ।

पहिरो गएको स्थानमा पहिरो सफा गरी पदमार्ग खोल्ने कार्य गर्दै हिम पहिरो तथा बाढीको प्रभाव कम गर्ने उपायहरू समेत अपनाएको टानले जनाएको छ ।

पहिरोले दीर्घकालीन जोखिम सिर्जना गरेको छुनाम र घोडातबेला बीचको भागमा डाईभर्सन गरी पदमार्ग तयार गर्न समुन्द्री सतहदेखि २ हजार ८ सय ५४ मिटरको उचाईमा रहेको छुनाममा ३२ मिटर लामो ट्रेल ट्रस ब्रिज निर्माण गरी पर्यटकलाई सहज पारेको छ।

जसले गर्दा यस क्षेत्रमा पदमार्ग मर्मत सम्भार गरी सहज पारिएपछि आन्तरिक तथा बाहय पर्यटकको वृद्धि भएको टानले दाबी गरेको छ।

## मारुती सिमेन्ट '१२ मा ६ खजाना' का विजेता घोषित

काठमाडौं, (नेस)

मारुती सिमेन्टले '१२ मा ६ खजानौ' योजनाका विजेता घोषणा गरेको छ। योजनाको पहिलो महिनाको विजेताका रूपमा लक्की ड्रबाट छनोट गरिएका मध्ये २ जनाले बजाजको एभेन्जर बाइक, १० जनाले थाइल्यान्डको भ्रमण र




७५ जनाले सामसुङ ग्यालेक्सी जे फाइभ मोबाइल जितेको कम्पनीले जनाएको छ।

योजनामा ग्राहकले प्रत्येक १२ बोराको खरिदमा एउटा स्क्रयाच कुपन प्राप्त गर्ने कम्पनीले जनाएको छ। त्यसमा स्योरसटमार्फत प्रत्येक बोरामा कम्तीमा २० देखि ५० रुपियाँसम्म छुट पाउने बताएको छ। अर्को स्क्रयाचमा भएको युनिकोडलाई एसएमएस गरी दैनिक १ सामसुङ ग्यालेक्सी जे फाइभ मोबाइल, साप्ताहिक थाइल्यान्ड भ्रमण, हरेक महिना बजाज एभेन्जर बाइक अनि बम्परमा १५ तोला सुन र मेगा बम्परमा एउटा रेनल्ट कार जित्ने मौका प्राप्त गर्ने कम्पनीको दाबी छ।

एकपटक किनेको कुपनबाट ६ पटकसम्म उपहार विजेता बन्न सक्ने सम्भावना भएकाले यो योजना छोटो अवधिमै निक्कै सफल भएको कम्पनीका ब्रान्ड म्यानेजर राजु श्रेष्ठको दाबी छ।

## इकरात इन्जिनियरिङ्ले मनायो स्थापनाको २५ वर्ष

काठमाडौं, (नेस)

नेपालमा विदेशी लगानी एवं प्रविधि भित्र्याउन सफल इकरात इन्जिनियरिङ कम्पनीले आफ्नो स्थापना कालको २५औं वार्षिक उत्सव मनाएको छ।

कम्पनीले रजत जयन्ती समारोहको अवसरमा सामाजिक उत्तरदायित्वअन्तर्गत ग्रामीण विद्युतीकरण सामुदायिक संस्थालाई २५ केभीए क्षमताको विद्युतीय ट्रान्सफरमर एक थान नि:शुल्क उपहार स्वरूप प्रदान गरेको छ। यसका साथै कम्पनीले पुल्चोक इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकका इलेक्ट्रिकल इन्जिनियरिङ समूहअन्तर्गत अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई खोज तथा अनुसन्धानमा कार्यमा विद्युतीय ट्रान्सफरमर विषयको पाठ्यसामग्री पाठ्यक्रममा समावेश गराई सो सम्बन्धी अध्ययनरत ४ जना विद्यार्थीहरूको समूहलाई छात्रवृत्ति प्रदान गर्न त्रिभुवन विश्वविद्यालयअन्तर्गत पुल्चोक इन्जिनियरिङ अध्ययन संस्थानसँग एक सम्झौता पत्रमा हस्ताक्षर गरेको छ।




कम्पनीले हाल ५ हजार केभीए क्षमतासम्मका विद्युतीय ट्रान्सफरमरहरू उत्पादन गरी आन्तरिक तथा विदेशी बजारमा विक्री वितरण गरिरहेको छ। कम्पनीले हाल केभीएदेखि ५ हजार केभीए क्षमतासम्मका विद्युतीय ट्रान्सफरमरहरू उत्पादन गरी विक्री-वितरण गर्दै आएकामा यसै आर्थिक वर्षदेखि पुँजी तथा क्षमतामा वृद्धिगरी हजार केभीए विद्युतीय ट्रान्सफरमर उत्पादनका लागि पनि काम गरिरहेको जनाएको छ।




## आईएमई र वाइज म्यानको इण्डो-नेपाल रेमिटेन्स सेवा शुरु

काठमाडौं, (नेस)

आईएमई र वाइज म्यान इम्पेक्स सर्भिस इन्टरप्राइजेजले संयुक्त रूपमा इण्डो-नेपाल रेमिटेन्स सेवा शुरु गरेका छन्। सम्झौता अनुसार भारतमा रहेका हरेक नेपाली नागरिकले वाइज म्यानका दुई सय शाखासहित १४ हजारभन्दा बढी एजेन्ट पार्टनरमार्फत् नेपालमा पैसा पठाउन सकिनेछ। यसरी पठाइएको रकम नेपालस्थित आईएमईका जुनसुकै एजेन्ट आउटलेटबाट भुक्तानी लिन सकिनेछ।

दुईबीचको रेमिट्यान्स सेवाका लागि नेपालस्थित ग्लोबल आइएमई बैंक र भारतस्थित आरबीएल बैंकले सहजीकरण गर्नेछन्। सेवा शुभारम्भको अवसरमा मन्तब्य दिँदै आईएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले आईएमई र वाइज म्यानको सहकार्यपछि भारतमा रहेका लाखौं नेपालीलाई सहजै नेपाल पैसा पठाउने ढोका खुल्ला भएको बताउनुभयो।

भारतमा आयोजित सम्झौता कार्यक्रमलाई सम्बोधन गर्दै वाइजम्यानका ब्यापार प्रवर्द्धन प्रमुख सन्दिप शर्माले वाइजम्यानले विश्वमा छरिएर रहेका २ करोड ५० लाख नागरिकहरूले पठाएको रकम भारतमा सहज तरिकाले वितरण गर्दै आईरहेको र आईएमईसँगको सम्झौतापछि भारतमा रहेका करिब ५० लाख नेपालीले आर्जन गरेको धन नेपालमा रहेका तिनका आफन्तलाई भुक्तान गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो।

## दिगो विकास योजनालाई यती एयरलान्सको साथ

नेपाल समाचारपत्र

काठमाडौं




यती एअरलाइन्सले भखरैं भित्र्याएका एटीआरमा दिगो विकास योजना (एसडीजी) ब्रान्डिङ गरेको छ। यससँगै एसडीजी ग्लोबल गोल्सले नेपालमा नयाँ उचाई पाउन थालेको कम्पनीले जनाएको छ।

नेपालमा रहेको संयुक्त राष्ट्रसंघ र यती एयरलाइन्सको सहकार्यमा एसडीजी ब्रान्डेड रोलआउट आज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सार्वजनिक गरिएको हो। एसडीजी ब्रान्डेड रोलआउट सार्वजनिक गर्न आयोजित कार्यक्रममा यती एअरलाइन्स प्रमुख कार्यकारी अधिकृत उमेशचन्द्र राई र युएनका युएनडीपी कन्ट्री डाइरेक्टर रेनोउड मेयरको उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्दै मेयरले नेपालमा संयुक्त राष्ट्रसंघले घरेलु व्यवसायलाई कसरी अझ जिम्मेवार र एसडीजी मैत्री बनाउन सक्छौं भनी विभिन्न कोणबाट अध्ययन गरिरहेका जानकारी दिनुभयो। उहाँले भन्नुभयो-'यतीको साथमा हामी चाँडै नै सन् २०३० सम्ममा नेपाललाई ग्लोबल गोल्स प्राप्त गर्न सहयोग पुग्ने थप नयाँ संयुक्त प्रयास लागू हुनेमा आशावादी छौं।'

एटीआर ७२-५०० विमानमा गरिएको यूएन एसडीजीको ब्रान्डिङ्ले यती एअरलाइन्स नेपालको विकासका लागि हरदम प्रयासरत रहेको र आफ्नो प्रयास हरसम्भव तरिकाले जारी राख्ने प्रतिबद्धता प्रतिबिम्बित गरेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत उमेश चन्द्र राईले भन्नुभयो।

## गरिमा विकास बैंकको शाखा न्युरोडमा

काठमाडौं, (नेस)

गरिमा विकास बैंकले काठमाडौंको न्युरोडमा शाखा विस्तार गरेको छ। सोमबार एक कार्यक्रबीच बैंकले आफ्नो ४८औं शाखा सञ्चालनमा ल्याएको हो। बैंकको विस्तारित शाखाको उद्घाटन नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठले गनुभएको हो। बैंकका अध्यक्ष चन्द्रकान्त बराल तथा प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालको उपस्थितिमा श्रेष्ठले नयाँ शाखा उद्घाटन गर्नुभएको हो।

बिस्तारित शाखाबाट सबै किसिमका बैंकिङ सुविधा पाउने बैंकले जनाएको छ। बैंकले राजधानीमा ५ शाखासहित देशभर ४८ शाखा तथा १२ एटीएम बुथबाट वित्तीय सेवा प्रदान गर्दै आएको छ। चालू आर्थिक वर्षको असोज २२ गतेसम्ममा बैंकले १५ अर्ब ३० करोड रुपियाँ निक्षेप संकलन गरी १३ अर्ब ९० करोड रुपियाँ कर्जा प्रवाह गरेको छ।



नेपाल समाचारपत्र जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# ललितपुर लन टेनिस शुरु

नेपाल समाचारपत्र

काठमाडौं

ललितपुर जिल्ला लन टेनिस संघको आयोजनामा मंगलबारदेखि दोस्रो ललितपुर जिल्ला राष्ट्रिय खुला लन टेनिस प्रतियोगिता २०१७ शुरु भएको छ।

प्रतियोगिताको पहिलो चरणमा पुरुष सिंगल्सका १२ र महिला सिंगल्सका ६ खेल सम्पन्न भएका हुन्। ललितपुरको सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा भएको पुरुष सिंगल्सतर्फको खेलमा जयजिभ हाडाले सक्षमविक्रम शाहलाई ६-०, ६-३ को सोझो सेटमा पराजित गरे। रोशन केसीले श्रीयोग अधिकारीलाई ६-०, ६-० तथा महेश श्रेष्ठले जीवन घिमिरेलाई ६-०, ६-२ ले हराएका थिए।



अखिल नेपाल लन टेनिस संघकी अध्यक्ष ज्योति राणा र ललितपुर जिल्ला लन टेनिस संघका अध्यक्ष दीपक कार्कीले प्रतियोगिताका संयोजक कृष्णराज घलेलाई बल हस्तान्तरण गर्दै । तस्वीरः उजोल डंगोल/काठमाडौं

यसै गरी सुव्रत बस्नेत र मुक्तिसेन गुरुङ, सीमान्त गुरुङ, अभिनव आचार्य, मानबहादुर कटुवाल वाकओभरको आधारमा विजयी हुँदा विजय श्रेष्ठले निसान श्रेष्ठलाई ६-१, ६-० ले तथा प्रणव खनालले गोपाल दास मानन्धरलाई ६-०, ६-१ ले पन्छाए। यस्तै गौरव प्रताप शाहीले इभ्यक जोशीलाई ६-०, ६-० को सोझो सेटमा हराउँदा श्रीराम मगरले पनि रोहित सुनुवारलाई ६-१, ६-२ ले पराजित गर्दै दोस्रो चरणमा स्थान पक्का गरेका छन्।

प्रतियोगिताको महिला सिंगल्सअन्तर्गत खेलमा शुभांगीलक्ष्मी शाहले आयशा डोल्कर गुरुङलाई ६-२, ७-५ ले पराजित गर्दा गंगा शर्माले स्नेहा यादवलाई ६-० ६-१ ले तथा भगवती बीकेले रायना शाहलाई ६-१, ६-४ ले पाखा लगाइन्। यस्तै सलोनी तामाङले इशाश्री शाहलाई ७-६, ६-० ले हराउँदा बिजिशा श्रेष्ठले प्रकृति श्रेष्ठलाई ६-०, ६-२ ले तथा प्रेरणा कोइरालाले अभिलाषा विष्टलाई ७-५, ६-३ ले पराजित गरिन्।

# नेपाल पराजित

काठमाडौं, (नेस)

एएफसी एसियन कपअन्तर्गतको छनोट चरणको खेलमा नेपाल ताजकिस्तानसँग पराजित भएको छ।

घरेलु टोली ताजकिस्तानले प्राप्त गरेको तीनवटै पेनाल्टीमा गोल गरेपछि नेपाल ३-० गोल अन्तरले पराजित भएको हो। पहिलो हाफमा डी-एरियाभित्र अनन्तको ह्यान्डबलका कारण प्राप्त पेनाल्टीमा गोल गरेको ताजकिस्तानले दोस्रो हाफमा अनन्तकै फलमा अर्को पेनाल्टी पाएको थियो।

दोस्रो हाफमा आदित्यले फल गरेपछि ताजकिस्तानले तेस्रो पेनाल्टी प्राप्त गरेको थियो। ताजकिस्तानले खेलको २०औं मिनेटमा कप्तान ड्याभरोनोभको पेनाल्टी गोलमार्फत शुरुआती अग्रता लिएको थियो। अनन्तले क्रसलाई विफल पार्ने क्रममा ह्यान्ड गरेपछि ताजकिस्तानलाई विवादास्पद पेनाल्टी दिइएको थियो।

यस्तै ६०औं मिनेटमा अनन्तले फल गरेपछि ताजकिस्तानले दोस्रो पेनाल्टी पाएको थियो, जसमा उमर बोएभले गोल गर्दै घरेलु टोलीको अग्रता दोब्बर पारेका थिए। गोल फर्काउन संघर्षरत नेपाली टोलीले खेलको ८७औं मिनेटमा तेस्रो गोल बेहोर्‍यो। यसपटक भने आदित्यले फल गरेपछि पाएको पेनाल्टीलाई जालिलोभले गोलमा परिणत गरेका थिए।

# दस खेलाडीलाई तालिमको अवसर

काठमाडौं, (नेस)। अन्तर्राष्ट्रिय कुङ्फु महासंघले नेपाल उमा कुङ्फु संघका १० खेलाडीलाई चीनमा खाना, बस्नसहित एक महिनाको तालिमको अवसर दिने भएको छ।

अमेरिकाको न्युयोर्कस्थित क्विन्स कलेजमा भएको यूएस ओपन मार्सल आर्ट्स च्याम्पियनसिप तथा सातौं कुङ्फु कल्चरल एक्सचेन्ज कन्फेरेन्स क्रममा महासंघका अध्यक्ष फु बियाओले तालिमका लागि प्रतिबद्धता जनाएका हुन्। संघका सचिव सिद्धार्थ लामाले खेलाडीलाई बेइजिङको साउलिन मार्सल आर्ट स्कुलमा तालिमको प्रबन्ध मिलाइने जानकारी गराए। खेलाडीलाई हरेक वर्ष तालिमको प्रबन्ध मिलाइने बताइएको छ।

## धरहरा

### सुरक्षाको चासो



निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनको हत्यापछि देशभर सुरक्षाका बारेमा विभिन्न कोणबाट टीकाटिप्पणी हुन थालेको छ। नहोस् पनि किन राजधानीजस्तो ठाउँमा दिन दहाडै गोली ठोकेर हत्या गरियो।

ठेकेदारहरू लगलग काप्न थाले। उनीहरूले शान्तिसुरक्षाको माग गर्दै प्रहरी प्रमुखदेखि गृहमन्त्रीसम्मलाई शान्तिसुरक्षा उपलब्ध गराइदिन आग्रह गरिरहेको खबर धरहराले सुन्दै आएको हो। प्रहरी प्रधान कार्यालयले पनि अनुसन्धान गर्न भन्दै मंगलबार एउटा समिति बनाएको घोषणा गर्‍यो। प्रधान कार्यालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा एक जना डीआईजीको अध्यक्षतामा अनुसन्धान टोली गठन गरिएको उल्लेख छ। ती डीआईजी को हुन् भनेर प्रधान कार्यालयले खुलाउन चाहेन। कारण के रहेछ भनेर धरहराले बुझ्दै गएको कारण त अर्कै पो रहेछ।

पाठकवृन्द! कारण सुन्नुभयो भने तपाईं पेट मिचिमिची हास्नुहुन्छ। दिन दहाडै हत्यामा संलग्न अपराधीहरूले प्रहरीलाई फोन गरेर हत्या आफूले गरेको जानकारी गराएपछि अनुसन्धान गर्ने डीआईजीको नाम सार्वजनिक गर्‍यो भने धम्की दिने डरले पो नाम गोप्य राखेको रहेछ। योभन्दा लज्जाको विषय के होला त खै ?







कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ